सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ वैशाख २०८३, शनिबार (9 May 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

‘सर्वोच्चमा परम्परा तोडियो, सिन्डिकेट भत्कियो’



प्रधानन्यायाधीशमा प्रस्तावित शर्माको संसदीय सुनुवाइ प्रक्रिया सुरु



शर्माविरुद्ध उजुरी दिन १० दिनको समय

सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा प्रस्तावित न्यायाधीश डा. मनोजकुमार शर्माको संसदीय सुनुवाइ प्रक्रिया सुरु भएको छ। शुक्रबार बसेको संसदीय सुनुवाइ समितिको बैठकले उनीविरुद्ध उजुरी आह्वान गरेको छ। यसका लागि १० दिनको समय छुट्याइएको छ।

सुनुवाइ समितिका सभापति बोधनारायण श्रेष्ठका अनुसार शर्माको कार्यकुशलता, कार्यदक्षता, कार्यसम्पादन, आचरणसँग जोडिएका विषयमा ४ जेठसम्म उजुरी दिन सकिनेछ। समितिले आफ्नो कार्यविधिमा सुनुवाइका लागि सिफारिस व्यक्तिउपर जिल्ला प्रशासन कार्यालयमार्फत पनि उजुरी दिन सकिने प्रावधान राखेको छ।

कार्यविधिअनुसार शर्माविरुद्ध ७७ वटै जिल्ला प्रशासन कार्यालयमार्फत पनि उजुरी पठाउन सकिने सभापति श्रेष्ठले बताए। ‘सिडिओ कार्यालयलाई उजुरी संकलन केन्द्रको रूपमा तोकेका छौं,’ उनले भने।

सिंहदरबारस्थित समितिको सचिवालयमा सिधै पनि उजुरी दिन सकिनेछ। त्यस्तै, विद्युतीय माध्यमबाट र खामबन्दी गरेर पनि सिंहदरबारमा उजुरी पठाउन सकिनेछ। नाम खुलाएर वा बेनामे उजुरी पनि दिन सकिने सभापति श्रेष्ठले बताए।



● बाबुराम दाहाल
वरिष्ठ अधिवक्ता

न्यायपालिकामा ०९३ सालसम्म को-को प्रधानन्यायाधीश हुने भन्ने कुरा पहिले नै सेट गरिएको थियो। जन्ममिति र सेवा अवधिको हिसाब गरेर न्यायाधीश नियुक्त गरिन्थ्यो। नियुक्त हुने वेलामै प्रधानन्यायाधीश हुने सुनिश्चित भएपछि त्यहाँ सुधारको गुन्जायस हुँदैनथ्यो, प्रधानन्यायाधीशको लाइनमा नभएका असल न्यायाधीशमाथि पनि अन्याय भएको थियो, अब त्यस्तो हुँदैन।

नयाँ पत्रिका

सर्वोच्च अदालतमा कार्यसम्पादनका आधारमा प्रधानन्यायाधीश सिफारिसको परम्परा सुरु भएपछि न्यायपालिका तरंगित बनेको छ। वरीयता मिचेको भन्दै कतिपयले चिन्ता व्यक्त गरेका छन्। सँगसँगै अदालतमा ‘दलीय सिन्डिकेट’ भत्किएको भनेर यो निर्णयको प्रशंसा पनि हुन थालेको छ।

बिहीबार संवैधानिक परिषद्ले वरीयतामा चौथो नम्बरमा रहेका डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेपछि वरीयता हेर्ने कि कार्यसम्पादन भनेर बहस भइरहेको छ। कार्यसम्पादनका आधारमा नभई निकटस्थलाई सुरुमै वरीयतामा अघि राखेर नियुक्त गरी वर्षौंसम्म प्रधानन्यायाधीश ‘सेटिङ’ हुने गरेकामा यसपटकको सिफारिसले त्यसलाई भत्काएको केही कानुन व्यवसायीको टिप्पणी छ। यद्यपि, यो निर्णयको सकारात्मक र नकारात्मक पक्षबारे कानुन व्यवसायीहरू पनि विभाजित बनेका छन्।

संवैधानिक परिषद्को सिफारिसले वरीयताका आधारमा नभई कार्यसम्पादनका आधारमा संविधानले तोकेको योग्यताअनुसारका जोसुकै न्यायाधीश पनि प्रधानन्यायाधीश हुने परम्पराको सुरुवात भएको कानुन व्यवसायीहरूको तर्क छ। परिषद्का अध्यक्षसमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहले पनि वरीयता नभई कार्यसम्पादन हेरेर शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरिएको बताएका छन्।

वरिष्ठ अधिवक्ता बाबुराम दाहालले संवैधानिक परिषद्को निर्णयले न्यायपालिकामा सकारात्मक प्रभाव देखिने बताए। ‘न्यायपालिकामा ०९३ सालसम्म को-को प्रधानन्यायाधीश हुने भन्ने कुरा पहिले नै सेट गरिएको थियो। जन्ममिति

» पृष्ठ २ मा क्रमशः

प्रधानन्यायाधीश सिफारिसप्रति नेपाल बारको असन्तुष्टि

कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसनले सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने संवैधानिक परिषद्को निर्णयमा असन्तुष्टि जनाएको छ। बारले शुक्रबार विज्ञप्ति जारी गर्दै सरकारले ल्याएका अध्यादेश तथा प्रधानन्यायाधीशको सिफारिसप्रति असहमति प्रकट गरेको हो।

‘विश्वव्यापी प्रचलित शक्ति पृथकीकरणको सर्वमान्य सिद्धान्तलाई समेत ख्याल नगरी सरकारले संवैधानिक परिषद्मार्फत समग्र न्यायपालिकामा लामो समयसम्म असर पार्ने गरी न्यायपालिकालाई कार्यपालिकाको छायामा पार्ने मनसायका साथ परम्परालाई लत्याई गरिएको सिफारिस अनपेक्षित रहेको छ,’ विज्ञप्तिमा उल्लेख छ।

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एक वर्ष पालो कुरेपछि बल्ल अप्रेसन

सरकारी अस्पतालमा अप्रेसन गर्न त्यसै पनि महिनौं पालो कुर्नुपर्थ्यो, आइतबार पनि बिदा थपिएपछि झन् धकेलिएको छ, टिचिङमा १३ महिना तथा वीर र पाटनमा नौ महिनासम्म कुरेपछि मात्रै अप्रेसनको पालो

● डा. दिलीप शर्मा, निर्देशक, वीर अस्पताल



आइतबार पनि बिदा हुने भएपछि त्यो दिनको करिब ५० अप्रेसन अर्को दिनलाई सर्ने गरेको छ। दैनिक ४०-५० शल्यक्रिया हुन्छन्, कहिलेकाहीं एकै दिन ८०-९० बिरामी शल्यक्रिया गर्नुपर्ने अवस्थाका आउँछन्, तर उनीहरूको अवस्था हेरेर शल्यक्रिया गरिन्छ, कुर्दा समस्या नहुनेलाई पालो परेको दिन बताइदिन्छौं। जेनतेन शल्यक्रियाको पालो तीन महिनापछि आउने गराएका थियौं, अब फेरि निकै पर धकेलियो।

शिवहरि घिमिरे / नयाँ पत्रिका

पोखराका रमेश कार्की सोमबार छटपटाउँदै वीर अस्पताल पुगे। उनको दुखाइको कारण रहेछ पित्तथैलीमा ११ एमएमको पत्थरी। डाक्टरले अप्रेसन गर्नुपर्ने निर्णय सुनाइदिए, तर मिति तोकिदिए आगामी १५ माघ अर्थात् नौ महिनापछि। दुखाइबाट मुक्ति खोज्न अस्पताल आएका उनी डाक्टरले अप्रेसनका लागि तोकिदिएको मिति सुनेर निराश हुँदै फर्किए।

अस्पतालको गेटमा भेटिएका उनले भने, ‘ज्वरो र दुखाइ बढेपछि अस्पताल आएको, जाँच्दा पत्थरी देखियो। तर, अप्रेसनको पालो माघमा पुऱ्याइदिए। त्यतिवेलासम्म कसरी कुर्नु ? निजी अस्पतालतिर जाऊँ भने धेरै खर्च हुन्छ, आर्थिक क्षमता छैन, यहाँ नौ महिना कुर्नुपर्ने भयो।’

धादिङ गजुरीकी सीता थापाको ढाडमा नसा च्यापिएको छ। यो समस्याको अन्तिम समाधान अप्रेसन नै भएको चिकित्सकले नै बताइसकेका छन्। चार दिनदेखि वीरमा उपचार गराइरहेकी उनलाई मंगलबार अस्पतालले अप्रेसनको ‘डेट’ तोकिदियो, १९ माघ। नौ महिनापछि अप्रेसनको पालो दिएपछि सीताले नामै टिपाएकी छैनन्।

‘समस्या अहिले छ, अप्रेसनको पालो नौ महिनापछि आउँछ भन्छ। त्यति धेरै समय रोग पालेर कसरी बस्नू ? आर्थिक रूपमा राहत होला भनेर वीरमा आएको, अब घरसल्लाह गरेर ऋणधन जुटाएर भए पनि अरू अस्पतालतिरै अप्रेसन गर्नुपर्लाजस्तो छ,’ उनले भनिन्। सीताले हाल वीरमा नियमित

» पृष्ठ २ मा क्रमशः



● टिचिङ अस्पतालमा ०८४ असारसम्म अर्थात् १३ महिनासम्म पाँच हजार पाँच सय बिरामी अप्रेसनको पालोमा छन्। अब आउने नयाँ बिरामीले त्यसपछि मात्रै पालो पाउँछन्।

● वीरमा क्यान्सरका बिरामीको अप्रेसन दुई साता, न्युरोका बिरामीको तीन महिना, डेन्टलका बिरामीको चार महिना, पत्थरीका बिरामीको नौ महिना, प्रोस्टेटका बिरामीको आठ महिनासम्म अप्रेसन पालो तोकिएको छ। त्यस्तै, एमआरआई र सिटिस्क्यानका लागि १५ दिनभन्दा बढी पालो कुर्नुपरेको बिरामीहरू बताउँछन्।

● पाटनमा युरोलोजी, न्युरो, दन्त, मुटु, नाक-कान-घाँटीलगायतको अप्रेसनका लागि २० माघसम्म ९२० बिरामी पालो कुरिरहेका छन्। माइनर तथा जोखिम नहुने किसिमका कतिपय शल्यक्रियाको पालो पर सारिएको अस्पतालको भनाइ छ।

● सिभिल र ट्रमा सेन्टरमा पनि अप्रेसनका लागि तीन महिना पालो कुर्नुपर्छ। सिभिलमा अहिले ७५० भन्दा धेरै बिरामी पालो कुरिरहेका छन्। ट्रमाले हाडजोर्नी र चोटपटकसँग सम्बन्धित बिरामीलाई अवस्था हेरेर पालोमा राख्ने व्यवस्था मिलाएको जनाएको छ।

● निवर्तमान स्वास्थ्यमन्त्री डा. सुधा शर्मा भन्छिन्-

निजीमा बिरामी जाऊन् भनेर पनि धेरै पछिको पालो दिएको हुन सक्छ



निवर्तमान स्वास्थ्यमन्त्री डा. सुधा शर्माले कतिपय अस्पतालले बिरामीलाई जानजान धेरै पछिको पालो दिने गरेको भन्दै यसमा मन्त्रालयले ध्यान दिनुपर्ने बताइन्। ‘अस्पतालले दैनिक कति शल्यक्रिया गर्छ, दिनमा वा सिफ्टवाइज शल्यक्रिया कति छ त्यो हेर्नुपर्छ, यदि त्यहाँ भएको टिम धेरै छ, तर शल्यक्रियाको पालो पछि-पछि दिएको छ भने त्यो त राम्रो हुँदै भएन,’ उनले भनिन्, ‘धेरै समयपछिको पालो दिएपछि बिरामी निजीमा जान बाध्य हुन्छन्। कतिपय अस्पतालले निजीमै बिरामी जाऊन् भनेर पनि धेरै पछिको पालो दिएका हुन सक्छन्, यसबारे वास्तविकता पत्ता लगाउन शल्यक्रियाको क्षमता, जनशक्ति र संख्या हेर्नुपर्छ।’

■ प्रदर्शनमा सुकुमवासी



काठमाडौंका नदीकिनार तथा अतिक्रमित स्थानबाट हटाइएका सुकुमवासी प्रदर्शनमा उत्रिएका छन्। शुक्रबार थाल ठटाउँदै माइतीघरमा धर्ना बसेका उनीहरूले स्थायी बसोबासको व्यवस्था गर्नुपर्ने, डोजर चलाउन रोक्नुपर्ने, मानव अधिकारको सम्मान गर्नुपर्नेलगायत माग गरेका छन्। (विस्तृत समाचार पृष्ठ २)

तस्बिर : संजित परियार / नयाँ पत्रिका

झन् नयाँ

सहर पसेको
रैथाने खाना
सम्भ्रान्तको भान्सादेखि तारे होटेलसम्म



रैथाने खानाले सहरमा प्रतिष्ठा पाएको छ, तर त्यसको लाभ किसानसम्म पुग्न सकेको छैन

काठमाडौंलाई
कालापानी
कहिले दुख्छ ?



■ यो बर्खा कृषकलाई छैन सुखद खबर

देशैभर कम पानी पर्ने प्रक्षेपण


कर्णाली, बागमती र कोशीका उत्तरी भूभागबाहेक देशका अधिकांश क्षेत्रमा कम पानी पर्ने आकलन, यसपटक गर्मी पनि धेरै हुने

यम बम / नयाँ पत्रिका

यस वर्ष धानबाली लगाउने वेलादेखि नै देशभर खडेरीको आकलन गरिएको छ। पोहोर बर्खाको ढेड महिना तराईमा खडेरी लागे पनि देशभर मनसुन सिजनमा भने सरदर पानी परेको थियो। तर, यसपटक भने प्रिमनसुनमा हरेक दिनजसो पानी पर्दा धेरै गर्मी बढ्न नपाए पनि बर्खाको सुरुवातबाटै गर्मी झेल्नुपर्ने र खडेरी खेप्नुपर्ने देखिन्छ।

मौसम विभागले १८ जेठदेखि १४ असोजसम्मका चार महिना देशका अधिकांश स्थानमा कम पानी पर्ने तथा अधिकतमसँगै न्यूनतम तापक्रमसमेत सरदरभन्दा बढी रहने प्रक्षेपण गरेको हो। विभागका मौसमविद् सुदर्शन हुमागाईंले कर्णाली, बागमती र कोशीका उत्तरी भूभागबाहेक देशका अधिकांश क्षेत्रमा कम पानी पर्ने देखिएको बताए।

मनसुन ऋतुमा वर्षाको आकलन
(१८ जेठ-१४ असोज)



स्रोत : जल तथा मौसम विज्ञान विभाग

कहाँ-कहाँ खडेरी ?

कोशी | झापा, मोरङ, सुनसरी तथा इलाम र उदयपुरका दक्षिणी क्षेत्र

मधेश | सप्तरीका पूरै क्षेत्र तथा सिराहा, धनुषा, महोत्तरी र सर्लाहीका दक्षिणी क्षेत्र

लुम्बिनी | रुपन्देही, पाल्पा, स्याङ्जा, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, प्युठान, दाङ, बाँके

कर्णाली | सुर्खेत, सल्यान, रुकुम र रोल्पाका दक्षिणी क्षेत्र

‘कर्णालीका दक्षिणी भूभाग, लुम्बिनीका अधिकांश भूभाग, मधेशका पूर्वी भूभाग र कोशीका दक्षिणी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ,’ विभागले भनेको छ। यसबाहेक सुदूरपश्चिमका अधिकांश भूभाग, मधेशका पश्चिमी र कोशीको मध्य भूभागमा पनि सरदरभन्दा कम पानी पर्नेछ। बागमती, गण्डकी क्षेत्रमा पनि सरदरभन्दा केही कम पानी पर्ने देखिन्छ। नेपालमा जेठ अन्तिम साता मनसुन भित्रिन्छ।

■ खडेरी सहने धान लगाउन सुझाव

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले यस वर्ष धानखेती गर्दा कम पानीमा पनि राम्रो उत्पादन दिन सक्ने र खडेरी सहन सक्ने जात (सुक्खा १, सुक्खा २, सुक्खा ३, सुक्खा ४, सुक्खा ५ र सुक्खा ६ लगायत) छनोट गर्न किसानलाई सुझाएको छ। नार्कले कृषि मौसम सल्लाह बुलेटिन जारी गर्दै सुक्खा तथा हिले छरुवा धानखेती प्रविधि अपनाउन पनि भनेको छ।

उच्चस्तरीय कार्यदलको प्रतिवेदन

मध्यपूर्व संकटबाट वैदेशिक रोजगारीसहित आर्थिक क्षेत्र प्रभावित

बहुआयामिक प्रभाव न्यूनीकरण तथा व्यवस्थापन गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सुझाव

पर्शुराम काफ्ले / नयाँ पत्रिका



उच्चस्तरीय कार्यदलले मध्यपूर्व (पश्चिम एसियाली) संकटबाट नेपालमा परेको बहुआयामिक प्रभाव न्यूनीकरण तथा व्यवस्थापन गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सुझाव सरकारलाई दिएको छ। पश्चिम एसियाली संकट र नेपालमा त्यसको प्रभाव सम्बन्धमा अध्ययन गर्न परराष्ट्रमन्त्री शिशिर खनालको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका सचिव सदस्य रहेको कार्यदलले सिफारिससहितको प्रतिवेदन प्रधानमन्त्री कार्यालयमा पेस गरेको हो।

कार्यदलले नीतिगत तथा कार्यक्रमगत सिफारिस गरेको छ। कार्यदलले वैदेशिक रोजगार, कृषि, उद्योग, पर्यटन, व्यापार, लगानी, विप्रेषण, विदेशी

» पृष्ठ २ मा क्रमशः

सुकुमवासीको आधारभूत आवश्यकता परिपूर्ति गर्न सर्वोच्चको आदेश

नयाँ पत्रिका

सर्वोच्च अदालतले सुकुमवासी बस्तीबाट हटाइएकाको आधारभूत आवश्यकता पूरा गर्न आदेश दिएको छ। तीनवटा रिटमाथि शुक्रबार सुनुवाइ गर्दै न्यायाधीश कुमार रेग्मी र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले अन्तरिम आदेशमा भनेको छ, '...बस्तीबाट उठाइएका सबै सुकुमवासीलाई आधारभूत आवश्यकता परिपूर्ति नभएको भन्ने निवेदक एवं राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट समेत समस्या औँल्याइएको सन्दर्भमा विस्थापित सुकुमवासी वा अव्यवस्थित बसोबासीको हकमा निजहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्नसमेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने-गराउने थप प्रभावकारी कार्य गर्नू-गराउनू।'

सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई विस्थापन गरी अन्यत्र व्यवस्थापन गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया अवलम्बन नगरी वासस्थानबाट हटाउँदा शिक्षा, स्वास्थ्य, आवासलगायत हकमा अपूरणीय क्षति एवं उत्पन्न हुन सक्ने मानवीय संकटसमेतलाई दृष्टिगत गरी अब जबर्जस्ती बस्तीबाट हटाउने वा विस्थापित गराउने कार्य नगर्न पनि अदालतले भनेको छ।

मन्त्रिपरिषद्को १३ चैतको बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नम्बर ९१ मा उल्लिखित मापदण्ड एवं प्रक्रिया तत्काल कार्यान्वयन नगर्न आदेशमा भनिएको छ। साथै सबै नगरपालिका तथा गाउँपालिकाका नाममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको परिपत्र तथा गृह मन्त्रालयको परिपत्रअनुसार प्रक्रिया अवलम्बन गरेर मात्र बस्तीबाट नहटाउन भनिएको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको निर्देशनमा गत ९ वैशाखमा २४ घण्टाको समय दिई सुकुमवासी बस्ती खाली गर्न सूचना जारी भएको थियो। जसपछि १२ वैशाखबाट घर भत्काउन सुरु भएकोमा वैकल्पिक आवासविना, पुनर्वासको व्यवस्था नगरी, क्षतिपूर्ति वा अन्य व्यवस्थाविना नै प्रभावित परिवारसँग परामर्शसमेत नगरेको, सर्वेक्षण वा प्रमाणीकरणसमेत नगरी बस्ती भत्काइएको रिटमा थियो। विकल्प प्रदान नगरी सुकुमवासीलाई आफ्नो घरबाट जबर्जस्ती निकाल्नु संविधानप्रदत्त हकमाथि अवरोध गरिएको रिट निवेदकहरूको जिकिर थियो। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, गोपाल रनपहेलीसमेत र माजिद अन्सारीलगायतले गत ११ वैशाखमा रिट दर्ता गराएका थिए।

सरकारको नीति तथा कार्यक्रम २८ वैशाखमा

नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम २८ वैशाखमा संसद्मा पेस गर्ने भएको छ। संघीय संसद्को दुवै सदनको सोमबार बस्ने संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारी कार्यक्रम वाचन गर्नेछन्।

प्रतिनिधिसभा नियमावलीको परिच्छेद ७ मा राष्ट्रपतिबाट सम्बोधन र नीति तथा कार्यक्रमसम्बन्धी व्यवस्था छ। बजेट अधिवेशनमा राष्ट्रपतिको सम्बोधनमा सरकारको नीति तथा कार्यक्रम उल्लेख गरेर दुवै सदनको संयुक्त बैठकमा वाचन गराइन्छ। राष्ट्रपतिले वाचन गरिसकेपछि नीति तथा कार्यक्रम प्रधानमन्त्रीले प्रतिनिधिसभा र राष्ट्रिय सभामा टेबुल गर्ने व्यवस्था छ।

राष्ट्रपतिको सम्बोधनका लागि संसद् सचिवालयले आवश्यक तयारी थालेको छ। सरकारले २८ वैशाख दिउँसो २ बजे दुवै सदनको अधिवेशन बोलाएको छ। लगत्तै अपराह्न ४ बजे राष्ट्रपतिको सम्बोधन हुनेछ। ढिलो अधिवेशन बोलाउँदा बजेटसम्बन्धी बिजनेसको चाप परेको संसद् सचिवालयका अधिकारीले बताएका छन्। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले रास्वपाको वाचापत्रअनुसारै नीति तथा कार्यक्रम र बजेट निर्माण भइरहेको बताए। 'हाम्रो पार्टीको वाचापत्रअनुसारै आगामी नीति कार्यक्रम र बजेट आउँछ,' उनले भने।

एक वर्ष पालो...

पृष्ठ १ बाट क्रमशः

थेरापी भने गराइरहेकी छिन्। तर, थेरापीले केही आराम दिए पनि पूर्ण समाधान नदिएको पूरानो अनुभव पनि सुनाइन्।

यी दुई उदाहरण समग्र ठुला सरकारी अस्पतालकै यथार्थ हुन्। उपचारमा ढिलासुस्ती विगतदेखिकै समस्या हो, पछिल्लोपटक आइतबारसमेत इमर्जेन्सीबाहेक सेवा बन्द हुन थालेपछि गम्भीर 'साइड इफेक्ट' देखिएको छ। दैनिक ओपिडीदेखि शल्यक्रियालगायत सेवाका लागि बिरामीको ठेलमठेल भिड हुने गरेको छ।

सबैभन्दा लामो पालो त्रिवि शिक्षण अस्पताल (टिचिङ)मा छ। टिचिङमा ०८४ असारसम्म अर्थात् १३ महिनासम्म पाँच हजार पाँच सय बिरामी पालोमा छन्। अब आउने नयाँ बिरामीले त्यसपछि मात्रै पालो पाउँछन्। 'अहिले बिरामीको भिड धेरै छ, आइतबार बिदा भएपछि त्यस दिनका बिरामीको चाप सोमबार थपिन्छ,' टिचिङ अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोसायराले भने, 'शल्यक्रिया गर्नुपर्ने बिरामीको पालो ०८४ असारसम्म पुगिसकेको छ।'

मिर्गौलामा १२ एमएमको पत्थरी भएपछि अप्रेसन गर्नुपर्ने कालिकोटका हितराज थापाको पालो टिचिङका डाक्टरले ५ असार ०८४ का लागि तोकिदिएका छन्। 'गाउँकै अस्पतालमा जचाउँदा किड्नीमा पत्थरी छ भन्ने पत्ता लाग्यो, त्यहाँ अप्रेसन नहुने भएपछि काठमाडौं आएको, तर त्यति टाढाबाट आए पनि पालो पाइएन,' मंगलबार टिचिङमा भेटिएका उनले भने, 'अब अरू नै अस्पतालमा उपचार गराएर गाउँ फर्किनुपर्ला। नत्र एक वर्षसम्म कुर्दा मरिएला भन्ने डर भो।'

देशकै जेठो सरकारी अस्पताल वीर र ललितपुरको पाटन अस्पतालमा बिरामीको अप्रेसनको पालो नौ महिनासम्म पुगेको छ। आइतबार बिदा थपिएपछि उक्त दिनको करिब ५० अप्रेसन अर्को दिनका लागि सर्ने गरेको वीर प्रशासनले जनाएको छ। 'आइतबार बिदा हुने भएपछि त्यो दिनको करिब ५० अप्रेसन अर्को दिनलाई सर्ने गरेको छ,' वीरका निर्देशक डा. दिलीप शर्माले भने, 'दैनिक ४०-५० शल्यक्रिया हुन्छन्, कहिलेकाहीँ एकै दिन ८०-९० बिरामी शल्यक्रिया गर्नुपर्ने अवस्थाका आउँछन्, तर उनीहरूको अवस्था हेरेर शल्यक्रिया गरिन्छ, कुर्दा समस्या नहुनेलाई पालो परेको दिन बताइदिन्छौँ।'

दुई दिन बिदाका कारण अस्पतालले सर्जरीदेखि ओपिडी सेवासम्म घटाएपछि त्यसको मार बिरामीलाई परेको छ। यहाँ आउँदा पालो नपाएका बिरामीहरू अन्य निजी अस्पताल धाउन बाध्य छन्। सस्तो र भरपर्दो सेवा लिन भनेर वीरमा आएका कतिपय बिरामीले पालो नपाउने भएपछि निराश हुँदै फर्किने गरेका छन्। 'आमाको पित्तथैलीको अप्रेसन गर्नुपर्ने थियो, सबै जाँच गराइयो, ८-१० हजार यसै खर्च भयो, अब माघमा आउनुस् भन्नुभएको छ,' मंगलबार वीर अस्पताल परिसरमा भेटिएका नुवाकोटाका भोला दाहालले भने, 'एकजना आफन्त छन्, एकपटक कुरा गर्छौं, नत्र अन्त जानुपर्ला।'

पाटनमा पनि देशैभरका बिरामीको भिड लाग्छ। अस्पताल प्रशासनका अनुसार युरोलोजी, न्युरो, दन्त, मुटु, नाक-कान-घाँटीलगायतको अप्रेसनको पालो २० माघसम्म पुऱ्याइएको अस्पतालले जनाएको छ। माइनर तथा जोखिम नहुने किसिमका कतिपय शल्यक्रियाको पालो पर सारिएको अस्पतालको दाबी छ। माघसम्म ९२० बिरामीले पालो कुरिरहेका छन्।

त्यस्तै, निजामती अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा तीन महिनापछि मात्रै शल्यक्रियाको पालो आउँछ। निजामती अस्पतालका निर्देशक मोहनचन्द्र रेग्मीका अनुसार आकस्मिकबाहेकका शल्यक्रियाको पालो तीन महिनासम्म पुगेको छ। '६-७ महिनापहिले नौ महिनासम्म पालो कुर्नुपर्ने थियो, अहिले सुधार गर्दै तीन महिनासम्म झारेका छौँ, तर फेरि दुईदिने बिदाले पालो कुर्नेको संख्या उकालो लाग्दै छ,' उनले भने, 'यहाँ अहिले दैनिक एक हजार तीन सय बिरामी आउँछन्, त्यसमध्ये सानाठुला गरी करिब सयजनाको शल्यक्रिया गर्नुपर्ने हुन्छ।' अस्पतालका अनुसार तीन महिना पालो कुर्नुपर्ने बिरामीको संख्या ७५० भन्दा बढी छ।

ट्रमा सेन्टरमा हाडजोर्नी र चोटपटकसँग सम्बन्धित बिरामीलाई अवस्था हेरेर पालो दिने गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रुद्र मरासिनीले बताए।

हाल सरकारी अस्पतालमा शल्यक्रियाका लागि पालो कुर्ने बिरामी अत्यन्तै भिड भएपछि स्वास्थ्य मन्त्रालयले त्यसलाई व्यवस्थापन गर्न अस्पतालहरूसँग समन्वय गर्न सकेको छैन। स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले अस्पतालमा पालो कुर्नेको संख्या ०८४ सम्म पुगेकोबारे जानकारी नभएको बताए। 'पहिलेभन्दा अस्पतालमा केही सुधार भएको छ, शल्यक्रियाको पालो ०८४ सम्म पुगेको छ भनेर जानकारी आएको छैन, त्यस्तो नहुनुपर्ने हो,' उनले भने, 'यसबारे अस्पतालहरूबाट थप जानकारी लिन्छौँ।'

'सर्वोच्चमा परम्परा...

पृष्ठ १ बाट क्रमशः

र सेवा अवधिको हिसाब गरेर न्यायाधीश नियुक्त गरिन्थ्यो,' उनले भने, 'नियुक्त हुने वेलामै प्रधानन्यायाधीश हुने सुनिश्चित भएपछि त्यहाँ सुधारको गुन्जायस हुँदैनथ्यो, प्रधानन्यायाधीशको लाइनमा नभएका असल न्यायाधीशमाथि पनि अन्याय भएको थियो, अब त्यस्तो हुँदैन।' विगतको खराब परम्पराकै कारण वरीयतामा अघि रहेका न्यायाधीशहरू पीडित बनेको उनको विश्लेषण छ।

वरीयताका आधारमा प्रधानन्यायाधीश नियुक्त गर्ने परिपाटीले ०९३ सालसम्मका लागि प्रधानन्यायाधीश 'सेट' गरिसकेको थियो। पुरानै परम्पराअनुसार नियुक्त हुँदा ०८५ कात्तिकसम्म सपना प्रधान मल्ल, ०८५ कात्तिकदेखि ०८८ भदौसम्म कुमार रेग्मी, ०८८ भदौदेखि ०९२ असोजसम्म हरि फुयाँल, ०९२ असोजदेखि ०९३ असारसम्म नहकुल सुवेदी र ०९३ असारदेखि ०९३ पुससम्म टेकप्रसाद ढुंगाना प्रधानन्यायाधीश नियुक्त हुने गरी वरीयता मिलाइएको थियो। अब यो परम्परा भत्किएसँगै कार्यसम्पादनका आधारमा न्यायाधीश नियुक्त हुनेछन्।

विगतमा दलहरूले आफ्ना निकटस्थलाई मात्र वरीयतामा अघि राख्ने परम्पराले न्याय सेवा पृष्ठभूमिबाट आएका र राजनीतिक दलसँग नजोडिएकाहरू प्रधानन्यायाधीश नै हुन नसक्ने अवस्था सिर्जना भएको थियो। अब त्यसमा सुधार हुने भएकाले 'करिअर जज'हरू भने हालको संवैधानिक परिषद्को सिफारिससँग सकारात्मक देखिएका छन्। अन्यायमा परेका न्यायाधीशहरू भोलिका दिनमा न्यायालयको नेतृत्वमा पुग्ने ढोका परिषद्को निर्णयले खोलेको छ। विगतमा राजनीतिक आडकै कारण 'योग्य' न्यायाधीशहरू प्रधानन्यायाधीश हुनबाट वञ्चित भएका थिए।

यसको उदाहरण हरिकृष्ण कार्की र अनिल सिन्हा हुन्। कार्की नेपाल बार एसोसिएसनको अध्यक्ष भएकै वेला महान्यायाधिवक्तामा नियुक्त भए। तत्कालीन प्रधानमन्त्री केपी ओलीले उनलाई महान्यायाधिवक्ता बनाएका थिए। महान्यायाधिवक्ता रहेकै अवस्थामा उनलाई सर्वोच्चको न्यायाधीश बनाइयो। न्यायाधीश मात्र बनाइएन, त्यतिवेला नै प्रधानन्यायाधीशसमेत हुने गरी वरीयतामा अघि राखेर नियुक्त गरिएको थियो। उनले प्रधानन्यायाधीश भएर अवकाश पाइसकेका छन्। त्यतिवेला नियुक्त भएकामध्ये अनिल सिन्हा कार्कीभन्दा सिनियर थिए। तर, त्यही सेटिङका कारण सिन्हा सिनियर भएर पनि प्रधानन्यायाधीश हुन पाएनन्। सर्वोच्चका अहिलेका ६ जना न्यायाधीशमध्ये तिलप्रसाद श्रेष्ठ पढाइ, उमेर र कार्यसम्पादन तीनै दृष्टिकोणले सिनियर भएको सर्वोच्चका अधिकारीहरू बताउँछन्। तर, सेटिङभित्र नपर्दा उनलाई पनि प्रधानन्यायाधीश बन्न नसक्ने गरी पछि मात्र सर्वोच्चमा नियुक्त गरियो।

मध्यपूर्व संकटबाट...

पृष्ठ १ बाट क्रमशः

मुद्रा सञ्चिति, भुक्तानी सन्तुलन, ऊर्जा, इन्धन, खाद्यान्न, औषधि आपूर्तिमा पर्ने प्रभाव न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक कदमसमेत सिफारिस गरेको छ। १४२ पृष्ठ लामो प्रतिवेदनमा इरानमाथि अमेरिकी र इजरायली हमलापछिको पश्चिम एसियाली संकट मात्र नभई रुस-युक्रेन युद्ध, इजरायल-हमास युद्ध, सन् १९९० पछिका संकटको अध्ययन र समीक्षा गरिएको छ।

सरकारको सुशासनका सयबुँदे कार्यक्रमअन्तर्गत बुँदा नम्बर ९५ अनुसार १६ चैतमा कार्यदल गठन भएको थियो। कार्यदलले २३ वैशाखमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझाएको र परराष्ट्र मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदनमा वैदेशिक रोजगारीअन्तर्गत श्रमिकको डिजिटल प्रोफाइल तथा स्थानगत तथ्यांक अद्यावधिक गर्ने, जोखिमको स्तरअनुसार पश्चिम एसियाबाट नेपालीलाई सुरक्षित स्थानान्तरण र स्वदेश फिर्ताको तयारी गर्नेसमेतको सिफारिस गरिएको छ। 'गन्तव्य देशसँग कूटनीतिक पहल गरी श्रमिकहरूको भौतिक सुरक्षा र पारिश्रमिकको सुनिश्चितताका लागि आग्रह गर्ने' कार्यदलको सुझावमा भनिएको छ।

कार्यदलका सदस्यसचिव एवं परराष्ट्र मन्त्रालय पश्चिम एसिया महाशाखा प्रमुख रामकाजी खड्काका अनुसार पश्चिम एसियामा दक्षिण एसियाको दुई करोड १० लाख जनसंख्या छ। नेपालका करिब १८ लाख श्रमिक पश्चिम एसियामा छन्। अमेरिकाले १६ फागुनमा इरानमाथि हमला गरेयता उत्पन्न संकटका कारण पश्चिम एसियामा रोजगारको संकट हुन सक्ने र त्यसबाट श्रमिक एवं उनीहरूका आश्रित परिवारको जीविकोपार्जनमा असर पर्न सक्ने प्रतिवेदनमा औँल्याइएको छ। गरिबीको रेखामुनिबाट भर्खरै माथि उठेका परिवार पुनः मारमा पर्न सक्ने विश्लेषणसहितको प्रतिवेदन सरकारले कार्यान्वयन गर्ने परराष्ट्रका अधिकारीले बताए। नेपालको कृषि, उद्योग, व्यापार, विप्रेषण, मल आयातलगायतमा असर देखिएको छ भने इन्धनको मूल्यवृद्धिको असर सबै क्षेत्रमा परेको छ।

परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार पश्चिम एसियामा दिगो शान्तिका लागि परिस्थिति बन्दै गएको नेपाल सरकारको विश्लेषण छ। 'अहिले नेपालीको अवस्था सामान्य छ। परराष्ट्र मन्त्रालयको इमर्जेन्सी कन्ट्रोल रुममा जम्मा ३२३ पटक सम्पर्क भएको छ भने कन्सुलर सेवा विभागले तयार गरेको अनलाइन फाराममा हालसम्म ८६ हजार ५५१ जना नेपाली नागरिकले नाम दर्ता गर्नुभएको छ,' प्रवक्ता क्षेत्रीले भने। उनका अनुसार इरानमा १० नेपाली छन्।

इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.
Infinity Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी
(बर्दघाट सुस्ता पूर्व), फोन नं.: ०७८-५०३३०१
इमेल: info@infinitylbsl.com.np

Interim Financial Statements of FY 2082/83

Condensed Statement of Financial Position
As on Quarter ended 30th Chaitra, 2082

Amount (NPR)

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalent	364,409,639	458,120,070
Statutory Balances and due from Nepal Rastra Bank	24,571	1,415,890
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	5,595,274,423	5,629,280,984
Investment Securities	1,000,000	1,000,000
Current Tax Assets	18,304,576	48,367,291
Investment Property	2,600,000	1,800,000
Property and Equipment	64,050,225	59,556,969
Goodwill and Intangible Assets	6,268,681	6,504,665
Deferred Tax Assets	29,744,838	29,149,060
Other Assets	69,539,470	70,330,431
Total Assets	**6,151,216,422**	**6,305,525,361**
Liabilities		
Due to Bank and Financial Instituions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	1,431,857,723	1,391,092,154
Borrowing	3,708,253,935	3,976,915,794
Current Tax Liabilities	-	-
Provisions	18,118,939	18,118,939
Deferred Tax Liabilities	-	-
Other Liabilities	296,246,287	298,252,451
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total liabilities	**5,454,476,884**	**5,684,379,338**
Equity		
Share Capital	497,415,943	497,415,942
Share Premium	-	-
Retained Earnings	(8,045,444)	(54,775,908)
Reserves	207,369,040	178,505,989
Total Equity	**696,739,538**	**621,146,023**
Total Liabilities and Equity	**6,151,216,422**	**6,305,525,361**

Condensed Statement of Profit & Loss
For the Quarter ended 30th Chaitra, 2082

Amount (NPR)

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	156,938,395	542,769,880	218,984,067	548,748,068
Interest Expense	79,311,049	253,080,677	92,441,367	293,158,357
Net Interest Income	**77,627,346**	**289,689,204**	**126,542,700**	**255,589,711**
Fee and Commission Income	11,665,277	43,020,726	19,533,871	48,336,253
Fee and Commission Expense	14,568	70,387	-	-
Net Fee and Commission Income	**11,650,708**	**42,950,339**	**19,533,871**	**48,336,253**
Net Interest, Fees and Commission Income	**89,278,054**	**332,639,542**	**146,076,571**	**303,925,964**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	160,349	-	-
Total Operating Income	**89,278,054**	**332,799,891**	**146,076,571**	**303,925,964**
Impairment Charge/(reversal) for Loans and Other Losses	(8,610,368)	(1,255,762)	(24,390,416)	95,740,388
Net operating income	**97,888,423**	**334,055,653**	**170,466,988**	**208,185,576**
Operating Expense	**75,577,056**	**226,646,658**	**74,900,063**	**207,241,031**
Personnel Expenses	54,863,985	164,143,075	50,084,657	141,604,406
Other Operating Expenses	15,791,619	47,965,107	23,682,764	59,491,448
Depreciation & Amortization	4,921,452	14,538,477	1,132,642	6,145,176
Operating Profit	**22,311,367**	**107,408,994**	**95,566,925**	**944,546**
Non-Operating Income	-	-	-	-
Non-Operating Expense	-	-	-	-
Profit before Income Tax	**22,311,367**	**107,408,994**	**95,566,925**	**944,546**
Income Tax Expense				
Current Tax	6,693,410	32,222,698	28,670,078	283,364
Deferred Tax	(298,003)	(595,777)	-	
Profit for the Period	**15,915,960**	**75,782,073**	**66,896,848**	**661,182**
Condensed Statement of Comprehensive Income				
Profit for the period	15,915,960	75,782,073	66,896,848	661,182
Other Comprehensive Income				
Total comprehensive income for the period	**15,915,960**	**75,782,073**	**66,896,848**	**661,182**

Ratio as per NRB Directives

Particulars	Current Year		Previous Year	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA	-	9.45%	-	10.76%
Non Performing Loan (NPL) to Total Loan	-	23.93%	-	14.35%
Total Loan Loss Provision to Total NPL	-	24.94%	-	28.39%
Cost of Funds	-	6.43%	-	7.21%
Credit to Deposit & Borrowing Ratio	-	113.65%	-	115.03%
Base Rate	-	12.28%	-	12.96%
Interest rate spread	-	8.52%	-	7.30%

Interest Rate	
1. Deposits : 7.2% - 7.5%	2. Loan & Advance : 14.10%

Statement Of Distributable Profit or Loss
For the Quarter ended 30th Chaitra, 2082
(As per NRB Regulation)

Particulars	Current Year Upto This Quarter YTD	Previous Year Corresponding Quarter YTD
Net profit or (loss) as per statement of profit or loss	**75,782,073**	**661,182**
Appropriation:		
a. General reserve	15,156,415	132,236
b. Foreign exchange fluctuation fund		-
c. Capital redemption reserve		-
d. Corporate social responsibility fund	757,821	6,612
e. Employees' training fund		-
f. Client Protection Fund	1,515,641	6,612
g. Other	-	
Profit or (loss) before regulatory adjustment	**58,352,196**	**515,722**
Regulatory adjustment :	**(11,621,733)**	**21,384,666**
a. Interest receivable (-)/previous accrued interest received (+)	(10,225,955)	22,518,666
b. Short loan loss provision in accounts (-)/reversal (+)		
c. Short provision for possible losses on investment (-)/reversal (+)		
d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+)	(800,000)	(1,134,000)
e. Deferred tax assets recognised (-)/ reversal (+)	(595,777)	
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)		
g. Bargain purchase gain recognised (-)/resersal (+)		
h. Actuarial loss recognised (-)/reversal (+)	-	
i. Other	-	-
Net Profit for the period available for distirubtion	**46,730,464**	**21,900,388**
Opening Retained Earning	**(54,775,908)**	**(4,918,036)**
Adjustment (+/-)	-	
Distribution:	-	
Bonus shares issued	-	
Cash Dividend Paid	-	-
Total Distributable profit or (loss) as on Quarter end date	**(8,045,444)**	**16,982,352**

Notes :
1. The above figures are subject to change upon regulator's instruction and/or statutory auditors.
2. The detail interim financial report has been published in the website.
3. The Microfinance following the regulatory backstop as mentioned in clause 16 of NFRS-9, Expected Credit Loss Guidelines, 2024", has recognised impairment on credit exposure as the higher of total ECL calculated as per NFRS 9 and existing provision mentioned in Unified Directives no 02.
4. Personnel expenses include the Provision for Employee Bonus.
5. Loans & Advances are presented net of Impairment charges.
6. Actuarial Valuation will be done on annual basis for Employee Benefit.
7. The difference in profit as per the NFRS and GAAP has been transferred to Regulatory Reserve.
8. Previous period figures are regrouped/ rearranged/ restated wherever necessary for consistent presentation and comparision.

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : चालु आ.व. २०८२/८३ को तेस्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरणहरु वासलात, नाफा नोक्सान हिसाब, वितरणयोग्य मूनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाइट www.infinitylbsl.com.np मा पनि राखिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिक)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात	पूँजीकोष अनुपात
रु. २०.३१	४९.०१	रु.१४०.०७	रु. १,२३६.६३	८.५०%	९.४५%

२. व्यवस्थापकीय विश्लेषण :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : यस वित्तीय संस्थाले चालु आर्थिक वर्ष (आ.व.) को दोस्रो त्रैमासिक अवधिमा मौज्दात रकम, खुद ब्याज आम्दानी, आधारदर र लागत मूल्यतर्फ संस्थाले सकारात्मक वृद्धि हासिल गरेको छ। पछिल्ला महिनाहरूमा देशमा देखिएका राजनीतिक अस्थिरता, Gen-z आन्दोलन त्यसबाट वित्तीय क्षेत्रमा परेको प्रभाव, लघुवित्त कार्यक्रम अन्तर्गत केही लघुवित्त संस्थाहरुविरुद्ध भएका गतिविधिहरू र विश्वव्यापी आर्थिक मन्दीले कर्जा असुली प्रक्रियामा चुनौती उत्पन्न गरेका छन्। यद्यपि, उपरोक्त चुनौतीहरूको बावजुत संस्थाले व्यावसायिक योजनाअनुसार अभियानलाई अघि बढाइरहेको छ र आगामी अवधिहरूमा अझ प्रभावकारी सेवा प्रवाह तथा जोखिम व्यवस्थापनमा केन्द्रित रहनेछ।

ख) आगामी वर्षको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : संस्थाले १०० वटा शाखाहरूमार्फत १,११,२०५ सदस्यलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ। साथै, समूहमार्फत सदस्यहरुलाई तरकारी तथा पशुपालन तालिम, र ग्राहक तथा समुदायलाई वित्तीय साक्षरता कार्यक्रमहरू प्रदान गर्दै आएको छ। डिजिटल सुविधाहरू (Mobile Banking, E sewa, Khalti, IME Pay, SMS Alert) मार्फत छिटो, सहज, पारदर्शी अनि कम लागतमा सेवा प्रवाह गर्ने नीति अपनाइएको छ। साथै, नवीन बैंकिङ प्रणाली (Nepal Clearing House Ltd. मार्फत) प्रयोग गरेर सेवा पहुँच विस्तार गरिएको छ। संस्थाले वित्तीय सेवामा पहुँच (Acess to finance) भन्ने अवधारणा अन्तर्गत दुर्गम क्षेत्रमा ४ वटा शाखा कार्यालयहरु थप गरि १०० शाखा कार्यालयमार्फत वित्तीय सेवा पुऱ्याएको छ। ग्राहकको आवश्यकतामा आधारित रहि संस्थाले आगामी दिनहरुमा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा शाखा-विस्तार गरी वित्तीय सेवा पहुँच गराउने, नयाँ भौगोलिक क्षेत्र वा पिछडिएका समुदायहरुलाई लक्षित गरी वित्त, बचत, ऋण तथा बीमा सेवा प्रवाह गर्ने, प्रविधिमैत्री (डिजिटल) माध्यम मार्फत ग्राहकहरुको पहुँच सहज बनाउने उदेश्य रहेको छ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : संस्थाले देशमा विद्यमान आर्थिक मन्दी, लघुवित्त संस्थाहरू विरुद्ध गरिएका गतिविधि तथा राजनीतिक नेतृत्व परिवर्तनले समग्र बजार वातावरणमा ल्याएको अस्थिरताले संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा पार्ने असरलाई ध्यानमा राख्दै,
- कर्मचारीहरुको मनोबल उचाइ राख्ने र दक्षता अभिवृद्धि विकास गर्नका लागी नियमित तालिम कार्यक्रमहरु प्रदान गर्दै आएको छ
- स्थानीय निकायहरुसँग समन्वय गरी जनमानसमा समसामयिक विषयवस्तुमा वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गरेको छ।
- ग्राहक तथा सदस्यहरुलाई संस्थाप्रति सकारात्मक दृष्टिकोण र सन्तुष्टि जगाउने कार्य गर्दै, गुणस्तरीय कर्जा वृद्धिमुखी रणनीति अपनाएको छ।

३. कानुनी कारवाही सम्बन्धी व्यवस्था :

(क) यस त्रैमासिक अवधिमा वित्तीय संस्था विरुद्ध कुनै मुद्दा दायर भए : यस त्रैमासिक अवधिमा वित्तीय संस्था विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको छैन।

(ख) यस वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको : कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भए : कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि संस्थाले नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा शेयर सूचीकृत गराइ कारोबार भईरहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : नेपाल स्टक एकस्चेन्ज लिमिटेडको वेबसाईड www.nepalstock.com का अनुसार तेस्रो त्रैमास अवधिको शेयर सम्बन्धी कारोबार निम्न अनुसार भएको देखिन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोवार शेयर संख्या
रु. १,१००/-	रु. ८९१/-	रु.९६८/-	५३ दिन	५,०५०	४३५,०८३ कित्ता

५. समस्या तथा चुनौती :

क) आन्तरिक समस्या तथा चुनौती :
अर्थतन्त्रमा आएको आर्थिक मन्दी, लघुवित्त विरुद्धका समुहहरुले चलाएको कर्जा तथा ब्याज मिनाहा अभियानको प्रभावका कारण कर्जा असुलीमा कमी आउनु, बहुबैंकिङ कारोबार, दक्ष जनशक्तिको अभाव, नियमनकारी निकायबाट हुन सक्ने नीतिगत परिवर्तन र सोबाट सृजित हुन सक्ने समस्या आदिलाई संस्थाले समस्या तथा चुनौतीको रुपमा लिएको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु, डिजिटल सेवा प्रणालीमा साइबर सुरक्षाको सुनिश्चितता गर्नु, बढ्दो प्रशासनिक खर्चलाई व्यवस्थापन गर्नु, पनि महत्वपूर्ण चुनौतीका रूपमा देखा परेका छन्।

ख) बाह्य चुनौतीहरु :
विश्वका प्रमुख राष्ट्रहरुबीचको द्वन्द्वले उत्पन्न मुद्रास्फीति, जलवायुपरिवर्तनले कृषि तथा लघु उद्यममा ल्याएको अनिश्चितता तथा आर्थिक मन्दिका कारण नेपालको अर्थतन्त्रमा व्यापक शिथिलता देखिएको छ। आर्थिक बजारको तरलतामा आउने उतार-चढाव तथा बजार संकुचनले वित्तीय सेवा सञ्चालनमा असर पुऱ्याएको छ। साथै, ग्रामीण क्षेत्रमा आवश्यक न्यूनतम भौतिक पूर्वाधारको कमीले त्यहाँ कार्यक्रम विस्तारमा चुनौती खडा गरेको छ। यसरी, उक्त चक्रले संस्थाका लागि कार्य सञ्चालन, सञ्चालन लागत, जोखिम व्यवस्थापन तथा ग्राहक व्यवहार जस्ता अनेक तहमा असर पुग्ने सम्भावना रहेको छ।

ग) समाधानका रणनीतिहरु :
संस्थाले आन्तरिक तथा बाह्य समस्या-चुनौतिहरूको विश्लेपण गरी कारोबार विस्तारमा उच्च सतर्कता अपनाएको छ।
- कर्मचारीहरूलाई तालिम प्रदान गरी कार्यक्षमता अभिवृद्धि गर्ने र संस्थासँगको आवद्धता सुनिश्चित गर्ने रणनीति अवलम्बन गरिएको छ।
- कोष अभाव, सञ्चालन खर्च तथा ब्याजदर अन्तर व्यवस्थापन गर्न आन्तरिक बचतमा ध्यान दिइएको छ।
- प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको पहिचान उच्च राख्न ग्राहकमैत्री सेवासुविधा र आधुनिक वित्तीय सेवा प्रवाह गर्ने नीति तय गरिएको छ।
- Nepal Rastra Bank को निर्देशनको पूर्ण पालना गर्दै सेवा प्रदान गरेको छ। साथै, समग्र जोखिम व्यवस्थापन प्रणाली सुदृढ गरिएको छ।
- साइबर जोखिम बढ्दो भएकाले डिजिटल सुरक्षा सुनिश्चित गर्न आवश्यक सतर्कता अपनाइएको छ।
- दीर्घकालीन दिगोपन तथा प्रभावकारी सेवा विस्तारको लागि ग्राहक, कर्मचारी र नियमनकारी निकायहरूसँग समन्वयमा रहेर उत्तरदायी रणनीति संचालन भइरहेको छ।

६. संस्थागत सुशासन : यस संस्थाले Nepal Rastra Bank बाट जारी भएका संस्थागत सुशासनसम्बन्धी निर्देशनहरु, साथै, Bank and Financial Institution Act 2073, Companies Act 2063, Rastra Bank Act 2058, Securities Act 2063 र Income Tax Act 2058 को पालना गरिरहेको छ। संस्थाले आफ्नो प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियम, आर्थिक प्रशासन विनियम, कर्जा तथा बचत नीति लगायत आवश्यक कार्यविधि तयार गरी लागू गरेको छ। लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति जस्ता समितिहरू मार्फत कारोबार चुस्त, छिटो-छरितो, पारदर्शी र आन्तरिक प्रणाली प्रभावकारी बनाउने कार्यसम्पादन भइरहेको छ।

७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण : आजका मितिसम्म यस विवरणहरुको शुद्धताका लागि व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, यो घोषणा गर्दछु कि मैले जाने-बुझेअनुसार यस प्रतिवेदनका विवरणहरू सत्य, तथ्य-आधारित र पूर्ण छन् र लगानीकर्ताहरूले सचेत निर्णय लिन आवश्यक पर्ने कुनै सूचना लुकाइएको छैन।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार २६ वैशाख ०८३
nayapatrikaofficial @nayapatrika

सहर पसेको रैथाने खाना सम्भ्रान्तको भान्सादेखि तारे होटेलसम्म

दूरदराजबाट सहर पसेको रैथाने खाना तारे होटेलका मेनुदेखि सम्भ्रान्तका भान्सासम्म पुगेका छन्, सहरमा प्रतिष्ठा पाए पनि त्यसको लाभ किसानसम्म पुग्न सकेको छैन



रैथाने



● पवन बराइली

एक समय गाउँघरको भान्सामा सीमित मानिने रैथाने खाना अचेल सहरका सम्भ्रान्तका घरदेखि रेस्टुरेन्ट र पाँचतारे होटेलका मेनुमा समावेश भइरहेका छन् । कोदो र फापरको ढिँडो, गुन्द्रुक, सिस्नोजस्ता परिकार पहिले निम्न आय भएका गाउँका मानिसले खाने मानिन्थ्यो । अचेल भने स्वास्थ्यमा लाभदायक हुने भन्दै सहरीवासीको रोजाइमा ती खाना पर्न थालेका छन् । विशेषज्ञका अनुसार पछिल्लो समय बढ्दो स्वास्थ्य सचेतना र स्थानीय उत्पादनप्रतिको आकर्षणले रैथाने खानाको माग बढाएको हो ।

सहरका विभिन्न रेस्टुरेन्टले परम्परागत स्वादलाई आधुनिक प्रस्तुतीकरणसहित पस्किन थालेपछि रैथाने खानाले नयाँ पहिचान पाएको छ । कुनै समय ग्रामीण भेगको जीविकाको आधार मानिने सिस्नो, गुन्द्रुक र ढिँडोजस्ता रैथाने परिकार अहिले सहरका सुविधायुक्त पाँचतारे होटेल र सम्भ्रान्तहरूको भान्सामा पुगेको छ । सिनियर सेफ एवं सेफ सोसाइटी नेपालका अध्यक्ष एलपी कौशलका अनुसार नेपालका प्रमुख सहरका रेस्टुरेन्ट र होटेलमा नेपाली रैथाने खानाको माग र उपस्थिति क्रमिक रूपमा बढ्दै गएको छ ।

कतिपय पाँचतारे होटेलमा नेपाली रैथाने खानालाई 'हिमालयन थाली' वा ट्रेडिसनल नेपाली थालीका रूपमा समावेश गर्न थालेको उनी बताउँछन् । उनी भन्छन्, 'कतिपय होटेलमा गुन्द्रुक-भटमासको अचार, मासको बारा र स्थानीय चामलका परिकारले प्राथमिकता पाउन थालेका छन् । सिस्नो र गावाको सुपले विदेशी पर्यटक मात्र होइन, स्वदेशी पाहुनालाई समेत आकर्षित गरिरहेको छ ।'

कौशलको अनुभवमा अहिले धेरै रैथाने खाना मेनुमा देखिन थालेका छन् । बन्दीपुर पुग्नेले सिस्नो, गुन्द्रुक र भेडाको मासु खान पाउँछन् भने भैरहवा र नेपालगन्जका होटेलमा पाल्पाली बटुक र सेलरोटीलाई ब्रेकफास्ट मेनुमा अनिवार्यजस्तै बनाइएको छ । यद्यपि, पाँचतारे होटेलमा अझै पनि अन्तर्राष्ट्रिय खानाको तुलनामा नेपाली खानाको हिस्सा दुई प्रतिशत मात्र रहेको उनको भनाइ छ ।

सोल्टी होटेल समूह (द सोल्टी वेस्ट्रेन)का एक्जुकेटिभ सेफ आरबी बुढाथोकीका अनुसार पछिल्लो समय चारतारे, पाँचतारे लक्जरी होटेलहरूमा नेपाली पाहुनाको संख्या बढ्दै गएपछि मेनुमा नेपाली खानाको समावेश अनिवार्यजस्तै बनेको छ । सेफ बुढाथोकीका अनुसार अहिले धेरैजसो तारे होटेलका मेनुमा कम्तीमा २५ प्रतिशत नेपाली रैथाने परिकार समावेश हुने गरेका छन् । सोल्टी होटेल समूहले आफ्ना देशभर रहेका १२ वटा युनिटमा स्थानीय र रैथाने खानालाई प्राथमिकताका साथ मेनुमा राखेको उनी बताउँछन् ।

कागुनोको खिरदेखि परम्परागत छोइला, साँधेका परिकार, ढिँडो, गुन्द्रुक, मुस्ताङे आलु, भटमास साँधेको र आलुको अचारजस्ता परिकार लोकप्रिय छन् । त्यसैगरी, कर्णालीको जुम्ली मार्सी चामलको भात, जुम्ली दाल र मस्याङको दालजस्ता टिपिकल नेपाली परिकारले पनि विशिष्ट स्थान पाएका छन् । सेफ बुढाथोकी भन्छन्, 'हामीले कोदो र फापरका परिकारलाई आधुनिक शैलीमा फ्युजन गरी पस्किन्छौं । सोल्टी समूहले जर्मनीको फ्रान्कफर्टमा सञ्चालन गरिरहेका दुइटा आउटलेटमा पनि विगत दुई वर्षदेखि नेपाली खानालाई मुख्य मेनुमा समावेश गरेको छ । यसले नेपाली रैथाने स्वादलाई विश्वव्यापीकरण गर्न सहयोग गरेको छ ।'

सिनियर सेफ विष्णु राईका अनुसार अन्तर्राष्ट्रिय चेन होटेलमा कम्तीमा २० प्रतिशत स्थानीय परिकार राख्नुपर्ने ब्रान्ड स्ट्यान्डर्ड नै बनिसकेको छ । अन्तर्राष्ट्रिय चेन होटेलले आफ्नो ब्रान्ड स्ट्यान्डर्डमै कम्तीमा २० प्रतिशत स्थानीय परिकार समावेश गर्नुपर्ने नियम बनाएका छन् । यसले गर्दा थाली सेट, मःम र नेवारी छोइलाजस्ता परिकारलाई परिष्कृत रूपमा पस्कने अभ्यास बढेको छ ।

■ फेरिँदै होटेलका मेनु

अहिलेका तारे होटल र अप-स्केल रेस्टुरेन्टमा २५ देखि ३० प्रतिशत नेपाली खानाका परिकारले ओगट्न थालेका छन् । विशेषगरी, थाली सेट, मःम र नेवारी छोइलाजस्ता परिकारले अन्तर्राष्ट्रिय चेन होटेलमा प्राथमिकता पाएका छन् । सेफ राईका अनुसार धेरैजसो ठाउँमा थकाली खानालाई नै केन्द्रमा राखेर मेनु व्यवस्थापन भइरहेको छ । यो व्यावसायिक रूपमा बढी सफल देखिएको छ ।

काठमाडौं, ललितपुर, भक्तपुरजस्ता सहरी क्षेत्रका रेस्टुरेन्टमा ढिँडो र मार्सी चामलको माग छ । पहिले मल्टी कुजिनमा केन्द्रित हुने रेस्टुरेन्ट पनि अहिले क्लासिक नेपाली खानामा मोडिन थालेको सेफ राईको भनाइ छ ।

'सहरी क्षेत्रमा बस्ने मानिसले गाउँका रैथाने खाना रुचाएका छन् । रेस्टुरेन्टमा रैथाने खानाको माग बढे पनि पाँचतारे होटेलमा भने ढिँडोजस्ता परिकार अझै पनि सहजै उपलब्ध छैनन्,' उनी भन्छन्, 'होटेलमा नेपाली थाली सेट उपलब्ध भए पनि ढिँडो बनाउन प्रयोग गरिने परम्परागत विधि फलामको कराही र काठको पन्युले चलाउनुपर्ने झन्झटिलो प्रक्रियाका कारण यसलाई पूर्ण रूपमा अंगीकार गर्न सकिएको छैन ।'

विदेशी पर्यटक पनि नेपाल आउनासाथ यहाँको लोकल थट र वास्तविकता बुझ्न स्थानीय स्वाद चाख्न चाहन्छन् । यसै कुरालाई ध्यानमा राखेर नेपालका सेफले रैथाने खानामा नयाँ प्रयोगसमेत गर्न थालेको उनको अनुभव छ । राई भन्छन्, 'सिस्नुको सुप मात्र नभएर अहिले सिस्नुको केकसमेत बनाउन थालिएको छ, जसलाई आधुनिक शैलीको 'प्लेटिङ'मार्फत प्रस्तुत गरिन्छ ।'

■ महँगियो रैथाने खाना

रैथाने खानाको बढ्दो आकर्षणसँगै यसको मूल्य पनि केही महँगो देखिन्छ । रैथाने खाना सामान्य मानिसले खाने होटेलमा दुर्लभ छ । गुन्द्रुक-सिन्की सहरमा पैसा तिरेर खान पनि सजिलो छैन । सहरका राम्रा रेस्टुरेन्टमा एउटा नेपाली थाली सेटको मूल्य ६ देखि आठ सय ५० रुपैयाँसम्म पर्ने गरेको छ । लोकल कुखुरा वा खसीको मासुसँगै सर्भ गरिने यस्ता सेटको मूल्य मार्केटिङ रणनीतिअनुसार फरक-फरक देखिन्छ । मार्सी चामल र ढिँडो सेटको मूल्य सामान्यतया ६०० देखि ८०० रुपैयाँको बिचमा छ । सेफ विष्णु राईका अनुसार रेस्टुरेन्टको स्तर र त्यसमा प्रयोग हुने मासुको प्रकार अनुसार मूल्यमा केही भिन्नता छ ।

लोकल कुखुरा वा खसीको मासुसँग यसको मूल्य करिब ७०० देखि ८०० रुपैयाँको हाराहारीमा पर्छ । कुखुराको मासुसँग यसको मूल्य ६५० देखि ६८० रुपैयाँसम्म पर्न सक्छ । यसको मूल्य अलि महँगो हुनुको मुख्य कारण सामग्रीको ढुवानी हो । मार्सी चामल, कोदो वा फापरजस्ता सामग्री दुर्गम र हिमाली क्षेत्रबाट सहरसम्म ल्याउनुपर्ने भएकाले यसको लागत बढ्न गएको हो । कतिपय रेस्टुरेन्टले मार्सी चामलको सेटमा अरूभन्दा ५० देखि १०० रुपैयाँ बढी शुल्क लिने गरे पनि धेरैले व्यावसायिक रणनीतिका रूपमा ६०० देखि ८०० रुपैयाँकै दायरामा यी परिकार बेचिरहेका छन् ।

मूल्यका हिसाबले यी परिकार सामान्य होटेलको तुलनामा केही महँगो हुने गरेका छन् । सेफ बुढाथोकीका अनुसार नेपाली सेट वा विशेष परिकारको मूल्य एक हजार रुपैयाँभन्दा माथिबाट सुरु हुन्छ । गुन्द्रुक वा भटमास साँधेकोजस्ता खाजाका परिकारको मूल्य करिब ५०० रुपैयाँ हाराहारी पर्ने उनको भनाइ छ । उच्चस्तरीय प्रस्तुति, बनावट र गुणस्तरीय सामग्रीका कारण मूल्य केही बढी देखिए पनि ग्राहकले यसलाई रुचाएको उनको अनुभव छ ।

■ परिकारमा विविधीकरण

रैथाने एग्री फुड्स नेपाल प्रालिका संचालक तिलक ढकाल सहरमा कोदो र फापर मात्र नभई अन्य धेरै प्रकारका रैथाने बाली तथा तिनका परिकार भित्रिएको बताउँछन् । उनी भन्छन्, 'अहिले सहरमा कागुनो र चिनोको माग निकै बढेको छ । विशेषगरी कागुनोको खिर, सेलरोटी, भात र कुकिज सहरका होटेल तथा हाटबजारमा उपलब्ध हुन थालेका छन् । चिनोलाई पनि स्वास्थ्यवर्द्धक भातको रूपमा प्रयोग गरिन्छ ।'

ग्रामीण क्षेत्रमा परम्परागत रूपमा खाइने मकैको ढिँडो अहिले सहरका रेस्टुरेन्टमा निकै चल्तीमा छ । हिमाली र पहाडी क्षेत्रबाट जौ र उवाजस्ता बाली पनि सहरमा आउने गरेका छन् । हिमाली क्षेत्रको स्वाद र विशिष्टताका कारण लेकाली आलु र जिम्बुजस्ता वस्तु पनि सहरका उपभोक्ताको रोजाइमा परेका छन् । रैथाने बालीकै रूपमा मिठे फापरको पिठो पनि सहरमा भित्रिएको छ ।

त्यस्तै, अन्य प्रशोधित वस्तु, बालीका अतिरिक्त रैथाने प्रविधिबाट तयार पारिएका गुन्द्रुक, मस्यौराजस्ता वस्तु पनि गाउँबाट सहर भित्रिएका छन् । विभिन्न क्षेत्रका विशिष्ट परिकार, जस्तै- सुदूरपश्चिमको 'माडा रोटी' र बागमती क्षेत्रको 'योमरी' पनि सहरका हाटबजार र होटेलमा पुगेका छन् ।

पहिले कोदोको ढिँडो निम्न आय भएका वर्गले खाने भन्ने सोच थियो, तर अहिले यो वर्गसँग नभई स्वास्थ्यसँग जोडिएको छ । अहिले स्वास्थ्यका लागि ढिँडो, फापर र कागुनो खानुपर्छ भन्ने सोच सहरका मानिसमा आएको छ,' ढकाल भन्छन् ।

ढकाल सहरमा रैथाने खाना भित्रिनुको पहिलो कारण स्वास्थ्यप्रतिको सचेतना देख्छन् । उनी भन्छन्, 'हाइब्रिड बाली र अत्यधिक विषादीको प्रयोगले गर्दा मानिसको स्वास्थ्य मात्र नभई प्रकृति र वातावरणको स्वास्थ्य पनि बिग्रियो । सहरमा बस्ने मान्छेको स्वास्थ्य खानाकै कारणले बिग्रियो, त्यसैले अब शुद्ध, पौष्टिकतायुक्त र स्थानीय खाना खानुपर्छ भन्ने सचेतना बढेपछि रैथाने खानाले सहरमा प्रवेश पायो ।'

बसाइँ सर्दा जिब्रोको स्वाद र संस्कृति पनि सँगै सर्‍यो । मानिस मात्रै सहर पसेन, उसले आफ्नो कला, संस्कृति, इच्छा, चाहना र आफ्नो जिब्रोको स्वाद पनि सँगै लिएर आयो । सहरमा बस्ने अधिकांश मानिस ग्रामीण परिवेशबाट आएकाले उनीहरूलाई आफ्नै गाउँघरको स्वाद प्यारो लागेको र यसैकारण रैथाने खाना सहरका भान्सामा छिरेको ढाकालको विश्लेषण छ ।

अहिलेको नयाँ पुस्तालाई आकर्षण गर्न रैथाने बालीका परम्परागत परिकारलाई आधुनिक रूप दिइएको छ । पहिले कोदोको ढिँडो वा रोटी मात्र हुन्थ्यो भने अहिले कोदोको कुकिज, सुप, बिस्कुट, मःम र फापरको मःमजस्ता विविधीकृत परिकार बन्न थालेका छन् । यसले गर्दा नयाँ पुस्ताले पनि रैथाने स्वादलाई मन पराउन थालेको उनी बताउँछन् ।

अहिले रैथाने एग्रो फुड्स नेपालजस्ता संस्थाले देशभरका करिब १० हजार किसानलाई बजारसँग जोडेका छन् । यसमा एक सय समूह, सहकारी र ६ वटा पालिकासँगको प्रत्यक्ष समन्वय रहेको छ । हिमाल, पहाड र तराईका दुर्गम भेगमा फल्ने रैथाने बालीलाई सहरको भान्सासम्म पुऱ्याउने बलियो संयन्त्र निर्माण भएको छ ।

यसको सीधा फाइदा किसानलाई पुगेको छ । ढकालका अनुसार आजभन्दा पाँच वर्षअघि किसानबाट ३५ रुपैयाँ प्रतिकिलोमा खरिद गरिने कोदो अहिले ८० देखि ९० रुपैयाँमा खरिद गरिँदै छ । बजार सिर्जना हुनु र परिकारमा विविधीकरण गरिनुले किसानले आफ्नो उत्पादनको उचित र उच्च मूल्य पाउन थालेका छन् ।

ढकालका अनुसार किसान र उपभोक्ताबिचको सेतु सहरका विभिन्न ठाउँमा (धापासी र सामाखुसी) सञ्चालित साप्ताहिक हाटबजारले करिब ३०० किसान तथा उद्यमीलाई उपभोक्तासँग सीधै जोडेका छन् । यस्ता बजारमा किसानले आफूले उत्पादन गरेका गुन्द्रुक, मस्यौरा, माडा रोटीजस्ता वस्तु सीधै बेच्न पाउँछन्, जसले गर्दा मध्यस्थकर्ता वा बिचौलियाको भूमिका कम भई किसानले बढी नाफा कमाउन सक्ने उनको अनुभव छ ।

बजार अब केवल कच्चा खाद्यान्न बिक्रीमा मात्र सीमित छैन । उपभोक्ताको स्वाद र नयाँ पुस्ताको चाहनाअनुसार बजारले कोदोको कुकिज, फापरको मःम र कागुनोको खिरजस्ता परिकार माग गरिरहेको छ । यसरी परिकारमा विविधता आउँदा बजारको दायरा फराकिलो भएको छ । यसले किसानलाई हौसला थपेको छ ।

परम्परागत परिकारलाई आधुनिक शैलीमा प्रस्तुत गर्दै सोल्टीजस्ता होटेलले नेपाली स्वादलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने प्रयास गरिरहेका छन् । सोल्टी (द सोल्टी वेस्ट्रेन)का एक्जुकेटिभ सेफ आरबी बुढाथोकीका अनुसार रैथाने परिकारलाई विशेष प्रस्तुतीकरणका साथ पस्किँदा ग्राहकमा आकर्षण बढेको छ । उनी भन्छन्, 'हामीले परम्परालाई जोगाउँदै आधुनिकता थपेका छौं । रैथाने खानालाई पाँचतारेस्तरमा उकास्नु केवल स्वादको कुरा मात्र नभई सांस्कृतिक पहिचानको पुनर्स्थापना पनि हो ।'

■ रैथाने खानाको उचाइ, किसानको पीडा उस्तै

सहरका पाँचतारे होटेलमा रैथाने खानाको माग र मूल्य दुवै उकालो लाग्दै गर्दा यसको जरोमा रहेका किसान भने अझै समस्यासँग जुधिरहेका छन् । गुन्द्रुक, ढिँडो, तामा, सिन्की, भटमास, सिस्नो, मार्सी चामल, सिमीजस्ता परिकार अहिले 'प्रिमियम मेनु'को हिस्सा बनेका छन् । तर, तिनै खाद्यान्न उब्जाउने किसानले न बजार पाएका छन्, न उचित मूल्य ।

मौलिकताका नाममा व्यापार र भ्रम दुवै मौलाएको पनि छ । अहिलेका उपभोक्ता रोगव्याधिबाट बच्न स्वस्थ र पोषणयुक्त खाना खोज्दै गाउँका रैथाने उपजतिर फर्किएका छन् । तर, बजारले गाउँको मौलिकतालाई टपक्क टिपेर व्यापारको हतियार बनाएको छ । खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारी भन्छन्,'गाउँको कुन चिज राख्दा बिक्छ, कुन मौलिक नामले उपभोक्तालाई आकर्षण गर्न वा भुक्याउन सकिन्छ भन्नेमा मात्र बजारको ध्यान छ ।'

यसको ज्वलन्त उदाहरणका रूपमा काठमाडौंका अर्ग्यानिक मार्ट र अनलाइन पसललाई लिन सकिन्छ । ती पसलले कर्णालीका सामान बेच्ने दाबी गरे पनि वास्तविकता भने फरक छ । 'किसानले रैथाने बालीको प्रवर्द्धनमा केही योगदान दिए पनि सरकारी अनुगमन फितलो हुँदा उपभोक्ता

> कृषि क्षेत्रमा आत्मनिर्भरता र स्थानीय उत्पादनको प्रवर्द्धनका नारा बारम्बार दोहोरिए पनि व्यवहारमा प्रभावकारी नीति र कार्यान्वयनको कमी देखिएको छ । ढुवानी, बजार पहुँच र मूल्य निर्धारणमा राज्यले हस्तक्षेप नगर्ने हो भने रैथाने खानाको 'ब्रान्डिङ' केवल सहरको विलासितामै सीमित रहनेछ ।

मारमा परेका छन् । उपभोक्ताले रैथानेका नाममा अन्य बालीको तुलनामा न्यूनतम १० देखि २० प्रतिशत बढी मूल्य तिरिरहेका छन्, तर त्यसको लाभांश वास्तविक किसानसम्म पुगेको छैन,' उनी भन्छन्, 'हामीले खाइरहेको कोदो वा च्याँख्ला नेपाली नै हो कि छिमेकी मुलुकबाट आयातित हो भन्ने स्पष्ट छैन । नेपालमा कोदोको उत्पादन क्षेत्र घट्दो छ, तर बजारमा कोदोको व्यापार बढेको छ । यसको कुनै अध्ययन नै भएको छैन ।'

कृषि मन्त्रालयअन्तर्गतका एकाइले रैथाने बालीको कुरा गरे पनि राज्यको मूल नीतिमा यो अझै पर्न सकेको छैन । तीनवटै तहका सरकारको प्राथमिकतामा धेरै फल्ने र आयातित बाली मात्रै छन् । जलवायु अनुकूलन र जैविक विविधताका लागि महत्त्वपूर्ण मानिने रैथाने बालीलाई प्रवर्द्धन गर्न राज्यले ठोस कदम चाल्न सकेको देखिन्न ।

कृषि क्षेत्रमा आत्मनिर्भरता र स्थानीय उत्पादनको प्रवर्द्धनका नारा बारम्बार दोहोरिए पनि व्यवहारमा प्रभावकारी नीति र कार्यान्वयनको कमी देखिएको छ । विज्ञका अनुसार यदि ढुवानी, बजार पहुँच र मूल्य निर्धारणमा राज्यले हस्तक्षेप नगर्ने हो भने रैथाने खानाको 'ब्रान्डिङ' केवल सहरको विलासितामै सीमित रहनेछ । रैथाने खानाले सहरमा प्रतिष्ठा पाएको छ, तर त्यसको लाभ किसानसम्म पुग्न सकेको छैन । गाउँमा उत्पादन भएको खाना सहरमा महँगो छ, तर उत्पादक र उपभोक्ता दुवै सन्तुष्ट छैनन् । यसबिचको खाडल पुर्न राज्यको सक्रिय भूमिका अपरिहार्य देखिन्छ । अधिकारीका अनुसार व्यापारीले मात्र फाइदा लिने तर किसानले उचित मूल्य नपाउने अवस्थाको अन्त्य गर्न सरकारी संयन्त्र बलियो हुनुपर्छ ।

किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने ग्यारेन्टी सरकारले गर्नुपर्छ । अधिकारी भन्छन्, 'यदि किसानले उचित मूल्य पाउने सुनिश्चितता भयो भने मात्र उनीहरूले खेतीको क्षेत्रफल बढाउँछन् । अन्यथा, बाँझो जमिन बढ्दै जाने र आयात झन् बढ्ने खतरा रहन्छ ।'

०००

प्रतिनिधिसभा सांसद तथा कृषि वैज्ञानिक डा. सुजाता तामाङ रैथाने बाली तथा स्थानीय खाद्य प्रणालीको प्रवर्द्धनसँगै त्यसमा देखिएका बेतिथि र चुनौतीप्रति राज्य गम्भीर हुनुपर्ने बताउँछिन् । किसानले उत्पादन गरेका रैथाने बाली तथा खाद्य सामग्री बजारसम्म प्रत्यक्ष रूपमा जोडिन नसकेको उनको बुझाइ छ । 'गाउँघरका अधिकांश रैथाने उत्पादन किसानको बारीबाटै व्यापारी तथा मध्यस्थकर्ताले खरिद गर्ने गरेको पाइन्छ । जसले किसानले बेच्ने मूल्य र उपभोक्ताले किन्ने मूल्यमा ठुलो खाडल छ । किसानले उचित मूल्य पाएका छैनन् । किसानका लागि मध्यस्थकर्ता पनि आवश्यक पर्छ । तर, किसान र उपभोक्ताबिच सुहाउँदो मूल्य हुनुपर्छ,' उनले भनिन् ।

उनका अनुसार उपभोक्ताले महँगो मूल्य तिरेर खरिद गरे पनि ती उत्पादन साँच्चै स्थानीय किसानकै बारीबाट आएको हो वा होइन भन्नेमा अन्योल देखिन्छ । रैथाने खानाको प्रवर्द्धन सकारात्मक भए पनि त्यसमा मिसावट, गलत प्रचार तथा व्यावसायिक दुरुपयोग बढ्दै गएको उनको टिप्पणी छ । रैथाने र स्थानीय नामलाई केवल व्यापारसँग जोडेर गलत अभ्यास भइरहेको उनको बुझाइ छ । स्थानीय उत्पादन केवल निर्यात र सहरकेन्द्रित मात्र नभई स्थानीय उपभोग, परिवारको स्वास्थ्य र खाद्य सुरक्षासँग पनि सम्बन्धित हुनुपर्ने उनको भनाइ छ ।

गाउँघरमा रैथाने बाली तथा बिउ हराउँदै गएकोप्रति उनको चिन्ता छ । जलवायु परिवर्तन, वातावरणीय असर तथा विगतमा सरकारले उन्नत बालीको नाममा आयातीत बिउ वितरण गरेका कारण स्थानीय बाली संकटमा परेको उनको भनाइ छ । विगतका नीतिगत कमजोरी सच्याउँदै रैथाने बाली संरक्षणमा राज्यले स्पष्ट नीति र कानुनी व्यवस्था गर्नुपर्ने उनको जोड छ । उनी भन्छिन्,'गाउँघरमा रैथाने बालीको बिउ हराउँदै गइरहेको छ । कतिपय ठाउँमा किसानले जोगाउन सकेको छैन । कतिपय ठाउँमा जलवायु परिवर्तनका कारणले रैथाने बालीहरू लोप भएका छन् । सरकारले पहिले बालीलाई उन्नत बनाउने नाममा आयातीत बिउ बाँड्यो । जसले गर्दा रैथानै बिउ हराए । हिजो भएको गल्तीलाई अब सच्याउनुपर्छ ।'

■ त्यो जित, त्यो हार

केही गौरवका पल, केही पीडाका क्षण



खेल

● **उपेन्द्रमान सिंह**
गोलकिपर तथा पूर्वकप्तान
नेपाली राष्ट्रिय फुटबल टिम

राष्ट्रिय फुटबल टोलीमा झन्डै १५ वर्ष बिताएँ। यो अवधिको खेल जीवनमा थुप्रै हार-जित भए। केही खेलले मेरो जीवनमा महत्त्वपूर्ण छाप छाडेका छन्। हारले मेरा दर्शक र समर्थकलाई निराश बनाएको छ। ती सबै अहिले इतिहास भइसकेका छन्। तर, केही क्षण भने आज पनि मनमा गहिरो गरी बसेका छन्। केही गौरवका क्षण बनेका छन्, केही पीडादायी सम्झना पनि छन्।

■ १५ दिनको अभ्यासले जितेको स्वर्णपदक

खेल जीवनमा छोटो समयको तयारीले पनि प्रतियोगिता जितेको अनुभव छ। मेरो जीवनकै सबैभन्दा अविस्मरणीय क्षणमध्ये एक सन् १९९३ मा भएको छैटौं दक्षिण एसियाली खेलकुद (साफ) हो। हामी पहिलो चरणबाट बाहिरिन्छौं भन्ने थियो। त्यो प्रतियोगितामा हामी अत्यन्तै न्यून तयारीका साथ गएका थियौं। त्यसवेला देशको खेलकुद अवस्था त्यति राम्रो थिएन। साफजस्तो प्रतियोगिताका लागि तयारी राम्रो थिएन। हाम्रो तयारीका लागि समय पनि जम्मा १५ दिनजति मात्र थियो। त्यसैले, धेरैलाई हामी पहिलो चरणमै बाहिरिन्छौं भन्ने लागेको थियो। हाम्रो आत्मविश्वास पनि धेरै बलियो थिएन। हामी ढाका पुग्यौं।

पहिलो खेल घरेलु टोली बंगलादेशसँग थियो। त्यो समय बंगलादेश फुटबलमा व्यावसायिक रूपमा उच्च थियो। त्यहाँका खेलाडीले त्यो वेला लाखौं (२४-२४ लाख) पारिश्रमिक पाउँथे। उनीहरूको तयारी उत्कृष्ट थियो, मलेसियामा 'क्लोज क्याम्प' राखेका थिए, घरेलु मैदानको साथ पनि थियो। उनीहरूले आफ्नो देशमै आयोजना भएको साफ गेम्स जित्छु भन्ने तयारीमा थिए। हामीले भने १५ दिनको तयारी गरेका थियौं। जर्सी पनि त्यति राम्रो थिएन।

> जितले खुसी दिन्छ, सम्मान दिलाउँछ, मानिसको माया दिलाउँछ। तर, जितसँगै घमन्ड पनि आउन सक्छ। धेरै खेलाडी स्टार बनेपछि ओभर कन्फिडेन्ट भएर हारेको देखेको छु। त्यसैले हार र जित दुवैलाई समान रूपमा लिनुपर्छ। हार्दा आत्तिनुहुँदैन, जित्दा मात्तिनुहुँदैन।

त्यहाँ पुगेपछि हामीले एउटा आर्मी टोलीसँग मैत्रीपूर्ण खेल खेल्यौं। उनीहरूसँग हामी हार्‍यौं। त्यसपछि त बंगलादेशको टिमले 'नेपाललाई हाम्रो राष्ट्रिय टोलीले सजिलै हराउँछ' भन्न थालेका थिए। सिनियर र जुनियर खेलाडीबिच राम्रो समन्वय थियो। म त्यतिवेला १८-१९ वर्षको मात्र थिएँ। मणि शाह, राजुकाजी शाक्य, उमेश प्रधान, देवनारायण चौधरीजस्ता अनुभवी खेलाडी हाम्रो टिममा थिए। यद्यपि, तयारी धेरै थिएन। हामी खेलाडीबिच पनि हारिन्छ होला भन्ने थियो। 'हाम्रो बेइज्जत हुने भयो' भनेर कुराकानी हुन्थ्यो। तर, हाम्रो टोलीमा एकता र जोस थियो।

टिममा मभन्दा सिनियर पनि हुनुहुन्थ्यो। सिनियरले हामीलाई हौसला दिनुहुन्थ्यो। हामी जोसका साथ मैदानमा उत्रियौं। ढाकाको रंगशाला दर्शकले भरिएको थियो। खेलमा उनीहरू टेक्निकल रूपमा हामीभन्दा धेरै बलिया थिए। हामीलाई लगातार आक्रमण गरिरहेका थिए। मैले केही बल बचाएँ, केही बल पोलमा ठोक्किए। उनीहरूले हामीलाई लगातार प्रहार गरिरहे। तर, अचानक हाम्रो टिमबाट वसन्त गुरुङले गोल गरे। एक गोल खाएपछि उनीहरू आक्रामक रूपमा खेल्न थाले। त्यसपछि हामी पूर्ण रूपमा रक्षात्मक भयौं। हामी सबै डिफेन्सिभ खेल्न थाल्यौं। हामीले ९० मिनेटसम्म गोल जोगायौं र बंगलादेशलाई हरायौं। त्यो जित अप्रत्याशित थियो।

त्यसपछि हामीले श्रीलंकालाई एक गोलले जित्यौं। त्यसवेला ग्रुप फस्टले एकैचोटि फाइनल खेल्न पाउँथ्यो। त्यसपछि हामी फाइनलमा भारतसँग खेल्यौं। भारत पनि उत्तिकै बलियो टिम थियो। खेल २-२ को बराबरीमा सकियो। अतिरिक्त समयपछि खेल टाइब्रेकरमा पुग्यो। मैले दुइटा प्रहार बचाएँ। नेपालले फुटबलमा ऐतिहासिक स्वर्णपदक जित्यो। नेपालले त्यतिवेला जितेको एक मात्र स्वर्णपदक थियो। देशको इज्जत फुटबलले जोगाएको अनुभूति भएको थियो। त्यो क्षण मेरो जीवनको सबैभन्दा ठुलो र अविस्मरणीय क्षण हो।

■ घरेलु मैदानमा हार्दाको क्षण

मेरो खेल जीवनमा अत्यन्त दुःखद क्षण पनि छ, त्यो हो आफ्नै घरेलु मैदानमा भएको आठौं साफ गेम्स। त्यो प्रतियोगिताका लागि हाम्रो तयारी निकै राम्रो थियो। विदेशी प्रशिक्षक स्टेभन कन्सटाइन पनि थिए। नेपालमै आयोजना भएको आठौं साफ गेम्स थियो। त्यसवेला माल्दिभ्सलाई सेमिफाइनलमा जितेर फाइनलसम्म पुग्यौं। फाइनल बंगलादेशसँग थियो।

तर दुर्भाग्यवश, मैले फाइनल खेल्न पाइनँ। सेमिफाइनलसम्म मैले थुप्रै बल रोकें। फाइनलसम्म पुऱ्याउन ठुलो योगदान दिएँ। त्यो पाकिस्तानविरुद्धको खेलमा एउटा 'येल्लो कार्ड' खाएको थिएँ। सेमिफाइनलमा माल्दिभ्सविरुद्ध खेल्दा फेरि अर्को येल्लो कार्ड पाएँ। किनभने, त्यो वेला जित्नैपर्ने दबाब थियो। हामीले एक गोलले लिड गरेका थियौं। माल्दिभ्स आक्रामक रूपमा खेलिरहेको थियो। हामीले रणनीतिक रूपमा बल डिले गर्ने भन्ने सल्लाह गर्‍यौं। मैले बल अलि डिले गरेको थिएँ। त्यसैले, गर्दा येल्लो कार्ड पाएँ। क्वालिफाई राउन्ड र सेमिफाइनलमा दुइटा येल्लो कार्ड खाएँ। टिम फाइनल पुग्यो। दुई येल्लो कार्ड भएपछि नियमअनुसार फाइनलका लागि निलम्बित भएँ। फाइनल खेल खेल्न पाइनँ। त्यो मेरो जीवनकै सबैभन्दा ठुलो पीडा हो। आफ्नै देश, आफ्नै मैदान, दशरथ रंगशालामा हजारौं दर्शकबिच हुने फाइनल खेल मैले हेरेर बस्नुपऱ्यो। टिम पनि बंगलादेशसँग हाऱ्यो। मलाई अझै लाग्छ- यदि म मैदानमा भएको भए सायद परिणाम फरक हुन सक्थ्यो। त्यो हारले मलाई व्यक्तिगत रूपमा निकै दुखायो। समर्थक पनि निराश भएका थिए। यो प्रतियोगिता जीवनमा कहिल्यै बिर्सन सक्दिनँ।

■ हार्दा पनि खुसी

त्यसपछि पनि धेरै सम्झना छन्। सन् १९९८ विश्वकप छनोटअन्तर्गत जापानसँग टोकियोमा खेलेको खेल पनि विशेष छ। जापान त्यतिवेला विश्वकप खेल्नेस्तरको टोली थियो। हामी धेरै गोल खाने डरमा थियौं। तर, हामीले निकै संघर्ष गर्नुपऱ्यो। अन्ततः ३-० ले मात्र हार्नुपऱ्यो। त्यो हार पनि हामीलाई जितजस्तै लागेको थियो। नेपाली समर्थक निकै खुसी भएका थिए।

मेरो खेल जीवनमा घरेलु फुटबलमा पनि थुप्रै उपलब्धि छन्। थ्री स्टार क्लबबाट खेल्दा हामी लिग च्याम्पियन भयौं। नेपालमा पहिलोपटक गाडी पुरस्कार पाउने खेलाडीमध्ये म पनि पर्ँे। त्यो पनि मेरो जीवनको ठुलो उपलब्धि हो।

मेरो अनुभवमा फुटबलले मानिसलाई अनुशासन सिकाउँछ। हार र जित दुवै जीवनका महत्त्वपूर्ण पाठ हुन्। सुरुमा हार्दा जीवन नै सकिएजस्तो लाग्थ्यो। तर, पछि बुझ्थियो, हारले सिकाउँछ, सुधार्ने मौका दिन्छ। हारले अर्को जितको बाटो खोलिदिन्छ।

जितले खुसी दिन्छ, सम्मान दिलाउँछ, मानिसको माया दिलाउँछ। तर, जितसँगै घमण्ड पनि आउन सक्छ। धेरै खेलाडी स्टार बनेपछि ओभर कन्फिडेन्ट भएर हारेको देखेको छु। त्यसैले हार र जित दुवैलाई समान रूपमा लिनुपर्छ। हार्दा आत्तिनुहुँदैन, जित्दा मात्तिनुहुँदैन। निरन्तर मिहिनेत र अनुशासन नै खेलाडीको सबैभन्दा ठुलो शक्ति हो।

सिमाना



● **लोकेश साउद**



काठमाडौंलाई कालापानी कहिले दुख्छ ?

सीमावासीको एउटै माग छ–
सरकारले नयाँ बजेटमा 'महाकाली करिडोर'का लागि करोडभन्दा माथि उक्लेर केही अर्ब रकम विनियोजित गरोस्

पछिल्लो साता अतिक्रमित भूमि लिपुलेक, लिम्फियाधुरा र कालापानी क्षेत्रमा भारतीय गतिविधि र नेपाल पक्षको प्रतिक्रिया अर्को चर्चाको विषय बन्यो। भारतले ५० जनाको १० वटा समूह आउँदो जुन महिनादेखि अगस्टसम्म लिपुपास भएर मानसरोवर यात्रामा पठाउँदै छ। भारतको यो कदमलाई यहाँको धार्मिक पर्यटन र चीनसँग यातायातको सुरुवाती अभ्यासका रूपमा लिइएको छ। यसको व्यवस्थापकीय पाटोमा उत्तराखण्डको पिथौरागढ जिल्ला प्रशासनले तयारी थालेको छ।

गत भदौ पहिलो साता चिनियाँ विदेशमन्त्री वाङ यीको भारत भ्रमणका वेला भारतीय समकक्षी एस जयशंकरसँग दुई देशबिच लिपुपास भएर व्यापार खोल्ने सहमति भएको थियो। भारतको विदेश मन्त्रालयले अनुमति दिएसँगै उत्तराखण्ड राज्य सरकारले पास (अनुमति) दिने अफिसर र मुद्रा विनिमयका लागि बैंक तथा भन्सारजस्ता व्यवस्थापकीय कार्ययोजना बनाइरहेका छन्। भारतीय समाचार एजेन्सी पिटिआईका अनुसार बास, ट्रान्जिट क्याम्प, बैंकिङ सेवा, सञ्चार, सुरक्षा र स्वास्थ्य सुविधा कार्ययोजनामा समावेश हुनेछन्।

दार्चुलाको अतिक्रमित भूमिमा भारतले अत्यन्तै व्यवस्थित तरिकाले चीनसँगको यातायात सेवा सञ्चालन गर्न थालेपछि पछिल्लो साता प्रतिकूल मौसमबिच जिल्ला सदरमुकाम खलंगा पुग्दा कांग्रेस नेता दिलेन्द्र बडू भेटिए। एकाबिहानैबाट परिरहेको झरीमा रुझ्दै खलंगामा नेता बडूसँग हामीले त्रिदेशीय सीमा विवादबारे कुरा गर्‍यौं। उनीसँग कुरा गर्दा नेपालले पठाएको कूटनीतिक नोट र भारतले दिएको जवाफबारे सर्वत्र चर्चा भइरहेको थियो। बडूले आपसी संवादबाट सीमा समस्याको समाधान निकाल्नुपर्ने तर्क दोहोऱ्याए। साथै उनले चीनलाई पनि यो मामलामा भूमिका खेल्न अनुरोध गरे। उनले भने, 'यो भारत र नेपालको मात्र विषय होइन, यो चीनसँग पनि जोडिएको छ। चीनले यो विषयमा सहयोग गरेन भने समाधान गर्न गाह्रो छ। तीनवटै देश मिलेर निकास खोज्नुपर्छ।'

नेता बडूले सीमा विवादको हल तत्काल कठिन भएको बताए। यद्यपि, तुरुन्तै चाल्न सकिने कदमबारे बालेन्द्र नेतृत्वको सरकारलाई सुझाएका छन्। उनले भनेका छन्, 'सीमानाकाका जनताको दुःख सरकारले बुझ्नुपर्छ। भारतले उसको भूमिबाट छाडरु र तिंकरका बासिन्दालाई हिँड्न दिएर अहिलेसम्म सहयोग गरिरहेको छ। भोलि बाटो दिएन भने त्यो क्षेत्रका बासिन्दाले धेरै दुःख पाउँछन्। जनताको सहजता र सरकारको पहुँचका लागि त्यहाँ सडक पुऱ्याउनु जरुरी छ।' यो माग दिलेन्द्र बडूको मात्र होइन, अतिक्रमित भूमिमुनिका आमबासिन्दाको साझा माग हो।

लिपुलेकमा नेपाल-भारत सीमा विवादको शृंखला अहिलेको होइन। तर, विवाद चर्किएको भने दशक बितेको छ। सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी चीन भ्रमणमा जाँदा 'लिपुपास हुँदै व्यापार गर्ने' सहमति भएपछि विवादले चर्को रूप लियो। उक्त सहमतिप्रति तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले विरोध गर्दै भारत र चीन दुवै देशलाई कूटनीतिक 'नोट' पठाएको थियो। भारतले त्यसको बेवास्ता गर्दै यो क्षेत्रमा सडक निर्माणलाई निरन्तरता दिइरह्यो। सन् २०१९ नोभेम्बरमा भारतले जारी गरेको नयाँ नक्सामा लिपुलेक क्षेत्र भारतीय सीमाभित्र समेटियो। त्यसपछि दुई देशबिचको विवाद झनै चर्कियो। भारतले कूटनीतिक माध्यमबाट विवादलाई समाधान गर्न रुचि नदेखाएपछि नेपालले जेठ २०७७ मा संविधान संशोधन गरेर लिम्पियाधुरासम्मको भूभागलाई समेटेर आफ्नो नयाँ नक्सामा समेट्यो। त्यसयताका दिनमा त्रिदेशीय नाकाको विवादले हालसम्म निरन्तरता पाइरहेको छ।

अहिले दुईतिहाइको शक्तिशाली सरकारले नयाँ बजेट ल्याउने तयारी गरिसकेको छ। बजेटको पूर्वसन्ध्यामा लिपुखोला र लिम्फियाधुराबाट बगेर आएको महाकालीको किनारमा दार्चुलेली समुदायसँग भलाकुसारी गर्दा उनीहरूको एउटै माग थियो, 'त्रिदेशीय क्षेत्रमा हाम्रो सडक छिटो पुऱ्याइदिनुपऱ्यो।'

सडकको कुरा गर्दा भारतले त्यो जटिल भूगोलमा कसरी दुई लेनको पक्की सडक निर्माण गऱ्यो भन्ने महत्त्वपूर्ण हुन्छ। धार्चुलाभन्दा माथि ३६ किलोमिटरपछिको ७५ किलोमिटर खण्डमा ट्वाक खोल्न मात्रै झन्डै साढे ६ अर्ब नेपाली खर्च गरिएको थियो। मोदी सरकारको 'चारधाम हाइवे प्रोजेक्ट'अन्तर्गत १२ हजार करोड खर्च गरेर नौ सय किलोमिटर राजमार्ग निर्माण गर्ने लक्ष्यअन्तर्गतको एक खण्ड लिपुलेक हुँदै कैलाश मानसरोवर सडक हो।

मध्यपहाडी लोकमार्गको पश्चिमी बिन्दु झुलाघाँटबाट ३५ किलोमिटर पर एक लाख जनसंख्या भएको पिथौरागढ सहर छ। त्यहाँबाट धार्चुलासम्म ९३ किलोमिटर दूरी छ। भारततर्फ धार्चुलादेखि घट्टेबगडसम्म ३६ किलोमिटर दुई लेनको सडक छ। तिब्बतको सीमा लिपुलेक पुग्ने बाँकी ७५ किलोमिटरमध्ये अधिकांश क्षेत्रमा समेत पक्की सडक निर्माण भइसकेको छ।

भारतीय सेनाको बोर्डर रोड अर्गनाइजेसन (बिआरओ) ले एउटा भिडियो सार्वजनिक गरेको थियो। त्यो हेर्दा थाहा हुन्छ कि कठिन चट्टान फुटाएर सडक निर्माण गर्नु

साप्ताहिक राशिफल

२६ वैशाख ०८३ (शनिबार)
१ जेठ ०८३ (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद्। मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा आर्थिक समस्या निराकरण गर्ने उपाय पत्ता लाग्नेछ। बन्दव्यापार र साझेदारीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ। बिहीबारपछि जीवनसाथी वा बालबच्चासँग कुराकानी गरी व्यावहारिक जानकारी लिनु असल हुनेछ। आफूमुनिका नातेदार वा बालबच्चासित राम्रो व्यवहार गर्नुहोला। इष्टमित्रको शुभकामना प्राप्त गर्न सकेमा शुभफल प्राप्त हुनेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आत्मविश्वास र शीघ्र निर्णय गर्ने क्षमता अभिवृद्धि हुनेछ। आम्दानीमा समेत बढोत्तरी हुनेछ। अभिभावकवर्गको आशीर्वाद प्राप्त हुनेछ। राम्रो समाचार सुन्न पाउनुहुनेछ। साताको अन्त्यमा स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनुहोला। तपाईंको व्यक्तिगत दृष्टिकोण उल्टो हुने देखिन्छ, नयाँ काम नथाल्नु होला।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

घरपरिवारमा खुसीको वातावरण सिर्जना हुनेछ। आत्मविश्वास र शीघ्र निर्णय गर्ने क्षमता अभिवृद्धि हुनेछ। रोकिएका कामसमेत सम्पादन हुनेछन्। पढाइमा पनि राम्रै प्रगति हुनेछ। दूरदर्शिताको सर्वत्र चर्चा हुनेछ। मायाप्रेम र भावनात्मक क्रियाकलापमा समय व्यतीत हुनेछ। सहयात्रीबाट प्राप्त सल्लाहबाट गरिएको कामबाट फाइदा हुनेछ। सन्तान पक्षको राम्रो माया मिल्नेछ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

घरबाहिर जानुपर्ने सम्भावना देखिन्छ। पारिवारिक समस्यामा केन्द्रित हुनाले फुर्सद निकाल्न सकिँदैन। सामाजिक र परोपकारका मार्गमा अवरोध हुनेछ। स्वास्थ्यमा देखापरेका समस्या निराकरण हुनेछन्। जोसँग जतिवेला बोले पनि बडो विचार पुऱ्याएर मात्रै बोल्नु राम्रो हुनेछ। छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ। आमा वा मामाको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने समय छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

मानसम्मान र प्रतिष्ठामा बढोत्तरी हुनेछ। दीर्घकालिक योजनालाई मूर्त बनाउन चिन्तन महत्त्वपूर्ण बन्न सक्छ। वैदेशिक रोजगारी गर्नेहरूले घरायसी कुरा सम्झेर समय बिताउनेछन्। छोराछोरीको स्वास्थ्य एवं पढाइप्रति जिम्मेवारी बोध हुनेछ। बिहीबारपछि अध्ययन, अध्यापन र लेखनकार्यमा सफलता प्राप्त हुनेछ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुनेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

बौद्धिक क्रियाकलापप्रति झुकाव बढ्नेछ। भाइबहिनी र छोराछोरीले सहयोग गर्नेछन्। नातेदार र कुटुम्बले काममा सहयोग गर्नेछन्। प्रतियोगितात्मक क्रियाकलापमा सफल हुनुहुनेछ। साताको मध्यभागमा कृषिकार्यतिर मन जानेछ। प्रयाससाध्य समय छ, धैर्य गर्नुपर्छ। साथीहरूसित मनोरञ्जनको अवसर जुर्नेछ। आत्मविश्वासमा अभिवृद्धि हुनेछ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

शुभ समाचार प्राप्त हुनाले मन फुरुंग हुनेछ। समयलाई उपयोग गर्न सके राम्रो फाइदा लिन सकिनेछ। उत्साहवर्द्धक समय हुनेछ। कतै रमाइलो यात्रामा निस्कन सक्नुहुन्छ। आतिथ्यपूर्ण सम्मान र मिठो भोजनको प्राप्ति हुनेछ। बिहीबारपछि सामाजिक काममा संलग्न हुनुपर्ला। धार्मिक वा सामाजिक सेवाका काममा प्रशंसित हुने अवसर प्राप्त हुनेछ। मित्रबाट विशेष सहयोग र सुख प्राप्त हुने देखिन्छ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

धैर्यले काम लिने समय छ। छरछिमेकमा भने केही असमझदारी बढ्ने योग छ। बुधबारदेखि सकारात्मक समय सुरु हुनेछ, कुनै नयाँ उद्योगधन्दा वा व्यवसायको थालनी गरेमा व्यावहारिक रूपमा फाइदा पुग्नेछ। साताको अन्त्यमा सम्पत्ति प्राप्त गर्ने सम्भावना छ। पारिवारिक जीवन सन्तोषप्रद हुनेछ। साझेदार वा सहयोगीको संगतले लाभ प्राप्त हुने सम्भावना छ। विदेशबाट राम्रो समाचार प्राप्त हुनेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

विगतमा भएका राम्रा क्रियाकलापको स्मरण हुनेछ। मेवा मिष्टान्न परिकार मिल्नेछ, भेटघाट राम्रै होला। भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुने सम्भावनासमेत छ। राज्यपक्षबाट सम्मानित हुने अवसर पाइनेछ। घुमघाम र मनोरञ्जनका क्रममा निराशा भोग्नुपर्छ। नियमित तथा दैनिक कामधन्धा र व्यवसायबाट राम्रो फाइदा हुनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

लामो दूरीको लाभदायक यात्राको सम्भावना छ। सामाजिक र पारिवारिक सम्बन्ध सुदृढ हुनेछ। प्रतिस्पर्धी परास्त हुनेछन्। आम्दानी बढ्नेछ। सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। घरपरिवार र नातेदारमा सुमधुर सम्बन्ध कायम हुनेछ। साताको अन्त्य राम्रो चैन, खर्चको मात्रा ह्वात्तै बढ्न सक्छ। प्रशासनिक झैझमेला वा आरोप व्यहोर्नुपर्ने हुन सक्छ। प्रेम सम्बन्धमा तिक्तता आउने योग छ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

पारिवारिक जीवन सामान्य रहनेछ। पशुपालक र दुग्ध व्यवसायमा संलग्नहरूले मनग्ये लाभ प्राप्त गर्नेछन्। विशिष्ट व्यक्तिको सहयोग र सल्लाहले स्वास्थ्यमा सकारात्मक संकेत देखिनेछ। भाइबहिनी वा सन्ततिका तर्फबाट खुसीको खबर प्राप्त हुनेछ। त्यस्तै, साताको अन्त्यमा साथीभाइ र नातेदारबाट उपयोगी सल्लाह र सहयोग प्राप्त हुनेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

मित्रवर्ग र बन्धुवान्धवले राम्रो सहयोग प्रदान गर्नेछन्। कतिपय राम्रा अवसर प्राप्त गर्नुहुनेछ। आफन्त र मित्रहरूसँग भेटघाट र रमाइलो गरिनेछ। साताको अन्त्यमा विभिन्न जिम्मेवारी निर्वाह गर्नुका साथै दौडधुप गर्नुपर्नेछ। यात्रा रमाइलो हुनेछ। स्वास्थ्यमा अचानक सानो समस्या देखिन सक्छ, तर डराइहाल्नुपर्दैन। आफन्तबाट भनेजस्तो सहयोग नपाइएला, तर काममा बाधा हुनेछैन।

समीक्षा



● **बाबु साहेब**

भौगोलिक र सामाजिक दृष्टिले नियाल्दा गण्डकी र कर्णाली प्रदेश दुवैमा समानता पनि छन्, असमानता पनि छन्। मुख्यतः दुवै प्रदेशका आआफ्नै असंख्य कथा छन्, उपकथा छन्। कर्णाली जाजरकोटवासी क्षितिज समर्पणले गण्डकीको मुहान क्षेत्र मुस्ताङको कथा उधिन्ने साहस गरेका छन् र नाम दिएका छन्-'तोरकिन'।

लेखक समर्पणको पहिलो उपन्यास 'तोरकिन' उपल्लो मुस्ताङका कथाका छुट्टाछुट्टै थुंगाको महक र सुन्दरता नबिगारी उनेको कथैकथाको शब्दमाला हो। 'तोरकिन'मा लेखकले यति जादुयी शिल्प उनेका छन् कि पुस्तक पढिरहँदा पटकपटक लागिरह्यो कुनै गाउँको कथा त्यही गाउँमा नाभी गाडिएको एउटा रैथाने लेखकबाहेक अरू कसैले यति सुन्दर तरिकाले कसरी लेख्न सक्छ ? यही प्रश्नको रोमाञ्चकतालै पछ्याइरह्यो।

'तोरकिन' मित्रताको कथा हो। प्रेमले दिने आनन्द र पीडाको कथा हो। उजाडिँदै गइरहेका हाम्रा पहाड र पर्वतको कथा हो।





बजेटको पूर्वसन्ध्यामा लिपुखोला र लिम्पियाधुराबाट बगेर आएको महाकालीको किनारमा दार्चुलेली समुदायसँग भलाकुसारी गर्दा उनीहरूको एउटै माग थियो, **'त्रिदेशीय क्षेत्रमा हाम्रो सडक छिटो पुऱ्याइदिनुपऱ्यो ।'**

कति चुनौतीपूर्ण थियो । यसरी निर्माण भएको सडकले दिल्लीलाई सबैभन्दा छोटो दूरी (करिब साढे छ सय किमि)मा चीनसँग जोड्छ । अबका केही वर्षपछि उत्तराखण्डदेखि उत्तर प्रदेश हुँदै दिल्लीसम्मका लाखौँ हिन्दु धर्मावलम्बी यही बाटो प्रयोग गरेर कैलाश मानसरोवर पुग्नेछन् । जसको सुरुवात भारतले अर्को महिनादेखि गर्दै छ । स्तरीय सडक बनेपछि भारतीयले सातदेखि १० दिनमा यो यात्रा पूरा गर्न सक्नेछन् । धार्मिक मात्र होइन, चीनसँगको व्यापारिक तथा सामरिक हिसाबले पनि यो नाका उत्तिकै महत्त्वपूर्ण छ ।

महाकाली करिडोर र भारतको बाटो

भारतको बनवासाबाट लिपुलेकसम्म जोड्ने सडकको लम्बाइ तीन सय ७३ किलोमिटर छ । तर, नेपालले बनाउने सडकको लम्बाइ चार सय १३ किलोमिटर अनुमान गरिएको छ । उस्तै भूगोलबाट निर्माण भइरहेको सडकको दूरी अलिकति फरक पर्नु त ठिकै छ हो । यसलाई तन्काएर ४० किलोमिटर लामो किन बनाइयो भन्ने सवालको जवाफ कसैसँग छैन । महाकालीको पल्लो किनारातर्फ भारतले २१ वर्ष लगाएर यो सडक सम्पन्न गरेको हो । महाकालीवारि कञ्चनपुरको ब्रह्मदेवदेखि चीनको तिंकर भञ्ज्याङसम्म जोड्ने महाकाली करिडोर उद्घाटन गरेको पनि दुई दशक हुन लाग्यो ।

वि.सं. ०६५/०६६ देखि सुरु भएको यो सडकको निर्माण गति, बजेट, प्रगति हेर्दा यो कुनै गाउँपालिकाले खनिरहेको ग्रामीण सडकजस्तै लाग्छ । महाकालीको किनारैकिनार तिंकर भञ्ज्याङसम्म कुल चार सय १३ किलोमिटर 'महाकाली करिडोर' निर्माण गर्न १८ अर्बको डिपिआर तयार भएको छ । हालसम्म करिब तीन अर्ब खर्च भएको दार्चुला-तिंकर सडक आयोजना प्रमुख ईश्वर कार्की बताउँछन् । यो सडकको उपल्लो खण्डमध्ये ७९ किलोमिटर खण्ड सरकारले सेनालाई जिम्मा दिएको छ । ब्रह्मदेवदेखि दार्चुलासम्म करिब ४५ किमि ट्र्याक खुल्न बाँकी छ । आयोजना प्रमुख कार्कीका अनुसार डडेल्धुरामा २७ किलोमिटर तथा बैतडीको शिवनाथ, पञ्चेश्वरमा दुई किमि र दशरथचन्द नगरपालिकाको ईश्वरीगाडनजिक एक किमि बाँकी छ । यता दार्चुलाको लेकम र मालिकार्जुन गाउँपालिकामा १६ किमिबाहेक ट्र्याक खुलिसकेको छ । दार्चुला खलंगाबाट ४५ किमिभन्दा माथि उत्तरतर्फ कडा चट्टानवाला कठिन भूगोल छ । यो फोड्न निकै समय र खर्च लाग्छ ।

अबको एक वर्षमा दार्चुलादेखि कञ्चनपुरसम्म सडकको ट्र्याक खोलिसक्ने महाकाली करिडोर सडक आयोजनाले बताएको छ । थप १५ अर्ब आवश्यक भएको सडकमा यो वर्ष ४० करोडको परिधिभित्र रहेर बजेट बनाउनुपर्ने अवस्था रहेको आयोजना प्रमुख कार्कीले बताए ।

कालापानीवारिको छाङरुबाट उत्तर पश्चिमतर्फ अतिक्रमित भूमि पर्छ । जहाँ गुञ्जी, नावी, कुटी, कालापानी, नाविडाँगलगायत हिमाली बस्ती छन् । तर, सडक छाङरुबाट उत्तरपूर्वको तिंकर खोलातर्फ सर्वेक्षण भएको छ । अतिक्रमित क्षेत्रमा हाम्रो पहुँचका लागि यो सडक तिंकर खोला होइन, महाकाली किनारैकिनार उत्तर-पश्चिम कौवालेक हुँदै कालापानी र लिम्फियाधुरातर्फ निर्माण हुनुपर्ने हो, जुन असम्भव छ ।

एक अर्ब ४४ करोड जनसंख्या भएको देश भारतका प्रधानमन्त्रीको ड्रिम परियोजनाभित्र लिपुलेक जोड्ने सडक परेको छ । तर, तीन करोड जनसंख्या भएको हाम्रो देशका दुई दर्जन राष्ट्रिय गौरवका आयोजनाभित्र महाकाली करिडोर किन पर्न सक्दैन ? छिमेकीले किन सीमा मिच्यो ? किन सडक बनायो ? किन चीनसँग व्यापार सुरु गऱ्यो ? भनेर सरकारले कूटनीतिक नोट निरन्तर पठाइरहेकै छ । साथसाथै यो क्षेत्रमा प्राथमिकतासाथ पहुँचमार्ग बनाउन पनि त सक्थ्यो । कालापानीको समस्यालाई राजधानीसम्म पहिलोचोटि पुऱ्याउने दार्चुलाका नेता स्व. प्रेमसिंह धामीले भनेको कालजयी भनाइ छ, 'काठमाडौंलाई कालापानी किन दुख्दैन ?' त्यसैले त दार्चुला सदरमुकाम खलंगाबाट लिपुलेकतर्फ जाने मूल गेटमै दार्चुलावासीले आफ्नो भावना व्यक्त गर्न ठुलो अक्षरमा लेखेका छन्, 'काठमाडौंलाई कालापानी किन दुख्दैन ?' उनीहरूले भनेजस्तै कालापानीको पीडा काठमाडौंलाई कहिले महसुस हुन्छ ?

कालापानीवारिको नेपाली बस्तीका दुई गाउँ छाङरु र तिंकर हुन् । यो उच्च हिमाली क्षेत्रमा मौसम बिग्रिनेबित्तिकै हिउँ पर्न थाल्छ । त्यहाँ बिजुली छैन । फोनको नेटवर्कले काम गर्दैन । अतिक्रमित क्षेत्रको गुञ्जी, नावी, कुटीलगायत बस्ती हामी हाम्रै हुन् भनेर दाबी गरिरहेका छौँ । तर, त्यहाँका बासिन्दासँग भारतीय रासन कार्ड, भोटर कार्ड मात्रै होइन, भारत सरकारले हरेक क्षेत्रमा आरक्षण व्यवस्था गरेको छ । यतिबेलासम्म त उनीहरू नेपाली बोल्नसमेत बिर्सेर हिन्दी बोल्ने भइसकेका छन् । तत्काललाई सीमावासीको एउटै माग छ । सरकारले नयाँ बजेटमा 'महाकाली करिडोर'का लागि करोडभन्दा माथि उक्लेर केही अर्ब रकम बिनियोजित गरोस् । ब्रह्मदेवदेखि तिंकरसम्म जोड्ने करिडोरलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाइदेओस् । र, जतिसक्दो छिटो कालापानीवारिसम्म सडकको पहुँच पुगोस् । आशा गरौं, कालान्तरमा अतिक्रमित त्यो भूमि नेपालको हुनेछ ।

त्रिदेशीय विन्दुको पर्यटकीय सम्भावना

यो क्षेत्र अत्यन्तै मनमोहक छ । सीमापारि भारतको भन्दा नेपालतर्फको उपल्लो भूभाग तुलनात्मक रूपमा समथर र हरियाली जंगलले ढाकेको छ । बहुमूल्य जडीबुटी यार्चागुम्बा, उच्च हिमाली भूभागका रमाइला दृश्य अवलोकन गर्दै कैलाश मानसरोवरको यात्रामा निस्कनेका लागि यो क्षेत्र कति महत्त्वपूर्ण र सुन्दर छ भन्नलाई त एकचोटि यहाँ पुग्नैपर्छ । सुदूरपश्चिम प्रदेशको सबैभन्दा उँचो अपी हिमाल (७१३२ मिटर) र अपी नाम्पा संरक्षित क्षेत्र यहीं पर्छ । छाङरुबाट अपीको पश्चिमी बेसक्याम्प धेरै टाढा छैन । छेउमा बगिरहेको महाकालीको आवाज सुन्दै अपी चढ्न जाने र तिंकर भञ्ज्याङको पिल्लर नं. १ सम्म घुमेर आउनेहरूलाई छाङरुमा होमस्टे बनेका छन् । खम्पा विद्रोही गे वाङ्दीलाई नेपाली सेनाले इन्काउन्टर गरेर गौरवमय इतिहास रचेको क्षेत्र पनि तिंकर गाउँभन्दा केही किलोमिटर मात्र उत्तरमा छ । यहाँ आउने हरेक पर्यटकले स्वर्गीय आनन्द महसुस गर्न सक्छन् ।

सेलो संगीतकी सेतु निर्मला

संगीत



● शान्ति तामाङ



देश र विदेशका दर्शकबिच भावनात्मक सेतु निर्माण गर्छ । 'सेलो गीत फैलिनुको विभिन्न कारण छन् । तामाङ समुदाय आफैँ पनि सांगीतिक समुदाय हो । सेलोको ट्युनिङ मिठो हुन्छ । सबै दर्शक श्रोतालाई यसले तुरुन्तै आकर्षण गर्छ । त्यसैले पनि सेलो संगीतको विश्वव्यापीकरण भएजस्तो लाग्छ,' उनी भन्छिन् । उनको कोसिसले भन्छ, यदि निरन्तर कोसिस गरिरहने हो भने स्थानीय कला पनि विश्वव्यापी बन्न सक्छ ।

उनी विदेशमा सांगीतिक कार्यक्रममा पुग्दा सबै समुदायलाई समेट्ने गीतहरू पनि गाउँछिन् । 'तामाङ समुदायले नै कार्यक्रम आयोजना गरे पनि गैरतामाङको पनि उत्तिकै सहभागिता हुन्छ । त्यो कुरालाई ख्याल गर्दै हामीले आफ्नो मेलोडी त गाउनै पर्छ । हाम्रो भाषाको गीत प्राथमिकतामा राख्नैपर्छ,' उनी भन्छिन्,'सबै समुदायको उपस्थिति भएको कारण लोकभाका, आधुनिक, लोकपप सबै खालका गीत गाउने कोसिस हुन्छ ।'

तामाङ सेलोको विश्वव्यापीरकणमा जोडिन पाउँदा खुसी लागेको बताउँछिन् । 'कलाकारितामै आफ्नो ऊर्जा, समय, लगाव सबै कुरा लगानी भएको कारण अन्तर्राष्ट्रिय कार्यक्रममा सेलो गीतसँगै पुग्न पाउँदा खुसी लाग्छ,' उनी भन्छिन्, 'हामीलाई यहाँ पुऱ्याउने माध्यम सेलो बनेको छ । म व्यक्तिको रूपमा नभएर कलाकार, गायिकाको रूपमा अन्तर्राष्ट्रिय मञ्चमा पुगेको हुँ । यो ठाउँमा पुग्दा गर्व नै लाग्छ ।'

सेलो गीतका नाममा पछिल्लो समय देखिएको विकृतिप्रति भने सजग हुनुपर्ने उनको तर्क छ । 'हामी कस्तो संगीतमा रमाइरहेका छौं । त्यो संगीतले समुदायलाई कसरी प्रतिनिधित्व गर्छ ?, संगीतले समुदायको सांस्कृतिक समृद्धिमा टेवा पुऱ्याउँछ कि पुऱ्याउँदैन ? भनेर अध्ययन गर्नुपर्छ । सेलो गीत भनेर गाइएका गीत साँच्चै सेलो हो कि होइन त्यो हेर्नुपर्छ,' उनी भन्छिन्,'तामाङ समुदाय जहाँ पुगे पनि संगीतभित्र गौरव, इतिहास र आत्मसम्मान खोजिरहेका हुन्छन् । त्यो मेटिनु हुँदैन ।'

दर्जनौं देशमा गएर साँगितिक प्रस्तुति दिइसकेको उनले विकसीत देशमा भन्दा खाडी देशमा पसिना बगाउनेहरू भावनात्मक रूपमा निकट हुने अनुभव गरेकी छिन् । 'धनीराष्ट्रमा समयका कारण सांगीतिक कार्यक्रम जेनतेन राम्रै हुन्छ । भेटघाट कम हुन्छ । खाडीमा नेपालबाट कलाकार आए भनेपछि पर्वजस्तै हुन्छ । त्यो हिसाबले भावना जोडिने हुन्छ । उनीहरूले हामीलाई स्विकार्ने, भावनात्मक रूपमा नजिक हुने हिसाबले फरक हुन्छ,' उनले भनिन् ।

विदेशमा हुने कार्यक्रममा तामाङ समुदायको उपस्थितिले उनलाई अझै ऊर्जा भर्छ । जीवनको ऊर्जावान् समय गीत-संगीतमै बिताएकी उनलाई अब यही क्षेत्रमा अझै गर्नुछ । तामाङ गीत-संगीतलाई नै मलजल गरेर हुर्काउनु छ । संगीतको माध्यमद्वारा तामाङ समुदायले आफ्नो पहिचानको गौरव गरिरहेकाले यही क्षेत्रलाई अझै समृद्ध बनाउनुपर्ने योजनामा उनी छिन् । 'अलि पहिलेदेखि नै मलाई लागेको हो, संगीत भनेको मनोरञ्जन मात्र होइन, जिम्मेवारी पनि हो । आफू सीमान्तकृत समुदायको पनि भएकाले समुदायप्रति पनि उत्तरदायी हुनुपर्छ भन्ने सोच धेरै अगाडि देखिएको हो । त्यहीअनुसारका मेरा गीतहरू बनेका छन्,' उनी भन्छिन्, 'आफ्नो तर्फबाट समुदायलाई पनि दिनुपर्छ भनेर लागेको छु । समुदायको कथा, व्यथा कसरी भन्ने, हामी के हौं ?, के थियौं ?, भोलि के हुनुपर्छ भन्ने कुरा मैले गीत-संगीतको माध्यमबाट भनिरहेकै छु ।'

त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहमा मानवशास्त्र अध्ययन गरिरहेकी छिन् निर्मला । अनुसन्धानको विषय उनले तामाङ संगीत र समाज नै राखेकी छिन् । भन्छिन्, 'मेरो अध्ययन पनि यस्तै विषयमा भएकाले तामाङ संगीतको खोजी गर्ने, अध्ययन, अनुसन्धान गर्ने र तामाङका लागि गीतसंगीत के हो ? आगामी पुस्तालाई भन्ने मेरो योजना छ ।'

मकवानपुरकी गायिका निर्मला घिसिङ सेलो संगीतको चर्चित नाम हो । सर्यौं तामाङ सेलो र अन्य गीतहरूमार्फत उनले आफ्नो परिचय स्थापित गरिसकेकी छिन् । तामाङ जातिले विकसित गरेको सेलो संगीतलाई लिएर उनी विश्वभर यात्रारत छिन् । सेलो संगीतलाई विश्वव्यापीकरण बनाउन सेतुको काम गर्नेमा गायिका निर्मला घिसिङ थोरै कलाकारमध्ये एक हुन् ।

निर्मलाले विश्वभर पुऱ्याइरहेका गीतमा केवल मनोरञ्जन दिने सेलो संगीत मात्रै छैन । उनले तामाङ जातिले भोगिरहेको ऐतिहासिक पीडा, संघर्ष र आत्मसम्मानका गीतहरू पनि सँगै लिएर हिँडिरहेकी छिन् । भूपाल राईको शब्द, भरत लामाको संगीतमा उनले गाउने एउटा गीत यस्तो छ :

दरबार बनायौ धरहरा ठड्यायौ
याम्बु सहरको सडक बनायौ
पुस्तौँपुस्ताको गर्दन झुकिन्जेल
राजा महाराजको सवारी चलायौ
ओ ताम्बा नायक भन
तिमीले के पायौ ?

निर्मलाले तामाङ महिलाहरूले भोगेको ऐतिहासिक शोषणको भाव समेटिएको गीत पनि गाउँदै हिँडिरहेकी छिन् ।

रावतको शब्द, कुमार गुरुङको संगीतमा उनले गाउँदै हिँड्ने अर्को गीत यस्तो छ :

बञ्चैको जुनी सुसारे बनी बित्यो नि हजुर
चोभारै फोडी बगी गो खुसी बगेर दुःख हजुर

यी वैचारिक शक्ति बोकेका उनका प्रतिनिधि गीत हुन् । निर्मलाले गाउने अधिकांश गीतमा समाजको कथा भेटिन्छ । उनका तामाङ सेलोमा आधारित कैयन चर्चित गीतहरू छन् । 'गुँरासै फूल्ने,' 'पिंगाई माया,' 'सिलफूल', 'च्याङ्बा यो ज्यान तिम्रै हो', 'जालमाया', 'दरबन्दी', 'होइ च्याङ्बा'जस्ता चर्चित गीतहरू उनले गाएकी छिन् । 'कसले बनायो दाजै उडिजाने बस्,' जस्तो आप्रवासी श्रमिकको पीडामा बनाइएको गीतमा पनि उनले स्वर दिएकी छिन् ।

निर्मला यिनै गीतहरू गाउँदै कहिले अमेरिका पुग्छिन्, कहिले अस्ट्रेलिया । कहिले बेलायत पुग्छिन्, कहिले युरोपका देशहरू । आ-आफ्नै देशका कुनाकन्दरामा घुमिरहेकी भेटिन्छन् भने कहिले पुग्छिन् खाडी देशहरूमा ।

दुई महिनाअघि नै तामाङ समुदायको सांस्कृतिक पर्व ल्होसारका लागि अमेरिका पुगेकी उनी अमेरिका, इजरायल र इरान युद्धको कारण अहिले उतै छिन् । नेपाल फर्कने तयारीमा रहेकी उनले योपटकको अमेरिका यात्रा पनि उत्तिकै यादगार रहेको बताइन् । 'तामाङ समुदायको सांस्कृतिक पर्व ल्होसारको अवसरमा भएको कार्यक्रममा गीत गाउनका लागि यहाँ आएको हो । योपटकको अमेरिका भ्रमणमा पनि थुप्रै ठाउँमा सांगितिक प्रस्तुति दिएँ,' उनले भनिन् ।

मकवानपुरको सानो गाउँको सामान्य परिवेशबाट सुरु भएको उनको जीवनयात्रा सजिलो थिएन । बाल्यकालमै संगीतप्रति झुकाव भए पनि अवसरको अभाव थियो ।

> सेलो संगीतलाई विश्वव्यापीकरण बनाउन सेतुको काम गर्ने थोरै कलाकारमध्ये गायिका निर्मला घिसिङ एक हुन् ।

तर, मनभित्रको आगो निभेन । जसले उनलाई गीत-संगीतमै काम गर्न अभिप्रेरित गरिरह्यो । 'बच्चैदेखि गायनमा र कलाकारितामा रुचि थियो । हामी तामाङ समुदायमा घरभित्रै र समाजमा पनि गीत-संगीत सुनेर हुर्कन्छौं । म पनि त्यसरी नै हुर्किएँ,' उनी भन्छिन्, 'आफ्नै घरभित्र हजुरआमा, आमा, काकाकाकीले गुनगुनाएको सुन्दै हुर्किएँ । घरभन्दा बाहिर मेलापात, वनपाखामा पनि गाउँलेले गाउँने गीत सुनेर हुर्किएँ ।' गाउँका मेलापात, विद्यालयका साना कार्यक्रम, गाउँघरमा वेलामौका हुने कार्यक्रम हुँदै उनले आफ्नो स्वरलाई चिनाउन थालिन् ।

समयसँगै निर्मलाको गीत केवल मनोरञ्जनमा सीमित रहेन । उनले समाजउपयोगी अर्थपूर्ण गीतहरू पनि सुनिन्, गाउने कोसिस गरिन् । त्यही कोसिसकै निरन्तरता स्वरूप उनले भूपाल राई र रावतका गीतहरू गाउन पुगिन् । संघर्षपूर्ण दिनहरू पार गर्दै उनी आज विश्वभर तामाङको कथा र सेलो संगीत बोकेर हिँडिरहेकी छिन् ।

यसकारण सेलो संगीतमा

कष्टकर समयका बाबजुद उनले गायनलाई निरन्तरता दिइरहिन् । विदेशमा पहिलो सांगीतिक यात्रा उनको नौ वर्षअघि युकेबाट सुरु भयो । त्यसपछि जापान पुगिन् । तामाङ समुदायको सांस्कृतिक पर्व सोनाम ल्होसार सन्दर्भमा उनी त्यहाँ पुगेकी थिइन् । विभिन्न देशमा आयोजना हुने सांस्कृतिक कार्यक्रम, महोत्सव र नेपाली डायस्पोराबिच उनले तामाङ गीत, तामाङ सेलोलगायत अरू सांगीतिक प्रस्तुति दिँदै आइरहेकी छिन् । विदेशमा बसोवास गर्ने नेपालीहरूका लागि उनका कार्यक्रमहरू केवल मनोरञ्जन मात्र नभई, आफ्नो संस्कृति र जरा सम्झिने अवसर पनि बनिरहेको छ ।

उनको यात्राले दुई महत्त्वपूर्ण काम गरेको छ, पहिलो, तामाङ भाषाका गीत, सेलो संगीतलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन मद्दत गरेको छ । दोस्रो, नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृतिप्रति गर्व गर्न प्रेरित गरेको छ । त्यसैले निर्मलाको प्रस्तुति केवल गीत होइन, एक सांस्कृतिक संवाद हो, जसले

तोरकीन : कथैकथाको शब्दमाला

बर्दलिँदो जलवायुको कथा हो । हामीले मानेको विकास र चेतनाको विस्तारसँगै मानिसमा आएको जीवनदृष्टिको कथा हो र त्यही जीवनदृष्टिको प्रभावले मानिसमा पलाएका असीमित चाहनाका पखेटाको कथा हो । 'तोरकीन' ठ्याक्कै उप्पल्लो मुस्ताङको एउटा रैथाने पात्रको फेरो समातेर भनिएको देशको कथा हो । समयको कथा हो ।

पुस्तकमा लेखकले कथा भन्ने कुनै ठोस योजना बनाएका छैनन्, बरु उनले त पुस्तकका पात्रको जीवनलाई डोऱ्याउँदै-डोऱ्याउँदै हिँडिरहेका छन् । यसरी हिँडिरहँदा लेखक र पात्रको पदचाप निकाल्ने सुमधुर संगीतले भनिरहेको छ, भन्नुपर्ने कथा । त्यही पदचापको संगीतमा कहिले छेवाङ र पेम्बाको गहिरो मित्रताको कुरा आउँछ त कहिले छेवाङ र कुन्साङ अनि पेम्बा र कार्चङले मारेका पिरतीका मिठा खासखुस सुनिन्छन् । 'तोरकिन'का शब्द संगीतमा कहिले दुःखको आँधीले मन भाताभुंग हुँदा निस्किने गहिरो सुस्केरा सुनिन्छ त कहिले मानिसले उज्यालो सपना देखिरहँदा वा प्रार्थना गरिरहँदा उनीहरूको मनमा आउने मधुर र पवित्र लय पनि सुनिन्छ ।

'तोरकिन'को कथामा जब पात्रले बातचित गर्छन्, तब मलाई यस्तो लागिरह्यो ती संवाद क्षितिज समर्पणले लेखेकै होइनन् । कथालोकबाट पात्र आए र बोलिरहे आफ्नो भागको संवाद र लेखकले केवल रेकर्ड गरिदिएका हुन् ती पात्र संवादलाई । यसरी पात्रहरूको कथा उनीहरूले नै 'न्यारेसन' गर्ने र पात्रहरूको संवादमा लेखक नभेटिनु भनेको कम्तीमा मेरा लागि लेखनको ज्यादै चित्ताकर्षक शैली हो ।



उपल्लो मुस्ताङमा बाँचिरहेको समयलाई वा पात्रलाई बाल मतलब कि लेखकले के सोचिरहन्छ ? उसको बुद्धिमता वा जीवनदृष्टि के हो ? उसले मान्ने वाद वा दर्शन के हो ? यसरी पुस्तकमा लेखकले पात्रलाई आफैँबाट टाढा राखेर पात्रसंवादको जुन मौलिकता जोगाएका छन्, त्यो वास्तवमै मन पसन्द छ । पात्रहरूको यो मौलिक संवादले पुस्तक पढिरहँदा मलाई पटक-पटक रमेश विकलको 'अविरल बग्दछ इन्द्रावती'को सम्झना दिलाइरहेथ्यो ।

लेखकले एक त उपन्यासभरि नै मान्छेका दुःखसुखका प्रवाहलाई प्राकृतिक बिम्बसँग ज्यादै लोभलाग्दो तरिकाले जोडेका छन् । अर्को त बिचबिचमा एउटा सामाजिक पात्रले खुलेर गर्न नसक्ने तर लुकाएर वा साथीभाइसँग मात्र गर्न सकिने घटनाको बेलिविस्तार गरेका छन् । यो आकर्षक शैलीले फरक भूगोल, फरक भाषा र फरक समयको पाठकले पनि आफूलाई कथाकै पात्रभित्र भेटाइरहन्छन् ।

'तोरकिन'मार्फत लेखकले उप्पल्लो मुस्ताङको पछिल्लो दुई पुस्ताको समय र संस्कृतिलाई यसरी खिपेका छन् कि पुस्तकलाई त्यो समयको मिनी दस्ताबेज मान्दा गलत नहोला ! लेखकले हरेक कथाको न्यारेसनमा उप्पल्लो मुस्ताङ संस्कृति, रहनसहन, रीतिरिवाज, परम्परा, पहिचानको र दैनिकीको इन्द्रेणी रंग थपेका छन् । घरमा मूलढोकाको बाहिर बाँयापट्टि राखिएको ठुलो ढुंगाको अर्थ वा त्यहाँका दरबार र गुम्बाको रहस्य, गाउँमा बाँचिरहने कथाहरूको इतिहास वा चराङवासीसँग नङ र मासुभैँ जोडिएका; नुन-तेल, च्यांग्रा र उत्तरी सिमाना तिब्बतसँगको सम्बन्ध, दैनिकीका यस्तै हजारौँ कथा र प्रसंग जोडेर चराङको पहिचानलाई पुस्तकभरि कलात्मक शैलीले खिपेका छन् । लेखककै अनुसार लोप हुनै लागेका चराङको यो खास पहिचानको यति मुख्यतः लेखक पुस्तकभरि नै कुन्साङले छेवाङलाई दिएको पछ्यौरीजस्तै बने, बनिरहे । 'तोरकिन'मा कथा मात्रै छैन । समय र पहिचानको लोभलाग्दो दस्ताबेज पनि छ । कुनै समय र भूगोललाई सरलीकृत गरी पाठकसम्म पुऱ्याउन क्षितिजले मस्तै मिहिनेत गरेका छन्, सायद एउटा लेखकले गर्न सक्ने भनेको जिम्मेवारी नै यही हो कि ?

भऱ्याप्पै !



रवि मिश्र
@rabimishra



...अनि जर्मनीबाट नेपाल फर्किने भए आठ सय लिखित सम्पदा

दस्तावेजमा नेपालका १३औँ देखि २०औँ शताब्दीसम्मका बहुमूल्य सामग्री समावेश छन्

दस्तावेज



● केशवप्रसाद पाण्डे



असन न्हुच्छेबहालबाट चोरी भएर अमेरीका पुगेको बुद्धको मूर्ति नेपाल फिर्ता ल्याई प्रतिस्थापन गरिएको घटना ताजै छ । तेस्रो मुलुक पुगेका मूर्तिलगायतका एकाध पुरातात्त्विक महत्त्वका सम्पदा घरफिर्तीको विषय नेपालका लागि नौला होइनन् । तर, लिखत दस्तावेजहरूको घरफिर्तीका विषय भने बिरलै छन् । त्यो पनि सयौँको संख्यामा ।

युरोपेलीमूलको जर्मनीबाट आठ सय वर्ष पुराना आठ सय लिखित दस्तावेज नेपाल फिर्ताको सम्झौतासँगै यो विषय पनि अब हाम्रा लागि नयाँ रहेन । जर्मनीको हाइडेलबर्ग विश्वविद्यालयमा सुरक्षित राखिएका 'वाल्टर रिन्डफ्लाइस संग्रह'का नामले परिचित यो संग्रहमा यति धेरै संख्यामा रहेका दस्तावेजहरूको रोचक पाटो के थियो भने यो एउटा निजी संग्रह मात्रै हो । सन् १९८० देखि १९९० को दशकमा जर्मन व्यवसायी जोसेफ पिटर रिन्डफ्लाइसले यी सामग्री संकलन गरेका थिए । दस्तावेजबारे अध्ययनदेखि फिर्ता प्रक्रियाको सहजीकरण गरेका सोही विश्वविद्यालयका अनुसन्धानकर्ता डा. राजन खतिवडाका अनुसार रिन्डफ्लाइस बाभारियाका जर्मन व्यवसायी जो हुलाक टिकट संकलनमा विशेष रुचि राख्थे उनले विभिन्न समयमा नेपाल, भारतलगायतका एसियाका अन्य देशको भ्रमणका क्रममा हुलाक टिकट भएका यस्ता धेरै सामग्री संकलन गरी जर्मनी ल्याएका थिए । तर, जीवनको उत्तरार्द्धमा उनले ती सामग्री सम्बन्धित देश फिर्ता होस् भन्ने चाहना परिवारसामु राखेका थिए ।

मुलुकको महत्त्वपूर्ण धरोहरको रूपमा रहेका यी लिखत सम्पदा धेरै संख्यामा के कसरी विदेशीको हात हुँदै सात समुद्रपारि युरोप पुगे भन्ने तथ्य भने स्पष्ट छैन । मुलुकका महत्त्वपूर्ण राजकीयदेखि व्यक्तिगत लिखतका सक्कल विदेशीको पहुँचमा पुग्नु दुर्भाग्य नै मान्नुपर्छ, तर दस्तावेजहरू संकलक रिन्डफ्लाइसको चाहनाले उनको निधनपछि यी सामग्रीले मूलथलो फर्कने बाटो तय गरे । उनको त्यो चाहनाले निधनको

२४ वर्षपछि मूर्त रूप पाउने दिन बन्यो २४ अप्रिल २०२६ ।

■ के-के छ दस्तावेजमा ?

दस्तावेजमा नेपालका १३औँ देखि २०औँ शताब्दीसम्मका बहुमूल्य सामग्री समावेश छन् । जसमा नेपाल सम्वत् ३६२ देखि सन् १९५० अघिसम्मका दस्तावेज यो संग्रहमा समावेश रहेको देखिन्छन् । जसमा तन्त्र, ग्रन्थ, राजकीय अभिलेख, अदालतका कागजात, आयुर्वेदसम्बन्धी लेख, कानुनी र प्रशासनिक, पर्यावरण, व्यक्तिगत टिपोर्ट तथा ऐतिहासिक पत्राचारसम्मका लिखतसम्म समेटिएका छन् । फिर्ता भएका सामग्रीमा व्यक्तिगत चिठीपत्र, तस्बिरदेखि मल्लकालीन, शाहकालीन दस्तावेज तथा राणा शासकहरूको डायरी र यात्रा विवरण समावेश छन् । जसमा भूपतेन्द्र मल्लको समयका लिखत, राणा प्रधानमन्त्री जुद्धशमशेरका यात्रा डायरीलगायतका शासकदेखि सामाजिक जीवनसम्मलाई समेट्ने विशेष महत्त्वका लिखित दस्तावेज जर्मनी पुगेको देखिन्छ । तीमध्ये ४६५ भन्दा नेपाल भाषा (नेवारी)मा ताडपत्रमा लेखिएका पाण्डुलिपि रहेका छन् । जसमा सन् १३०० देखि सन् १८०० सम्मका मल्लकालीन नेवारी कानुनी दस्तावेज, र तमसुक रहेका छन् । जसमध्ये धेरैमा माटोका छाप लगाइएका थिए । साथै, शाहका र राणाकालीन लगभग सन् १८०० देखि सन् १९५० सम्मका ३२५ कानुनी दस्तावेज रहेका छन् । राणा प्रधानमन्त्रीहरूको कार्यालयबाट १५ हस्तालिखित खण्डहरू, जसमा यात्रा डायरी, पत्राचारका प्रतिलिपि, र अंग्रेजी, नेपाली र अन्य भाषामा ऐतिहासिक ग्रन्थ समावेश छन् । साथै कानुन, अनुष्ठान, चिकित्सा, र हात्ती प्रशिक्षणजस्ता विषयहरू समेट्ने चार संस्कृत पाण्डुलिपि रहेका छन् । तस्बिर, नक्सा, अखबारका क्लिपिङ, भाषण पाण्डुलिपि, र मुद्रित कानुनी पाठहरूसहित थप सामग्रीहरू रहेका छन् ।

यी सामग्री नेपाल फिर्ताको सम्झौतापत्रमा जर्मनीका लागि कार्यवाहक नेपाली राजदूत सागरप्रसाद फुयाँल र विश्वविद्यालयका साउथ एसिया इन्स्टिच्युटका संस्कृतिविद् प्राध्यापक डा. आक्सेल मिखाएल्सबिच सम्झौतामा भएको थियो । कार्यवाहक राजदूत फुयाँलका अनुसार सम्झौतासँगै नेपाल लैजाने प्रक्रिया अगाडि बढेको छ । 'मुलुकका महत्त्वपूर्ण लिखत सामग्री नेपाल फिर्ताको सम्झौता आफैंमा ऐतिहासिक छ । यी सामग्री नेपाल फिर्ता लैजाने काम अगाडि बढेको छ । परराष्ट्र मन्त्रालय र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समन्वयका आधारमा स्वदेश फिर्ताको सम्झौतामा हस्ताक्षर सम्पन्न भएको हो,'कार्यवाहक राजदूत फुयाँलले नयाँ पत्रिकासँगको कुराकानीमा भने, 'ती सामग्री नेपालको स्वामित्वमा आइसकेका छन् । सामग्री नेपाल लैजाने प्रक्रिया अघि बढेका छन् । विश्वविद्यालयले नै नेपालसम्म सुरक्षित पुऱ्याउने जिम्मेवारी लिएको छ । नेपाल पुगेपछि ती सामग्री राष्ट्रिय अभिलेखालयमा राखिनेछ ।'

यो संग्रह नेपालबाहिर रहेको सम्भवतः सबैभन्दा ठुलो संग्रह भएको प्राध्यापक मिखायल्सको अनुमान छ । कार्यवाहक राजदूत फुयाँल पाण्डुलिपि फिर्तीलाई नेपालको सांस्कृतिक सम्पदा संरक्षणका लागि महत्त्वपूर्ण उपलब्धिको रूपमा लिन्छन् । यो सम्झौता ऐतिहासिक सम्पदा मुलुक फिर्ताको अभियानमा कोसेढुंगा साबित हुने उनको विश्वास छ ।

■ प्राध्यापक मिखाइल्सको काँधमा जिम्मेवारी

सन् १९८० देखि २००० को समयमा नेपालमा धेरै सांस्कृतिक सम्पदा नेपालबाहिर पुग्ने गरेको इतिहासले देखाउँछ । खतिवडाका अनुसार यी समयमा नेपाली ताडपत्रमा हस्तलिखित सामग्रीमा पाण्डुलिपि मनुस्क्रिप्ट), डायरीलगायतमा माटोको सिलछाप लगाउने गरिएको हुन्थ्यो । जुन जर्मन पुगेका दस्तावेजमा छन् । यसबाहेकका राजकीय कागजातमा लालमोहर लगाउने गरिएका हुन्थे । यसक्रममा उनले धेरै सामग्री संकलन गरेका पिटर रिन्डफ्लाइसको सन् २००२ मा निधन भयो । यसपश्चात् उनका छोरा वाल्टर रिन्डफ्लाइसले बाबुले जम्मा गरेका सामग्रीमध्ये नेपालका सामग्रीलाई छुट्याएर जर्मनीकै म्युनिखनमा रहेको म्युनिख विश्वविद्यालयका प्राध्यापक फ्रान्ज कार्ल इर्हार्डको जिम्मामा दिएका थिए । जहाँ तिब्बती संस्कृतिबारे अध्ययन हुने गरेको थियो । सन् २०१८ मा म्युनिखबाट युरोपको पुरानोमध्येको एक हाइडलबर्ग विश्वविद्यालयका प्राध्यापक मिखायल्सको जिम्मामा आइपुगेको थियो । कारण थियो हाईडलबर्ग विश्वविद्यालयमा नेपालसम्बन्धी तथा संस्कृत भाषा साहित्यसम्बन्धी अध्ययन-अध्यापनको धेरै लामो परम्परा रहेको थियो । जहाँको प्राध्यापक आक्सेल मिखायल्स जसले खतिवडाको विद्यावारिधिको सुपरभिजन गरेका थिए । प्राध्यापक मिखायल्सले १९७० को दशकदेखि नेपाल गएर अध्ययन-अनुसन्धान गर्ने गरेका थिए । यसरी नेपाल जानेको र संस्कृत भाषाका समेत जानकार मिखायल्सको काँधमा यो जिम्मेवारी आएको थियो ।

यी सामग्री आएपछि प्राध्यापक मिखायल्सको नेतृत्वमा खतिवडालगायतले चासोका साथ अध्ययन गर्दा मल्लकालीन, शाहकालीन र राणाकालीन दस्तावेज र ताडपत्र (पामरोल)मा लेखेका तमसुक जसमा विसं १२४२ को सबैभन्दा पुरानो रहेको पाइएको थियो । त्यसपछि १८औँ शताब्दी र विभिन्न यात्राका डायरी, शाहकालका लालमोहर, मुलुकी ऐनका पाण्डुलिपि गरी ४६५ ताडपत्रका रोल थिए । यी सामग्री प्रारम्भिक रूपमा इतिहास र संस्कृति जोडिएका ऐतिहासिक दस्तावेज रहेको पाइएको थियो । 'यसैवेलाबाट प्राध्यापक मिखायल्सले यी दस्तावेजहरूलाई नेपाल फर्काउनुपर्छ भन्दै प्रयास गर्नुभएको हो । हामीले करिब सात-आठ वर्षदेखि प्रयास थाल्यौं । हामीले फिर्ताका लागि पहल थालेदेखि फिर्ताको सम्झौतासम्म पुग्दा धेरैजनाको योगदान रह्यो,' खतिवडाले भने, 'यो एकल प्रयासबाट सम्भव भएको होइन । सामूहिक प्रयास थियो । हाम्रो प्राध्यापकको ठुलो इच्छा र नेपालप्रतिको माया र विषयविज्ञताको कारण यसले मूर्तरूप लिन सक्यो ।'

यसक्रममा नेपालसम्बन्धी अध्ययन गर्ने मानवशास्त्रका प्राध्यापक क्रिस्टियानी ब्रोसिउस जसले यी सामग्रीको संरक्षण, डिजिटाइजेसनका लागि लागत जुटाएका थिए । साथै, नेपाल फिर्ताका लागि बहस अगाडि बढाउन भूमिका खेले । मिखायल्सका विद्यार्थी तथा हाल म्युनिख विश्वविद्यालयका प्राध्यापक सिमेन च्युबेलिचले समेत यी सामग्री संरक्षण र डिजिटाइजेसनदेखि विज्ञ समूह जुटाउन लागि भूमिका खेले । च्युबेलीको पहलमा ताडपत्रको विषयमा दखल भएका जापान र बेलायतीविज्ञहरू लगाएर ताडपत्र संरक्षणमा दुई महिना लामो समय काम गरेका थिए । त्यसबाहेक अध्ययन-अनुसन्धान गरिरहेका नेपाली माणिक बज्राचार्य, रामहरि तिमल्सिनालगायतको ठुलो समूहले निरन्तर काम गरेको थियो । जसको परिणाम नेपालले आफ्ना अमूल्य निधि फिर्ता पाएको छ । यसबिचमा साढे दुई वर्षअघि तत्कालीन नियोग उपप्रमुख रहेका हालका कार्यवाहक राजदूत फुयाँलमार्फत दूतावाससँग यसबारे समन्वय सुरु भएको थियो । फुयाँलले नै सक्रिय रूपमा सरकारी निकायबिच समन्वय गर्दै नेपालको प्रतिनिधित्व गरेर सम्झौतामा हस्ताक्षर गरे । दूतावासमार्फत प्रशासनिक प्रक्रिया सहजीकरण गर्नेदेखि यो ऐतिहासिक सफलताको साक्षी दूतावासका प्रथमसचिव रञ्जन यादव र द्वितीय सचिव दीपेन्द्र साहको भूमिका पनि यहाँ जोडिन्छ ।

■ यसरी सम्भव भयो फिर्ता


पछिल्लो साढे दुई वर्षदेखि विश्वविद्यालय र बर्लिनस्थित दूतावासबिच नियमित सम्पर्क भइरहेको थियो । यसबिचमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे र निवर्तमान राजदूत डा. शैल रूपाखेतीले पनि विश्वविद्यालय पुगेर अवलोकन गरेका थिए । तर, परिणाम आउने गरी प्रक्रिया अगाडि बढ्न सकेको थिएन । सोही इन्स्टिच्युटका नेपाली अनुसन्धानकर्तालगायतको पनि यी दस्तावेज सूचीकरण, संरक्षणदेखि फिर्ताको पहलमा महत्त्वपूर्ण भूमिका निभाएका थिए । यही सम्पर्कको सेतु अन्ततः नेपाल फिर्ताको बाटो तय हुनपुग्यो । विश्वविद्यालय पुस्तकालयमार्फत सामग्री डिजिटल रूपमा अभिलेखीकरण भएका यी दस्तावेज अब विश्वभरका अनुसन्धानकर्ताको पहुँचमा रहनेछ । नेपाली दस्तावेजको सुरक्षादेखि नेपाल फिर्तासम्मको सेतु बनेको हाइडलबर्ग विश्वविद्यालयले नै नेपालसम्म ती दस्तावेज पुऱ्याउने जिम्मा लिएको छ । हाइडलबर्ग विश्वविद्यालयले नेपालप्रति लगाएको गुण अतुल्य छ । ती सामग्री नेपालको स्वामित्वमा आइसकेका छन् । तर, संरक्षणका लागि भण्डारण र सुरक्षा आवश्यक हुने भएकाले ती सामग्री विश्वविद्यालयकै संरक्षणमा राखिएको छ । विश्वविद्यालयले नै जर्मन रहँदासम्म सुरक्षित राख्ने नेपालसम्म सुरक्षित रूपमा पुऱ्याउने जिम्मेवारीसमेत लिएको छ । योजनाअनुसार ती सामग्री सेप्टेम्बरसम्म नेपाल पुग्नेछन् । पुरातात्त्विक महत्त्वका लिखतको सुरक्षाका लागि विशेष भण्डारण, सुरक्षा र सावधानी आवश्यक पर्दछ । नेपाल पुगेपछि यी सामग्रीलाई राष्ट्रिय अभिलेखालयले संरक्षणको जिम्मा पाउनेछ ।

पश्चिम बंगालमा 'दिदी'को बिदाइ



महिला मुद्दा ममता बनर्जीको नीति-निर्माणको मुख्य अंश भए पनि राज्यमा महिला सुरक्षाका बारेमा शंका हटेको थिएन । सन् २०२४ मा कोलकाताको आरजी कर मेडिकल कलेजमा ड्युटीमा रहेकी एक चिकित्सकको बलात्कारपछि हत्याजस्ता घटनाले राज्य सरकारको प्रभावकारिता छायामा पाऱ्यो । आरजी कर प्रकरण चुनावमा सरकारका लागि अन्य कारकसँगै हिमआँधी साबित भयो ।

छिमेक



● रसिद किदवई

मे ४ पश्चिम बंगालका लागि पृथक् दिन बन्यो । यो दिन राज्यमा शासन गरेको राजनीतिक पार्टीमा ग्रहण लाग्दै थियो, अर्थात् तृणमूल कांग्रेस (टिएमसी)को १५ वर्षको शासन समाप्त हुँदै थियो । पार्टी नेतृ ममता बनर्जीको राजनीतिक यात्रामा धक्का लागेको थियो । विधान सभाको कुल २९४ सिटमध्ये भाजपाले दुईतिहाइ (२०६) सिट ल्याएर दुनियाँलाई चक्मा दिँदा 'रैथाने' तृणमूलले नराम्रो पराजय चाख्यो । पार्टी ८१ सिटमा खुम्चियो । लामो समय एकछत्र शासन गरेकी र पश्चिम बंगालमा 'दिदी'को उपमा पाएकी ममताको सत्ताको चाबी भाजपाले खोस्यो ।

■ ममताको योजनाविरुद्ध भाजपाको प्रतियोजना

तृणमूलका लागि चुनाव अभियानका मुख्य विषय महिला सशक्तीकरण, शिक्षा र ग्रामीण विकासमा केन्द्रित कल्याणकारी योजना थिए । प्रमुख पहलमा महिलालाई मासिक आर्थिक सहायता प्रदान गर्ने प्रमुख लक्ष्मी भण्डार योजना र सामाजिक सुरक्षालक्षित कन्याश्री, स्वास्थ्य साथी र कर्मश्रीजस्ता अन्य कार्यक्रम समावेश थिए । तर, यी योजनालाई भारतले टक्कर दियो । भाजपाले अन्य राज्यबाट बंगालमा आफ्ना योजना विस्तार गर्दै विद्यमान योजनामार्फत वितरण गरिएको रकम बढाउने वाचा लिएर आएको थियो । धेरै लाभार्थीहरू नयाँ सरकार आए पनि चलिरहेका योजना रोकिने छैनन् भन्नेमा विश्वस्त देखिए ।

महिला मुद्दा ममता बनर्जीको नीति-निर्माणको मुख्य अंश भए पनि राज्यमा महिला सुरक्षाका बारेमा शंका हटेको थिएन । २०२४ मा कोलकाताको आरजी कर मेडिकल कलेजमा ड्युटीमा रहेकी एक चिकित्सकको बलात्कारपछि हत्याजस्ता घटनाले राज्य सरकारको प्रभावकारिता छायाँमा पाऱ्यो । आरजी कर प्रकरण चुनावमा सरकारका लागि अन्य कारकसँगै हिमआँधी साबित भयो ।

■ ममताले नै बनाइन् भाजपालाई सहज

साम्प्रदायिक राजनीतिको कुरा गर्दा पश्चिम बंगालको राजनीतिक र सामाजिक परिदृश्यमा विगत केही दशकमा ठुलो परिवर्तन आएको छ । चुनावको मुखमा मतदाताको ठुलो हिस्सालाई बंगाल मुसलमानद्वारा कब्जा हुने खतरा छ भनेर विश्वस्त पार्न भाजपा सफल भयो । राज्यका रूढीवादी इस्लामिक नेतासँग आक्रामक रूपमा संलग्न हुँदै उनीहरूका धार्मिक कार्यक्रममा प्रायः हिजाबमा उपस्थित भएर बनर्जी आफैंले भाजपालाई यस्तो सन्देश दिएकी थिइन् ।

मुस्लिम धर्मगुरु इमामहरूका लागि भुक्तानीजस्ता योजनालाई हिन्दुहरूको ठुलो वर्गले अस्वीकृत गऱ्यो । बनर्जीले जगन्नाथ मन्दिर र कोलकाताको दुर्गा आँगनमा भव्य मन्दिर निर्माण गरेर सन्तुलनमा राख्न खोजे पनि यसले समाजमा प्रतिस्पर्धात्मक साम्प्रदायिकता स्थापित गऱ्यो ।

निर्माण सामग्रीमा आपूर्ति सिन्डिकेट तृणमूल कांग्रेसको लागि अर्को अभिशाप बने । ठुला वा मध्यम आकारका उद्योगको अभावमा बंगालका युवाहरूको ठुलो हिस्सा जीविकोपार्जनका लागि आपूर्ति सञ्जालको सहारा लिए । यी सञ्जाल प्रायः स्थानीय व्यवसायीबाट पैसा असुल्ने काममा परिणत हुन्थे । यस्ता सिन्डिकेट-नियन्त्रित गतिविधि ग्रामीण क्षेत्रहरूमा सडक निर्माणदेखि अवैध कोइला आपूर्ति र गाईबस्तुको तस्करीसम्म थिए । सिन्डिकेटले राज्य सरकारको ठेक्काका लागि लिलाम लगाउने कामलाई पनि नियन्त्रण गर्थे र त्यस्ता सञ्चालनबाट कमाएको पैसाको केही भाग स्थानीय नेतामार्फत पार्टीमा जान्थ्यो । भाजपाले आफ्नो चुनावी अभियानमा वाचा गरेभैं यो सिन्डिकेट प्रणालीलाई कसरी भत्काउँछ भनेर हेर्न बाँकी छ ।

■ मोदी र शाहको नयाँ शैली

भाजपाको सुनामीको ठुलो श्रेय प्रधानमन्त्री मोदी र पार्टी अध्यक्ष अमित शाहको चुनाव व्यवस्थापनलाई मानिएको छ । अप्रिलको अन्त्यमा हुने मतदानको तयारीमा दुवैले कोलकातालाई आफ्नो दोस्रो घर बनाए । मोदीले ठुला मुद्दाहरूका बारेमा बोले पनि समस्या समाधान गर्ने जिम्मा शाहलाई नै दिएका थिए ।

हिन्दुत्वलाई आफ्नो सन्देशको केन्द्रविन्दुमा नराखी भाजपाले परिवर्तनको विचारलाई दोब्बर बनायो । चुनावी अभियानको नारामध्ये एक थियो 'पलतानो दोरकर, चाई भाजपा सरकार' (हामीलाई परिवर्तन चाहिन्छ, भाजपा सरकार चाहिन्छ), जुन नाराले तृणमूललाई २०११ मा वाम मोर्चालाई दिएको औषधिको स्वाद दियो । त्यतिवेला बंगालको राजनीतिक परिदृश्य भूकम्पीय रूपमा परिवर्तन भएको थियो ।

चुनाव असाधारण सुरक्षा र प्रशासनिक संरचनाअन्तर्गत सम्पन्न भयो । गृहमन्त्रीसमेत रहेका शाहले करिब दुई लाख ५० हजार अर्धसैनिक बल तैनाथ गरे । फौजलाई बख्तरबन्द कर्मचारी वाहकले सहयोग गरिएको थियो । चुनावमा यस्तो सुरक्षा सामान्यतया जम्मु र कस्मिर, नक्सलवादी-प्रभुत्व भएका क्षेत्र वा मणिपुरजस्ता द्वन्द्व क्षेत्रहरूमा देखापर्दछ । मुख्यसचिवदेखि ब्लक विकास अधिकारीसम्मका राज्य प्रशासनलाई सरुवा गरियो, जसको स्थान भाजपाशासित राज्यहरूबाट छानिएका अधिकारीहरूले लिए ।

राज्यबाहिर सयौँ विशेष निर्वाचन पर्यवेक्षक खटाइएका थिए, जसले स्पष्ट सन्देश दियो कि निर्वाचन आयोग (र केन्द्रीय सरकार) पश्चिम बंगालका अधिकारीलाई विश्वास गर्दैन । विवादित विशेष गहन संशोधन (एसआइआर) अभ्यासमार्फत लगभग २७ लाख मानिसलाई मतदाता सूचीबाट हटाइएपछि यस्तो कदम चालिएको थियो ।

९२ प्रतिशतभन्दा बढी औसत मतदानका साथ यस्तो देखिन्छ कि बंगालका जनता, विशेष गरी युवाले भाजपालाई उनीहरूले खोजेको जनादेश दिएका छन् । राज्य बेरोजगारी र अवसरको अभावले ग्रस्त छ, जसले गर्दा हजारौँ युवा रोजगारीको खोजीमा भारतका अन्य भागमा बसाइँ सरेका छन् । यो स्पष्ट छ कि तृणमूल कांग्रेसको नेतृत्व र बंगालको मिडियाको एक अंशलाई बंगालमा भइरहेको टेक्टोनिक परिवर्तनका बारेमा थोरै मात्र थाहा थियो ।

■ भाजपाको त्यो कठोर मिहिनेत

अहिलेको परिणाम एउटा पेचिलो चुनावी अंकगणितमा निहित छ । २०२१ को निर्वाचनमा तृणमूल कांग्रेसको प्रभाव समान थिएन । पार्टीको २१५ सिटमध्ये लगभग एकतिहाइ सांसदले २० प्रतिशत अंकको अन्तरले जितेका थिए । यसको अर्थ भाजपाले बंगाललाई सबै ठाउँमा पराजित गर्नु आवश्यक थिएन । पार्टीलाई जित्न नसकिने क्षेत्रमा उम्मेदवार नउठाउने र प्रतिस्पर्धी सिटमा ध्यान केन्द्रित गर्न आवश्यक थियो, जहाँ पाँचदेखि सात प्रतिशत स्विङ मत निर्णायक हुन सक्छ । नतिजाले भाजपाले ठ्याक्कै त्यही गरेको देखाउँछ : पार्टीले महत्त्वपूर्ण क्षेत्रमा उत्कृष्ट प्रदर्शन गऱ्यो ।

त्रिणमूलको भोटबैंक मानिएको क्षेत्र पनि टिकाउ देखिएन । हो, बनर्जीको कल्याणकारी वास्तुकलाले गरिब र निम्नमध्यम वर्गका महिलाहरूमाझ एक टिकाउ समर्थन आधार सिर्जना गरेको थियो । तर, आरजी कर प्रकरण र सन्देशखाली घटना, पार्टी संयन्त्रविरुद्ध स्थानीयस्तरको आक्रोश र तृणमूलको कल्याणकारी योजनाहरूलाई उछिनेर जाने भाजपाको वाचासँगै, प्रश्नलाई अझ जटिल बनायो ।

अर्को प्रमुख परिवर्तन सांस्कृतिक थियो । २०२६ मा यसले सिकेको देखिन्छ कि बंगाललाई धार्मिक एकीकरणले मात्र जित्न सकिँदैन । यसले बंगाली गौरव, सांस्कृतिक स्मृति र दैनिक गुनासोको भाषा बोल्नुपर्छ । मोदी र शाहले बंगाली पहिचानसँग जोडिन स्पष्ट प्रयास गरे, जबकि समिक भट्टाचार्यजस्ता नेताहरूले 'भद्रलोक'का वर्गहरूमाझ पार्टीको छविलाई नरम बनाउन मद्दत गरे । यसले भाजपाको वैचारिक धारलाई मेटाउन सकेन बरु लामो समयदेखि यसको प्रतिरोध गर्दै आएको राज्यसँग कम अपरिचित बनायो ।

*(एनडिटीमा प्रकाशित भारतीय पत्रकार तथा लेखक किदवईको आलेखलाई **सुभाष शर्माले** भावानुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २६ वैशाख ०८३

गहुँ बेच्ने किसानले पाए न्यूनतम समर्थन मूल्यभन्दा बढी भाउ

सरकारी मूल्यभन्दा प्रतिक्विन्टल तीन सय पाँच रुपैयाँ बढीमा सरकारी स्वामित्वको खाद्य कम्पनीले किन्न थाल्यो किसानबाट गहुँ





● खाद्य व्यवस्था तथा व्यापार कम्पनीको सुदूरपश्चिम प्रादेशिक कार्यालय प्रमुख **दीपक थापा** भन्छन्-

किसानलाई प्रोत्साहन दिएर पर्याप्त मात्रामा गहुँ खरिद गर्न समर्थन मूल्यभन्दा बढी दरमा भुक्तानी दिइरहेका छौं । किसानबाट यो वर्ष १० हजार क्विन्टल गहुँ खरिदको लक्ष्य राखिएको छ । तोकिएभन्दा बढी दरमा भुक्तानी दिएर चाँडै खरिद प्रक्रियासमेत थालेकाले यो वर्ष कोटाअनुसार गहुँ खरिद गर्ने अपेक्षा छ ।

धनगढीमा तेजराज भट्ट

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको सुदूरपश्चिम प्रादेशिक कार्यालय, धनगढीले सरकारद्वारा निर्धारित समर्थन मूल्यभन्दा प्रतिक्विन्टल तीन सय पाँच रुपैयाँ बढी रकम किसानलाई भुक्तानी गरेर गहुँ खरिद गरिरहेको छ । खाद्य कम्पनीले कैलालीको टीकापुर, मसुरिया र मोहनपुर डिपोमार्फत किसानको गहुँ खरिद गरिरहेको हो ।

सरकारले यस वर्ष गहुँको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार नौ सय ४५ रुपैयाँ तोकेको छ । खाद्यले भने प्रतिक्विन्टल चार हजार दुई सय ५० रुपैयाँमा खरिद गरिरहेको हो । किसानलाई प्रोत्साहन दिएर पर्याप्त मात्रामा गहुँ खरिद गर्न समर्थन मूल्यभन्दा बढी दरमा भुक्तानी दिइरहेको खाद्य कम्पनीको प्रादेशिक कार्यालय प्रमुख दीपक थापाले जानकारी दिए । कार्यालयले सुदूरपश्चिमका किसानबाट यो वर्ष १० हजार क्विन्टल गहुँ खरिदको लक्ष्य राखेको छ । तोकिएभन्दा बढी दरमा भुक्तानी दिएर चाँडै खरिद प्रक्रियासमेत थालेकाले यो वर्ष कोटाअनुसार गहुँ खरिद गर्ने अपेक्षा राखेको थापाले बताए । गत वर्ष भने ढिलो खरिद प्रक्रिया सुरु गरेको र बजार मूल्यसँग प्रतिस्पर्धा गर्न नसकेकाले साढे ५२ टन मात्रै गहुँ खरिद भएको थियो ।

सुदूरपश्चिमको स्थानीय गल्लामा सरकारले तोकेभन्दा बढी दरमा खरिद-बिक्री भइरहेकाले पनि खाद्य कम्पनीले भाउ बढाएर किसानलाई भुक्तानी दिएको कार्यालय प्रमुख थापाले जानकारी दिए । 'किसानलाई प्रोत्साहन पनि हुने र कोटाअनुसार गहुँ पनि खरिद गर्न सकियोस् भनेर समर्थन मूल्यभन्दा बढाएर खरिद गर्ने निर्णय गरेका हौं,' थापाले भने, 'यसपालि गहुँ खरिदको कोटा पूरा हुने अपेक्षा गरेका छौं ।' बजार मूल्य र समर्थन मूल्य तुलना गरेर खाद्यले दर निर्धारण गर्न सक्ने व्यवस्था रहेको उनले बताए ।

कैलालीमा प्रतिक्विन्टल चार हजार दुई सयदेखि चार हजार ६ सय रुपैयाँसम्ममा गहुँ खरिद-बिक्री भइरहेको छ । खाद्यले मोहनपुरमा १५, टीकापुरमा १६ र मसुरियामा १७ वैशाखबाट गहुँ खरिद सुरु गरेको हो । खाद्यले किसानलाई मोबाइलमा म्यासेज गरेर गहुँ खरिद सुरु भएको जानकारी गराइरहेको छ । गत सिजनमा खाद्यका डिपोमा धान बेच्न आएका एक हजार सात सय किसानलाई प्रादेशिक कार्यालयले म्यासेजमार्फत गहुँ बिक्रीका लागि आउन खबर गरिरहेको थापाले जानकारी दिए । यसरी खरिद गरिएको गहुँ खाद्यले खाद्यान्न अभाव भएका दुर्गम जिल्लाका उपभोक्तालाई बिक्री गर्ने गर्छ ।

५ देशसँग श्रम सम्झौता र नवीकरण हुँदै

मलेसिया, दक्षिण कोरिया, इजरायल र मोरिससँग सम्झौता नवीकरण तथा ओमानसँग
नयाँ सम्झौताका लागि पत्राचार, नेपाली श्रमिक १७८ मुलुक पुगे पनि १३ देशसँग मात्रै श्रम सम्झौता

अहिलेसम्म यी १३ देशसँग मात्रै श्रम सम्झौता

कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन, मलेसिया, जापान, मोरिसस, युएई, इजरायल, बेलायत, रोमानिया, जर्मनी र साउदी अरेबिया

अजित अधिकारी/नयाँ पत्रिका

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पाँचवटा गन्तव्य मुलुकसँग श्रम सम्झौता र नवीकरण गर्ने प्रक्रिया अघि बढाएको छ । मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेका अनुसार मलेसिया, दक्षिण कोरिया, इजरायल र मोरिससँग श्रम सम्झौता नवीकरण प्रक्रिया अघि बढाइएको हो भने ओमानसँग नयाँ श्रम सम्झौता हुन लागेको हो ।

श्रम सम्झौता नवीकरण गर्ने देशको सूचीमा मलेसिया भर्खरै थपिएको हो । मलेसियासँग दुई वर्षदेखि सम्झौता नवीकरण हुन सकेको छैन । यसपटक पनि मुस्किलले सम्झौता नवीकरण गर्ने निर्णय भएको श्रममन्त्री रामजी यादवले जानकारी दिए । 'मलेसियामा ठुलो संख्यामा नेपाली श्रमिकहरू हुनुहुन्छ, तर त्यो देशसँगको श्रम सम्झौता नवीकरण हुन सकिरहेको थिएन,' मन्त्री यादवले बिहीबारको प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिमा भनेका थिए, 'हामीले बारम्बार ताकेता गरेपछि मलेसिया श्रम सम्झौता नवीकरण गर्न तयार भएको हो ।'

स्रोतका अनुसार मलेसियासँगको श्रम सम्झौता नवीकरण नहुनुमा सीमित म्यानपावर व्यवसायीको चलखेल रहेको थियो । अहिले पनि मलेसियाको रोजगारीमा चलखेल कायमै छ । खासगरी, श्रमिकको स्वास्थ्य परीक्षण शुल्कमा सीमित स्वास्थ्य संस्थाले सिन्डिकेट लादेका छन् भने सीमित म्यानपावरले मात्र मलेसियामा श्रमिक पठाइरहेका छन् । श्रम सम्झौता नवीकरण हुँदा अहिलेका विकृति हटाएर प्रतिस्पर्धी बनाउन लागिएको स्रोतले जानकारी दियो ।

'श्रम सम्झौता नवीकरणका लागि मलेसियाले केही सर्त राखेको थियो । ती सर्तले म्यानपावर कम्पनीबिच प्रतिस्पर्धा खुम्चने र श्रमिकलाई थप दुःख हुन सक्ने जोखिम थियो,' स्रोतले भन्यो, 'तर, कूटनीतिक माध्यमबाट सबै समस्या हल गरेर मलेसियाको रोजगारीमा नेपाली श्रमिकको प्रतिस्पर्धात्मक उपस्थिति हुने गरी श्रम सम्झौता नवीकरण हुन लागेको छ ।' मध्यपूर्व तनावयता मलेसिया सबैभन्दा बढी नेपाली श्रमिक जाने गन्तव्य मुलुक बनेको छ । त्यसअघि पनि युएई, साउदी अरेबिया र कतारपछि चौथो श्रम गन्तव्य हुने गरेको थियो ।

त्यस्तै, मोरिससँग पनि श्रम सम्झौता सन् २०२२ मै सकिए पनि बल्ल नवीकरणको प्रक्रिया अघि बढेको हो । युरोपको आकर्षक र सुरक्षित श्रम बजारको खोजी गर्ने श्रमिकको रोजाइमा मोरिसस पर्दै आएको छ । वैदेशिक रोजगार विभागको चैत महिनाको तथ्यांकअनुसार मोरिसस सबैभन्दा बढी श्रमिक जाने मुलुकको सूचीमा ११औं स्थानमा छ । दक्षिण कोरिया र इजरायलमा भने 'जिटुजी' प्रक्रियाबाट नेपाली श्रमिक आपूर्ति हुने गरेका छन् । कोरियासँग श्रम सम्झौता नवीकरण गर्नेबारे गत माघमा निर्णय भएर प्रक्रिया अघि बढेको हो भने इजरायलसँग सम्झौता नवीकरण गर्न मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरिसकेको छ ।

ओमानसँग नयाँ श्रम सम्झौता गर्न गत २१ पुसको मन्त्रिपरिषद् बैठकले स्वीकृति प्रदान गरेपछि प्रक्रिया अघि बढेको मन्त्रालयका प्रवक्ता घिमिरेले बताए । 'ओमानलाई नयाँ श्रम सम्झौताका लागि पत्राचार भएको छ,' उनले भने, 'अहिले कागजात आदान-प्रदानको काम भइरहेको छ । ओमान प्रमुख श्रम गन्तव्य मुलुकभित्रै पर्ने भएकाले सम्झौता गर्न हामी आतुर छौं ।'



श्रम सम्झौता र नवीकरणको प्रक्रियामा रहेका पाँच देशमा पछिल्लो पाँच वर्ष वैदेशिक रोजगार विभागबाट जारी भएको श्रम स्वीकृतिको विवरण

आर्थिक वर्ष	मलेसिया	कोरिया	इजरायल	मोरिसस	ओमान
०७७/७८	१३५	३४	२७	४७	३,१३३
०७८/७९	३६,६४४	२८१	५९८	२७०	६,८४९
०७९/८०	२,५९,५९४	२२,०३३	१०८०	५३६	५,२९४
०८०/८१	१,०३,४४२	१३,०२६	१००५	७,४०८	५,९१०
०८१/८२	४९,१८७	१२,२२४	१३४२	५,७४०	८,६०१

म्यानपावरमा छापा हानेर ४ सय ३७ पासपोर्ट र ७ लाख ९० हजार नगद जफत

काठमाडौं/ श्रम मन्त्रालयले श्रमिकको उजुरीका आधारमा जावलाखेलको नुन म्यानपावरमा छापा हानेको छ । मलेसियाको रोजगारीमा पठाइदिने भनेर चर्को रकम असुली गरेको उजुरी परेपछि प्रहरीसँगको संयुक्त अनुगमनमा सो म्यानपावरबाट चार सय ३७ थान विभिन्न श्रमिकको पासपोर्ट र सात लाख ९० हजार रुपैयाँ नगद जफत भएको श्रममन्त्री रामजी यादवका स्वकीय सचिव सरोज यादवले जानकारी दिए ।

> मलेसिया पठाउँदा चर्को रकम असुली गरेको उजुरीपछि श्रम मन्त्रालयले जावलाखेलको नुन म्यानपावरमा हान्यो छापा

'श्रमिकबाट चर्को रकम असुलेर विदेश पठाउन लागेको उजुरी आएपछि म्यानपावरमा छापा हानिएको थियो । त्यसक्रममा पासपोर्ट र नगद जफत भएको छ,' उनले भने, 'नगदको स्रोत खुलेको छैन । श्रमिकबाट असुलेको बिल पनि भेटिएको छैन ।' उनका अनुसार म्यानपावर सिल गरेर अनुगमन टोली फर्केको छ । अब श्रम ऐनअनुसार छानबिन प्रक्रिया अघि बढाएर दोषी भेटिए आवश्यक कारबाही गर्ने उनले बताए ।

बिहीबार दिउँसो मात्रै संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा सांसदहरूले वैदेशिक रोजगारीमा जाने श्रमिकबाट म्यानपावरले चर्को रकम असुल्ने भएकाले कारबाही थाल्न मन्त्री यादवलाई सुझाव दिएका थिए । सांसदहरूले फ्री भिसा, फ्री टिकटको नीति कार्यान्वयन गर्न नसक्ने भए खारेज गर्नुपर्ने, नत्र व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्ने बताएका थिए । मन्त्री यादवले पनि श्रमिकलाई ठग्नेविरुद्ध कारबाहीमा उत्रने बताएका थिए । लगत्तै, मन्त्रालयले ठगी गर्ने म्यानपावरविरुद्ध कारबाही सुरु गरेको हो ।

पर्यटन व्यवसायीलाई चिनियाँ भाषा प्रशिक्षण

काठमाडौं/ पर्यटन व्यवसायीलाई लक्षित गर्दै आठौं चिनियाँ भाषा कक्षा आगामी सोमबारदेखि सञ्चालन हुने भएको छ । पर्यटन बोर्डको सभाहलमा शुक्रबार पत्रकार सम्मेलन तथा चिनियाँ भाषा कक्षाको उद्घाटन गरिएको छ । नेपाल-चीनबिच पर्यटन तथा सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने र नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित 'नेपाली पर्यटन व्यवसायीका लागि आठौं चिनियाँ भाषा प्रशिक्षण कार्यक्रम' सञ्चालन हुने जानकारी गराइएको हो । पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास र नेपाल-चीन सांस्कृतिक तथा शैक्षिक परिषद्को सहकार्यमा कक्षा सञ्चालन हुनेछ । ६ महिने चिनियाँ भाषा प्रशिक्षणमा करिब ८० जना पर्यटन व्यवसायी तथा सरकारी कर्मचारी सहभागी हुने भएका छन् । कार्यक्रमको उद्घाटन समारोहलाई सम्बोधन गर्दै पर्यटन मन्त्रालयका सचिव मुकुन्द निरौलाले चिनियाँ भाषा प्रशिक्षण कार्यक्रमले नेपाल-चीन सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गरे ।

Khani Khola Hydropower Company Ltd.
Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325
Email: khanikhola.hpcl@gmail.com, Website: www.kkhpcl.com.np

Unaudited Financial Statement for the Third Quarter Ended 30 Chaitra 2082
Statement of Financial Position as on 30 Chaitra, 2082

Amount in NRS.

Particulars	This Quarter Ending Chaitra End 2082	Previous Quarter Ending Poush End 2082	Corresponding Previous Year Quarter End Chaitra 2081
Equity and Liabilities			
Equity Share Capital	931,428,600	931,428,600	465,714,300
Reserve & Surplus	(106,438,273)	(101,358,121)	(139,877,448)
Medium and Long Term Loan			
Long Term Loans	605,062,833	617,640,396	744,230,046
Current Liabilities			
Short Term Loans	29,903	29,903	166,436,882
Trade and Other Payables	55,848,394	57,755,103	112,199,652
Equity and Liabilities	1,485,931,457	1,505,495,881	1,348,703,432
Assets			
Non Current Assets			
Property, Plant & Equipments	1,014,516,058	1,024,179,319	885,531,515
Investment	8,000	8,000	8,000
Current Assets			
Advances, Deposits & Receivables	430,119,330	441,150,963	449,192,249
Cash & Cash Equivalents	41,288,069	40,157,598	13,971,668
Total Assets	1,485,931,456	1,505,495,881	1,348,703,432

Statement of Profit or Loss and Other Comprehensive Income for the period ended on 30 Chaitra , 2082

Particulars	This Quarter Ending Chaitra End 2082	Previous Quarter Ending Poush End 2082	Corresponding Previous Year Quarter End Chaitra 2081
Revenue	86,572,439	63,599,868	56,043,456
Sale of Energy	86,572,439	63,599,868	56,043,456
Interest Income	-	-	-
Expenses	23,524,226	14,220,900	19,653,071
Administrative Expenses	23,524,226	14,220,900	19,653,071
Operating Profit/ (Loss)	63,048,213	49,378,968	36,390,385
Bank Interest expenses	42,697,264	33,086,209	56,516,173
Depreciation	34,906,155	23,226,118	29,087,644
Profit / (Loss) before Tax and Bonus	(14,555,206)	(6,933,360)	(49,213,432)
Profit/ (Loss) before Tax	(14,555,206)	(6,933,360)	(49,213,432)
Less: Tax	-	-	-
Net Profit/ (Loss)	(14,555,206)	(6,933,360)	(49,213,432)

Third Quarter Disclosure as of 30 Chaitra 2082 (13 April 2026)
As per securities registration and issuance regulation Annex-XIV

1. Financial Statements

Financial Highlights	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Basic Earning Per Share	(1.56)	(0.74)	(10.57)
Closing Market Value Per Share (in Rs)	287.40	219.90	341.4
Net worth Per Share (in Rs)	88.57	89.12	69.96
Price Earning (P/E Ratio)	(183.92)	(295.41)	(32.30)
Current Ratio	8.44	8.33	4.13

२. **व्यवस्थापकिय विश्लेषण:**
यस संस्थाको मौज्दात तथा तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुसार कार्यहरु हुदैछन् । २०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढिले आयोजनामा परेको क्षतिले आयोजनाहरु भाद्र मसान्त २०८२ बाट मात्र संचालनमा आएको हुँदा आम्दानीमा असर परेको छ । **हाल दुबै आयोजनहरुको बाढीले क्षति पुराएको संरचनाहरुको मर्मत कार्यहरु सम्पन्न भई मिति २०८२ भाद्र ३१ गते बाट विद्युत उत्पादन शुरु भईसकेको छ ।**

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**
यस संस्थाले वा संस्थाको, संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध तथा आर्थिक अपराध गरेको सम्बन्धी कुनै कानुनी कारवाहीको विवरण तथा मुद्दा दायर भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:**
धितोपत्र बजारमा यस कम्पनीको शेयर कारोवार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या यस प्रकार छ ।

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मूल्य (रु)	शेयरको अन्तिम मूल्य (रु)	कारोवार भएको कुल दिन	कारोबार संख्या (शेयर संख्या)	(Sources) http://nepalstock.com.np
३४०.५०	२१५.६०	२८७.४०	५३	१४६०८३१९	

५. **समस्या, चुनौतीः**
गत २०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढिले संचालनमा रहेको दुबै आयोजनहरु (दुगुन ठोस्ने-४.३६ मे.वा. र खानीखोला-२ मे.वा.) को दुईवटै ड्याम, हेडरेस पाईप, पेनस्टक पाईप, दुई वटै पावर हाउस, स्वीचयार्ड र ट्रान्मिसन लाईनमा क्षति भई दुबै आयोजनाहरुको उत्पादन बन्द रहेकोमा **हाल दुबै आयोजनहरुको बाढीले क्षति पुराएको संरचनाहरुको मर्मत कार्यहरु सम्पन्न भई मिति २०८२ भाद्र ३१ गते बाट विद्युत उत्पादन शुरु भईसकेको छ ।**

६. **संस्थागत सुशासनः**
कम्पनीको संस्थागत सुशासन कायम राख्न व्यवस्थापन तथा संचालक समिति सदा प्रतिवद्ध रहेको छ । प्रचलित कानुन र नियमन निकायबाट जारी भएका सुशासन सम्बन्धी व्यवस्थाहरु तथा निर्देशिकाहरु पुर्णरुपमा पालना गरीएको छ । कम्पनी ऐन २०६३ को प्रावधान वमोजिम लेखा परिक्षण समिति गठन गरिएको छ आन्तरिक लेखा परिक्षणको व्यवस्था छ ।

७. **कार्यकारी प्रमुखको उद्घोषणः**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पुर्णतामा आधारित छन्,भनि विश्वास लिएको छु र लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाएको छैन भन्ने कुरामा पनि विश्वस्त छु ।

Maya Khola Hydropower Company Limited
Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4536325
Email: mayakhola.hpcl@gmail.com, Website: www.mkhpcl.com.np

Balance Sheet as on Chaitra 30, 2082 (Unaudited)

(NPR '000)

Particulars	This Quarter ending As at 30 Chaitra, 2082	Previous Quarter ending As at 30 Poush, 2082	Crroesponding Previous Quarter ending As at 31 Chaitra, 2081
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	3,032,449	3,060,385	3,144,057
Investment in equity Instruments	-	-	61,701
Total Non-Current Assets	3,032,449	3,060,385	3,205,758
Current Assets:			
Deposits and Margins	6,565	6,565	3,663
Advance and Receivables	32,369	34,028	40,773
Sundry Debtors	43,855	51,778	16,026
Cash & Bank Balance	7,829	12,553	3,731
Total Current Assets	90,618	104,925	64,194
Total Assets	3,123,066	3,165,310	3,269,952
Equity and Liabilities			
Equity			
Share Capital	1,000,000	1,000,000	1,000,000
Reserve and Surplus	(368,485)	(353,916)	(381,396)
Total Equity	631,515	646,084	618,604
Non-Current Liabilities:			
Long Term Loan	2,297,856	2,310,913	2,278,790
Deferred Tax Liability	-	-	11,246
Total Non-Current Liabilities	2,297,856	2,310,913	2,290,036
Current Liabilities:			
Trade and Other Payables	163,695	168,313	286,312
Short Term Loan	30,000	40,000	75,000
Total Current Liabilities	193,695	208,313	361,312
Total Equity and Liabilities	3,123,066	3,165,310	3,269,952

Profit & Loss Accounts for the period ended Chaitra 30, 2082 (Unaudited)

Particulars	This Quarter ending As at 30 Chaitra, 2082	Previous Quarter ending As at 30 Poush, 2082	Crroesponding Previous Quarter ending As at 31 Chaitra, 2081
Revenue from Operations	296,962	230,806	245,719
Less: Direct Expenses	-	-	-
Gross Profit	296,962	230,806	245,719
Add: Other Income	5,069	5,069	600
Less: Operating & admin Expenses	35,923	25,372	35,948
Operating Profit/(Loss)	266,107	210,503	210,371
Financial Costs	133,412	96,128	161,443
Depreciation	99,229	66,043	98,172
Profit Before Bonus & Tax	33,466	48,332	(49,244)
Provision for Staff Bonus	669	967	-
Net Profit before Tax	32,797	47,365	(49,244)
Income Tax	3,547	3,547	-
Net Profit after Tax	29,250	43,818	(49,244)

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडको

आ.व. ०८२/०८३ को तेश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**
क) **तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण** यसै साथ संलग्न गरिएको छ ।
ख) **प्रमुख वित्तीय अनुपातहरुः**

प्रति शेयर आम्दानी	प्रतिशेयर नेटवर्थ रु.	तरलता अनुपात	शेयरको बजार मूल्य रु	प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.)
३.९९	६३.२२	०.४७	३४४.७०	३९२.३१

२ **व्यवस्थापकिय विश्लेषण**
यस आयोजना निर्माण सम्पन्न भई मिति २०८०/०३/२२ गतेबाट COD भई व्यापारिक उत्पादन सुरु भएको छ ।

३ **कानुनी कारवाही सम्बन्धी विवरण**
यस कम्पनी वा यसका संस्थापक वा संचालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोवार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको ।

४. **संगठीत संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**
यस कम्पनीको तेश्रो त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण यस प्रकार रहेको छ ।

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मूल्य (रु)	शेयरको अन्तिम मूल्य (रु)	कारोवार भएको कुल दिन	कारोबार संख्या (शेयर संख्या)	कारोबार रकम (रु.)
३८१.५०	३१०.७०	३४४.७०	५३	२,८१०,०६४	९५१,१५४,७९६

५. **समस्या र चुनौती**
यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या र चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैविक प्रकोपको चुनौती सधै रहिरहने हुन्छ । नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ ।

६. **संस्थागत सुशासन**
कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरु न्यूनिकरण गर्न समयानुकुल नीति निर्देशिकाहरु सञ्चालन समितिले पारित गरी लागू गर्दै आएको छ । साथै प्रचलित कानुन, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखा परीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष कार्यकारीरप्रमुखको उदघोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

सताको बजार

४१.५७ अंकले बढ्यो सेयर बजार

■ यो साताको सेयर बजार परिसूचक

बार	परिसूचक	कारोबार मूल्य (रुपैयाँ)
शुक्रबार	२,७४५.६५	३,२३७,९१४,९६२
बिहीबार	२,७१८.१६	२,८८०,०२५,०१७.५०
बुधबार	२,७११.२२	३,१५६,०१०,४३८.७०
मंगलबार	२,७१२.८६	३,३९१,६२६,७९२.३०
सोमबार	२,७०४.०८	४,१६८,६५९,७४७.३०



नयाँ पत्रिका

साताभरमा सेयर बजार परिसूचक ४१.५७ अंकले बढेको छ । साताको पहिलो कारोबार दिन सोमबार ३४.६३ अंकले बढेर २७०४.०८ विन्दुमा पुगेको बजार परिसूचक अन्तिम कारोबार हुने दिन शुक्रबार २७४५.६५ विन्दुमा पुगेको छ । मंगलबार ८.७८ अंकले बढेर परिसूचक २७१२.८६ विन्दु पुगेको थियो । त्यसपछि बुधबार १.६४ अंकले घटेर २७११.२२ विन्दु कायम भएको थियो । बिहीबार परिसूचक ६.९४ अंकले बढेर २७१८.१६ विन्दु पुग्यो । शुक्रबार २७.४९ अंकले बढेर २७४५.६५ विन्दु काम भएको छ ।

साताभरमा सर्वाधिक कारोबार सोमबार भएको थियो । सो दिन चार अर्ब १६ करोड रुपैयाँको कारोबार भएको छ । न्यून कारोबार बिहीबार भएको थियो । सो दिन दुई अर्ब ८८ करोडको कारोबार भएको थियो । बजार पुँजीकरण ४६ खर्ब ८२ अर्ब ८६ करोड रुपैयाँ कायम भएको छ ।

■ उतारचढावबिच बढ्यो सुनचाँदीको मूल्य



यो साता नेपाली बजारमा सुनचाँदीको मूल्य उतारचढावबिच बढेको छ । साताको पहिलो दिन आइतबार सुनको मूल्य प्रतितोला दुई लाख ९५ हजार एक सय रुपैयाँ रहेकोमा साताभर उतारचढाव हुँदै शुक्रबार आइपुग्दा प्रतितोला दुई लाख ९९ हजार नौ सय रुपैयाँ कायम भएको छ । शुक्रबारको भाउ आइतबारको तुलनामा तोलामा चार हजार आठ सय रुपैयाँ बढी हो । सोमबार सुन तोलामा दुई लाख ९४ हजार आठ सय रुपैयाँ पुगेको थियो । मंगलबार दुई लाख ९१ हजार कायम भयो । बुधबार दुई लाख ९६ हजार आठ सय र बिहीबार दुई लाख ९८ हजार ६ सय रुपैयाँ पुगेको थियो । अन्तिम दिन शुक्रबार भने सुन तोलामा दुई लाख ९९ हजार नौ सय रुपैयाँ कायम रह्यो ।

भूराजनीतिक अस्थिरता कायमै रहनु, केन्द्रीय बैंकहरूले सुन खरिद कार्य जारी नै राख्नु, बढ्दो मुद्रास्फीति एवं अन्तर्राष्ट्रिय सेयर बजारमा बढ्दो अनिश्चिततालगायतका कारणले सुनचाँदीको मूल्य अन्तर्राष्ट्रिय बजारमा केही बढ्न पुगेको विश्लेषकको भनाइ छ । नेपाली बजारमा त्यसैको प्रभाव परेको सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

यो साता चाँदीको मूल्य पनि बढेको छ । साताको पहिलो दिन आइतबार प्रतितोला पाँच हजार १० रुपैयाँ कायम रहेको चाँदीको भाउ शुक्रबार आइपुग्दा बढेर प्रतितोला पाँच हजार दुई सय ७५ रुपैयाँ कायम रहेको छ । समग्रमा साताभर चाँदी प्रतितोला दुई सय ६५ रुपैयाँ बढेको हो ।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

नयाँ पत्रिका

इयू टी–२० लिगमा नेपालका नौ खेलाडी

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय टोलीका आक्रामक ब्याट्सम्यान लोकेश बमले बेल्जियममा हुने इयू टी–२० लिग क्रिकेट खेल्ने भएका छन्। इयू टिम एन्टवर्प एड्कर्सले लोकेशलाई अनुबन्ध गरेको शुक्रबार सामाजिक सञ्जालबाट जानकारी दिएको छ। रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, आसिफ शेख, अनिलकुमार शाह, ललित राजवंशी, इसान पाण्डे र गुल्सन झाले पहिलोपटक बेल्जियममा आयोजना हुन लागेको टी–२० फ्रेन्चाइज लिग खेल्न लागेका हुन्। लिग आगामी ६ देखि १४ जुनसम्म आयोजना हुँदै छ।



लोकेश बम (एन्टवर्प एड्कर्स)

लोकेशले एन्टवर्प एड्कर्ससँग आगामी सिजन खेल्ने सम्झौता गरेका छन्। डोनाभान मिलर मुख्य प्रशिक्षक रहेको एड्कर्समा आन्द्रे रसेल, मार्टिन गप्टिल, डेविड विसे र रुबेन ट्रम्पलम्यानजस्ता चर्चित खेलाडी छन्। गत मार्चमा भएको खेलाडी ड्राफ्टबाट उनीहरूलाई एड्कर्सले अनुबन्ध गरेको हो। पछिल्लो समय अन्तर्राष्ट्रिय क्रिकेट र एनपिएलमा गरेको प्रदर्शनका आधारमा लोकेशको चर्चा बढ्दै गएको छ। लोकेशले नेपालका लागि २३ टी-२० अन्तर्राष्ट्रिय खेलमा दुई सय १५ रन बनाएका छन्।

आसिफ शेख (एन्टवर्प एड्कर्स)

आसिफ नेपाली क्रिकेटका सदाबहार विकेटकिपर हुन्। यो आधा दशक उनले नियमित रूपमा नेपालको ओपनिङ गर्दै आएका छन्। २४ वर्षीय आसिफले घरेलु प्रतियोगितामा विभागीय टोली नेपाल एपिएफबाट खेल्छन्। नेपाल प्रिमियर लिग (एनपिएल)मा उनले जनकपुर बोल्ट्सबाट प्रतिस्पर्धा गरेका छन्। एनपिएलको पहिलो सिजनमा जनकपुर च्याम्पियन हुँदा उनले उत्कृष्ट प्रदर्शन गरेका थिए। सन् २०२१ मा उनले नेदरल्यान्ड्सविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। त्यसयता टी-२० आईमा उनले ७२ खेल खेल्दा १७ सय रन जोडेका छन्।

रोहित पौडेल (ग्लाडिअटर्स)

नेपाली राष्ट्रिय क्रिकेट टोलीका सर्वाधिक सफल कप्तान रोहित हुन्। नेपाल क्रिकेट संघ (क्यान)ले एकदिवसीय र टी-२० फर्म्याटमा फरक कप्तान चयन गर्दा उनले स्थान बनाउन सकेनन्। क्यानले रोहितलाई अहिले एकदिवसीय फर्म्याटको कप्तानी मात्र जिम्मेवारी दिएको छ। यद्यपि, रोहितकै कप्तानमा नेपालले लगातार दुईपटक टी-२० विश्वकप खेलेको थियो। रोहितले बेल्जियम लिगमा ग्लाडिअटर्सबाट खेल्नेछन्। यस टोलीमा इंग्ल्यान्डका जेम्स भेन्सदेखि दक्षिण अफ्रिकाका टेम्बा बभुमा, अफगानिस्तानका वाकर सलामखेल छन्। २३ वर्षीय रोहितले नेपालबाट ८० टी-२० आईमा १७ सय बढी रन बनाएका छन्। उनकै उत्कृष्ट प्रदर्शन र कुशक कप्तानीमा लुम्बिनी लायन्सले दोस्रो एनपिएलको उपाधि जितेको थियो।

सन्दीप लामिछाने (लिंगे रेड लायन)

नेपाली खेलाडीमध्ये सबैभन्दा धेरै अन्तर्राष्ट्रिय फ्रेन्चाइज लिग खेल्ने सन्दीप हुन्। उनीसँग इन्डियन प्रिमियर लिग, अस्ट्रेलियाको विगवास, क्यारेबियनजस्ता लिग खेलेको अनुभव छ। सन्दीप पनि लिंगे रेड लायनबाट इयू टी-२० लिग खेल्दै छन्। यस टोलीमा अस्ट्रेलियन क्रिस लिन, बेन डकसँगै, दक्षिण अफ्रिकाका फाफ डु प्लेसिस, अमेरिकाका हर्मित सिंह, वेस्ट इन्डिजका ओवेड म्याककोय छन्। २५ वर्षीय सन्दीप आइपिएलमा दिल्लीबाट खेल्ने एक मात्र नेपाली खेलाडी हुन्। घरेलु लिगमा उनी विराटनगर किंग्समा आबद्ध छन्। उनले नेपालबाट ७४ टी-२० आईमा एक सय ३६ विकेट लिएका छन्।

अनिलकुमार शाह (जेबी ब्रुगस)

अनिल ओपनिङ गर्छन्। २७ वर्षीय अनिलले राष्ट्रिय टोलीको पहिलो रोजाइबाट खेल्न निकै संघर्ष गरिरहेका छन्। दायाँहाते ब्याट्सम्यान तथा विकेटकिपर अनिलले सन् २०१८ देखि नेपाली टोलीबाट खेल्न थालेका हुन्। नेदरल्यान्ड्सविरुद्ध उनले डेब्यु गरेका थिए। उनले १४ अन्तर्राष्ट्रिय टी-२० खेलमा दुई सय रनमाथि बनाएका छन्। उनी घरेलु क्रिकेटमा मधेश र जनकपुर बोल्ट्सबाट खेल्दै आएका छन्।

दीपेन्द्रसिंह ऐरी (जेबी ब्रुगस)

पछिल्लो समयमा दीपेन्द्र अन्तर्राष्ट्रिय फ्रेन्चाइज टोलीका नजरमा परेका छन्। शुक्रबारै मात्र उनी युरोपियन टी-२० प्रिमियर लिगमा आबद्ध भएका थिए। उनी पनि इयू टी-२० लिगमा आबद्ध छन्। उनी जेबी ब्रुगसमा आबद्ध छन्। रमाइलो पक्ष के छ भने यस टोलीमा दीपेन्द्रसँगै गुल्सन झा, इसान पाण्डे, अनिल शाह र ललित राजवंशी पनि छन्। अलराउन्ड प्रदर्शनमा उत्कृष्ट क्षमता देखाउने दीपेन्द्रले यसै महिना सकिएको प्रधानमन्त्री कप खेलेनन्। प्रधानमन्त्री कप चलिरहँदा उनी पाकिस्तानको पिएसएल खेल्न इस्तानबुल युनाइटेडमा अनुबन्ध भएका थिए। यद्यपि, उनले एक खेल पनि खेलेनन्। २६ वर्षीय अलराउन्डर दीपेन्द्रले ९६ टी-२० आईमा २१ सयमाथि रन बनाएका छन्।

गुल्सन झा (जेबी ब्रुगस)

गुल्सन नेपाली क्रिकेटका युवा अलराउन्डर हुन्। ब्याटिङ र बलिङमा उनको प्रदर्शन एकनास बन्दै गएको छ। उनी घरेलु क्रिकेट नेपाल पुलिस र एनपिएलमा कर्णाली याक्समा आबद्ध छन्। २० वर्षीय गुल्सनले लगातार दुईपटक टी-२० विश्वकप खेलेका थिए। बायाँहाते ब्याट्सम्यान गुल्सनले सन् २०२२ मा नेपाली टोलीबाट डेब्यु गरेका थिए। उनले ५७ टी-२० आई खेल्दा ६ सयभन्दा बढी रन तथा २९ विकेट लिइसकेका छन्।

इसान पाण्डे (जेबी ब्रुगस)

इयू टी-२० लिगको अक्सनमा इसान जेबी ब्रुगसमा आबद्ध भएका थिए। २८ वर्षीय इसानले राष्ट्रिय टोलीबाट खेल्न निकै संघर्ष गरिरहेका छन्। घरेलु लिगमा उत्कृष्ट प्रदर्शन गरे पनि उनले राष्ट्रिय टोलीबाट डेब्यु अवसर पाएका छैनन्। पछिल्लो समय उनले बागमती प्रदेश र सुदूरपश्चिम रोयल्सबाट घरेलु प्रतियोगिता खेल्दै आएका छन्। सुदूरपश्चिम लगातार दोस्रोपटक नेपाल प्रिमियर लिगको फाइनलमा पुग्दा इसानले ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरेका थिए। यद्यपि, उनले टोलीलाई उपाधि दिलाउन सकेका छैनन्।

ललित राजवंशी (जेबी ब्रुगस)

बायाँहाते २७ वर्षीय स्पिनर ललितले पनि पहिलोपटक आयोजना हुन लागेको बेल्जियमको लिग खेल्दै छन्। अक्सनमा उनलाई जेबी ब्रुगसले अनुबन्ध गरेको थियो। ललितले नेपालको एकदिवसीय तथा टी-२० आईमा गतिलो प्रदर्शन गर्दै आइरहेका छन्। नेपालको प्रमुख स्पिनरका रूपमा उनी लगातार सिनियर टोलीमा छन्। उनले सन् २०१९ मा युएईसँग खेल्दै नेपाली टोलीबाट डेब्यु गरेका थिए। उनले ३८ टी-२० आईमा ३६ विकेट लिएका छन्।

नेपाल 'ए'सँग अमेरिका तीन विकेटले पराजित

नयाँ पत्रिका

नेपालको राष्ट्रिय 'ए' टोलीले लगातार दोस्रो अभ्यास खेलमा सानदार जित निकालेको छ। मूलपानी क्रिकेट मैदानमा नेपाल 'ए' टोलीले आइसिसी विश्वकप लिग-२ मा प्रतिस्पर्धा गर्न आएको अमेरिकाको सिनियर टोलीलाई तीन विकेटले पाखा लगाएको छ। नेपालले पहिलो अभ्यास खेलमा स्कटल्यान्डलाई ४५ रनले हराएको थियो। अभ्यास खेलमा शुक्रबार पहिलो ब्याटिङ गरेको अमेरिकाले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै दुई सय ६२ रन बनाएको थियो। प्रत्युत्तरमा नेपाल 'ए'ले ४९.१ ओभरमा सात विकेट गुमाएर दुई सय ६३ रन बनायो। नेपालको जितमा मयन यादवले अर्धशतकीय योगदान दिए। अमेरिकाका स्मित पटेलको शतकीय इनिङ्स छायामा पऱ्यो। अब, नेपालले शनिबार स्कटल्यान्डको सामना गर्नेछ। नेपाल, स्कटल्यान्ड र अमेरिकाबिच १२ मेबाट आइसिसी विश्वकप लिग-२ सिरिज हुँदै छ। नेपाल कमजोर अवस्थामा रहँदा अमेरिका ३६ अंकसहित शीर्ष स्थानमा छ। स्कटल्यान्ड ३४ अंकसहित दोस्रो स्थानमा छ। लक्ष्य पछ्याउने क्रममा नेपालले २६.३ ओभरमा एक सय २४ रन जोड्दा चार विकेट गुमाएको थियो। मयनले सम्हालिएको इनिङ्स खेल्दै नेपाललाई जित दिलाए। उनले कुशल मल्लसँग बलियो साझेदारी गरे। मयनले ८० बलमा चार चौका र दुई छक्काको सहयोगमा सर्वाधिक ७२ रन बनाए।



उनले पाँचौं विकेटका लागि कुशलसँग ९५ रनको महत्त्वपूर्ण साझेदारी गरेका थिए। कुशलले ४९ बलमा एक छक्कासहित ३३ रन बनाए। अमेरिकाका ओपनर पटेलले १०८ बलमा १० चौका र पाँच छक्काको सहयोगमा सर्वाधिक एक सय १६ रन बनाए। उनीबाहेक अन्य खेलाडीले गतिलो योगदान दिन सकेनन्।

GHALEMDI HYDRO LIMITED
Banasthali, Kathmandu, Nepal
Phone: 015902520, Email: info@ghalemdi.com

UNAUDITED STATEMENT OF FINANCIAL POSITION
As at 30th Chaitra 2082 (13th April, 2026)

NPR

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
	Chaitra End, 2082	Poush End, 2082	Chaitra End, 2081
Assets :			
Non Current Assets :			
Property, Plant & Equipment (Net Block)	5,017,214.95	5,135,592.95	5,354,508.95
Right Of Use - Assets	1,781,131.79	1,800,283.79	1,857,739.79
Intangible Assets	1,277,024,353.86	1,290,940,703.34	1,314,158,876.63
Investment			
Fixed deposit	-	-	250,000,000.00
Sangrila Urja ltd.	920,000,000.00	910,000,000.00	657,000,000.00
Current Assets :			
Financial Assets		**887,364.26**	
Cash & Cash Equivalents	1,469,758.75	18,488,880.29	16,160,003.21
Sundry Debtors	11,000,145.55	8,991,771.78	11,647,999.29
Other Financial Assets	15,345,353.12	9,384,503.05	18,739,724.38
Other Current Assets	30,928,796.75	21,544,293.70	27,964,970.83
Total Assets	**2,262,566,754.77**	**2,267,173,393.16**	**2,302,883,823.08**
Capital & Liabilities :			
Share Capital & Reserve:			
Share Capital	1,650,000,000.00	1,650,000,000.00	1,650,000,000.00
Reserve & Surplus	(262,815,461.43)	(253,233,195.08)	(234,108,148.30)
Share premium	181,503,978.00	181,503,978.00	181,503,978.00
Non Current Liabilities :			
Long Term Borrowings	663,475,526.25	670,956,894.25	692,494,164.25
Short Term Borrowings	25,549,206.37	13,613,862.95	2,712,437.78
Lease liabilities	2,043,598.95	2,043,598.95	2,188,265.63
Current Liabilities:			
Financial Liabilities			
Trade Payables	1,303,240.27	758,802.77	3,476,013.73
Other Financial Liabilities	714,442.13	794,988.41	383,944.39
Other Current Liabilities	526,912.97	469,151.65	1,298,838.54
Provisions	265,311.26	265,311.26	2,934,329.06
Total Equity & Liabilities	**2,262,566,754.77**	**2,267,173,393.16**	**2,302,883,823.08**

UNAUDITED STATEMENT OF PROFIT OR LOSS

Particulars	This Quarter Ending 30 Chaitra 2082	Previous Quarter Ending Poush End 2082	During the Period from 1st Sharwan 2081 to 30th Chaitra 2081
Income From Sale of Electricity	94,471,621.34	69,747,429.66	86,298,491.60
Interest income	2,191,781.00	2,191,781.00	29,343,288.64
Total Income	**96,663,402.34**	**71,939,210.66**	**115,641,780.24**
Less:			
Cost of Sales	24,282,187.37	21,319,061.07	17,199,264.02
Employee Benefit Expenses	7,975,162.48	5,601,997.58	9,259,259.75
Administrative & General Expenses	7,107,731.49	4,427,826.49	6,969,708.34
Finance Expenses	41,209,784.47	28,973,402.12	57,665,823.23
Depreciation on Right to-use assets	399,113.00	261,583.00	460,554.00
Depreciation & Amortization	41,749,048.44	27,832,698.96	41,393,782.06
Total Expenses	**122,723,027.25**	**88,416,569.22**	**132,948,391.40**
Net Profit/(Loss)	**(26,059,624.91)**	**(16,477,358.56)**	**(17,306,611.16)**
Staff Bonus Provision			
Net Profit Before Tax	(26,059,624.91)	(16,477,358.56)	(17,306,611.16)
Income Tax Provision	547,945.20	547,945.20	7,335,822.09
Net Profit/(Loss) after tax for the period	**(26,607,570.11)**	**(17,025,303.76)**	**(24,642,433.25)**

Note :
The figures are regrouped and rearranged where necessary.
Financial Statements are prepared in accordance with the applicable Nepal Financial Reporting Standards(NFRS).
The unaudited financial figures are subject to change from external auditors and regulatory authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ (अनुसूची-१४, उपनियम (१) सँग सम्बन्धित)
आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

१) वित्तिय विवरण

क) आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि वित्तिय विवरण यसै साथ संलग्न गरिएको छ।

ख) आर्थिक वर्ष २०८२/०८३ को चैत्र मसान्त को तेस्रो त्रैमासीक अवधि सम्म रु.९,४४,७१,६२१।३४ बराबरको विद्युत उत्पादन गरि नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरि आम्दानी गरेको छ र र मुद्धती बाट ब्याज आम्दानी २१,९१,७८१।०० गरि कुल ९,६६,६३,४०२।३४ रुपैया आम्दानी गरेको छ।

ग) उक्त वासलातको आधारमा कम्पनिको प्रमुख वित्तिय अनुपात निम्नानुसार छ।

प्रतिशेयर आम्दानी (रु)	(१।६१)	प्रतिशेयर कुल सम्पत्तिको मुल्य (रु)	१३७।१३
प्रतिशेयर नेटवर्थ (रु)	९५।०७	प्रति शेयर बजार मुल्य (रु)	२५८।००
तरलता अनुपात	२०।१९	मुल्य आम्दानी अनुपात	(९४।९४)

२) व्यावसायिक विश्लेषण

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने घटनाहरु:
यस कम्पनीद्वारा निर्माण गरिएको घलेम्दी खोला जलविद्युत आयोजनाको नियमित मर्मत संभार तालिका यस त्रैमासिक भित्र परेको हुँदा खर्चमा वृद्धि भएको।

३) कानुनी कारवाही सम्बन्धि विवरण

क) यस त्रैमासीक अवधिमा यस कम्पनीको संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला दाएर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

ख) कुनै संस्थापक र संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दाएर गरेको वा भएको जानकारी छैन।

४) संस्थाको शेयर कारोवार सम्बन्धमा

धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमनुसार सामान्य प्रकृति बाटै भएको छ। यस त्रैमासीक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम मुल्य, कारोबार संस्था नेपाल स्टक एक्सचेन्ज लि. को वेभासाइट अनुसार निम्न लेखिए बमोजिम रहेको छ।

अधिकतम मुल्य	२९०/-	कारोबार दिन	५३
न्यूनतम मुल्य	२१०।३/-	कारोबार संख्या	४१,१८२
अन्तिम मुल्य	२५८/-	कारोबार शेयर संख्या	१,६४,३४,९८१
कारोबार रकम	४,२०,८४,९०,३५६।८०/-		

५) समस्या र चुनौतिहरु

यस कम्पनीले बहन गर्नु परेको समस्या र चुनौतिहरु विद्युत उत्पादन सम्बन्धि व्यावसायमा संलग्न अरु कम्पनीहरु सरह नै छन्। आईपर्ने समस्या र चुनौति समाधानका उपायहरु बारे संचालक समितिले समय समयमा समिक्षा गरि रणनिति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ।

रोनाल्डोले पूरा गरे साउदी लिगमा सय गोल

सन् २०२३ मा म्यानचेस्टर युनाइटेड छाडेर अल नासरमा आबद्ध भएका रोनाल्डोले तीन सिजनमै साउदी प्रो लिगमा सय गोल गरे

एजेन्सी

पोर्चुगलका स्ट्राइकर क्रिस्टियानो रोनाल्डोले साउदी प्रो लिगमा सय गोल पूरा गरेका छन्। सन् २०२३ मा इंग्लिस क्लब म्यानचेस्टर युनाइटेड छाडेर एसियन क्लब अल नासरमा आबद्ध भएका रोनाल्डोले तीन वर्षभित्र नै साउदी प्रो लिगमा एक सय गोल कोसेढुंगा पार गरेका हुन्। खेलको ७५औँ मिनेटमा अल सबाबविरुद्ध एक गोल गर्दै उनले यो सफलता प्राप्त गरेका हुन्। साउदी प्रो लिगअन्तर्गत शुक्रबार भएको खेलमा अल नासरले अल सबाबलाई ४-२ ले हराएको छ। जितसँगै अल नासरले शीर्ष स्थानमा पाँच अंकको अग्रता लिन सफल भएको छ।

४१ वर्षीय पोर्चुगलका कप्तानसमेत रहेका रोनाल्डोले साडिओ मानेको क्रसमा डिबक्सबाटै उत्कृष्ट गोल गरेका थिए। उनले आफ्नो व्यावसायिक फुटबल करिअरमा ९७१औँ गोल पनि पूरा गर्न सफल भए। साथै, उनको यो यस सिजनमै २६औँ लिग गोल थियो। अल नासरका प्रशिक्षक जोर्ज जिससले डर्बीमा कठिन हुने बताए। पाँचपटकका बालोन डि'अर विजेता रोनाल्डो अझै पनि साउदी प्रो लिग उपाधिबाट विमुख छन्।

अल नासरका प्रशिक्षक जर्जे जेसुसले रोनाल्डोले मैदानमा सधैं अन्य खेलाडीलाई समेत प्रेरित गर्दै प्रतिस्पर्धा गर्ने बताए। 'रोनाल्डोलाई कहिल्यै पनि सुस्त गतिमा हामीले पाएका छैनौं। उनी सधैं आक्रामक रूपमा मैदानमा प्रस्तुत हुनुका साथै गोलका लागि तत्परता देखाइरहन्छन्,' जर्जेले भने, 'अल सबाबविरुद्ध पनि उनले यस्तै प्रदर्शन गरेका छन्।'

प्रतिस्पर्धामा जोआलो फेलिक्सले अल नासरबाट ह्यात्ट्रिक गरे। गत जुलाईमा मात्र उनी इंग्लिस क्लब चेल्सी छाडेर अल नासरमा आबद्ध भएका थिए। महत्त्वपूर्ण जितसँगै अल नासरले ३२ खेलमा ८२ अंक बनाएको छ। यो दोस्रो स्थानमा रहेको अल हिलालविरुद्ध अल नासरले पाँच अंकको अग्रता लिएको हो। तर, लिगमा अल हिलालले अझै तीन खेल खेल्न बाँकी छ। शीर्ष स्थानको अल नासरले दुई खेल मात्र बाँकी छ।

रोनाल्डोलाई उपाधि जित्न एक अंक आवश्यक

रोनाल्डो जहाँ आबद्ध भए, उपाधि जितेका छन्। तर, साउदी प्रो लिगमा भने उनले अहिलेसम्म उपाधि चुम्न सकेका छैनन्। यसपटक उनलाई उपाधि जित्ने अवसर छ। साउदी प्रो लिग लगभग सकिन लागेको छ। अल नासरले महत्त्वपूर्ण पाँच अंकको अग्रता लिएको छ। अल नासरले उपाधि जित्नका लागि केवल एक अंक मात्र जोड्दा काफी हुनेछ। १२ मेमा अल नासरले कडा प्रतिद्वन्द्वी अल हिलालविरुद्ध प्रतिस्पर्धा गर्दै छ। यो खेलमा अल नासरले जित निकाल्दा उपाधि हात पार्नेछ। यससँगै रोनाल्डोले अल नासरलाई उपाधि दिलाउने आकांक्षा पनि पूरा हुनेछ। यसैगरी, १६ मा अल नासरले एसियन च्याम्पियनस लिग-२ को फाइनलमा गाम्बा ओसाकाविरुद्ध प्रतिस्पर्धा गर्नेछ। चार दिनभित्र रोनाल्डोसमक्ष दुईवटा उपाधि जित्ने अवसरसमेत जुरेको छ।



१७ क्लबविरुद्ध गोल

यस सिजनको साउदी प्रो लिगमा रोनाल्डोले सहभागी सबै १७ टोलीविरुद्ध गोल गरेका छन्। जुन साउदी प्रो लिगमा एक किसिमको रेकर्ड हो। एकै सिजनमा सहभागी १७ क्लबविरुद्ध नै गोल गर्ने रोनाल्डो पहिलो खेलाडी हुन्। उनले सबैभन्दा बढी गोल अल सबाबविरुद्ध गरेका छन्। उनले यस क्लबविरुद्ध सात गोल गरेका छन्। समग्र प्रतियोगितामा भने उनले यस क्लबविरुद्ध नौ खेलमा आठ गोल र एक असिस्ट गरेका छन्।

■ बागमती गोल्डकप

उपाधिका लागि भिड्दै आज चित्लाङ र बागमती

मकवानपुरमा पोष्टराज अधिकारी

चित्लाङ एफसी र बागमती युवा क्लबले शनिबार आठौं बागमती गोल्डकप फुटबल प्रतियोगिताका लागि प्रतिस्पर्धा गर्दै छन्। चित्लाङ पहिलो प्रयासमा फाइनल पुगेको टोली हो। दुवै टोलीका कप्तान र प्रशिक्षकले उपाधिमाथि दाबी गरेका छन्। उनीहरूले उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रने बताए।

चित्लाङले बागमती गोल्डकपमा प्रभावशाली प्रदर्शन गर्दै फाइनल स्थान पक्का गरेको हो। उसले प्रिक्वार्टरफाइनलमा विभागीय टोली एपिएफलाई हराएको थियो। चित्लाङले क्वार्टरफाइनलमा पूर्वविजेता मच्छिन्द्र एफसीलाई स्तब्ध बनाएको थियो। फाइनल प्रवेशको खेलमा नवजनजागृति युवा क्लब सिमरामाथि ५-१ को फराकिलो जित निकाली चित्लाङ पहिलोपटकको प्रयासमा अन्तिम दुईमा पुग्यो।

चित्लाङको विपरीत बागमतीले भने फाइनल स्थान बनाउन कडा प्रतिद्वन्द्वीलाई निराश बनाएको थियो। बागमतीले सुरुमा आयोजक बागमती खेलकुद विकास समितिलाई हराउँदै क्वार्टरफाइनल स्थान बनायो। त्यसपछि चर्च ब्वाइज युनाइटेडलाई हराएर बागमतीले सेमिफाइनलको स्थान पक्का गऱ्यो।

बागमतीले फ्रेन्ड्स क्लबलाई टाइब्रेकरमा ५-४ ले पाखा लगायो। चित्लाङका प्रशिक्षक सुमन श्रेष्ठले सबै खेलाडीले लयमा उत्कृष्ट खेलिरहेको जनाए। 'अनुभवी तथा विदेशी खेलाडीको मिश्रणमा टोली बलियो छ,' श्रेष्ठले भने, 'फाइनलमा हामी आक्रामक रणनीतिका साथ प्रतिस्पर्धा गर्छौं।'

उनकै प्रशिक्षणमा चर्च ब्वाइजलाई उनले घरेलु प्रतियोगितामा उपाधि दिलाएका थिए। अहिले राष्ट्रिय खेलकुद परिषद् (राखेप) बाट अखिल नेपाल फुटबल संघ निलम्बनमा छ। जसका कारण उनी अहिले चित्लाङ एफसीसँग जोडिएका हुन्। चित्लाङका कप्तान सकल रेग्मीले ट्रफी जितेरै फर्किने बताए। 'हामी जितकै लागि खेल्छौं,' रेग्मीले भने, 'समर्थकलाई खुसी दिने लक्ष्य छ।'

बागमती युवाका अफिसियल विश्वराज लामिछानेले उपाधि भिडन्तमा गल्ती नहुने बताए। 'अहिले खेलमा हामीले धेरै गल्ती गऱ्यौं। यद्यपि, हामीले ती गल्तीमाथि जित निकाली उपाधिनजिक पुग्यौं,' लामिछानेले भने।

१ जेठमा १० किमि दौड

काठमाडौं/ राष्ट्रिय युवासंघ नेपालको आयोजनामा आगामी १ जेठमा पुरुष १० किमि रन हुने भएको छ। संघको ३७औँ दिवसको अवसरमा दौड दशरथ रंगशालामा हुने आयोजकले जनाएको छ। दौड त्रिपुरेश्वरबाट सुरु भएर तीनकुने हुँदै पुनः रंगशालामा पुगेर सकिने संघका अध्यक्ष महाराज गुरुङले बताए। उनले पाँच सयदेखि हजारजनाको सहभागिता रहने बताए। खुला दौड भएकाले राष्ट्रियस्तरका खेलाडीदेखि राष्ट्रिय युवासंघका सदस्य सहभागी हुनेछन्। प्रतियोगितामा शीर्ष पाँच स्थानमा रहने खेलाडीका लागि पुरस्कारको व्यवस्था छ। दौडमा पहिलो हुनेले ५० हजार रुपैयाँ पाउनेछन्। उपविजेताले ४० हजार र तेस्रोले ३० हजार रुपैयाँ हात पार्नेछन्। संघका अध्यक्ष गुरुङले अर्को वर्षदेखि महिला खेलाडीको इभेन्ट्स पनि समावेश गरिने बताए।

सवारी तथा दुवानी साधन आयात गर्ने कम्पनीको अधिकतम खुद्र मूल्य (MRP) सूची
MAXIMUM RETAIL PRICE (MRP) LIST OF VEHICLE AND TRANSPORT IMPORTER COMPANIES

Distributor's Name : **JAGDAMBA MOTORS PVT. LTD.**
Address : Naxal, Kathmandu | Contact Number : 01-4523733
Exim Code : 3045671400132NP | VAT No : 304567140

JAGDAMBA MOTORS TVS

S. N.	Vehicle Details	Shape/Size	Brand	Model	Motor Capacity	Battery Capacity	Country of Origin	Per Unit Cost	(MRP in NPR)
1	TVS IQUBE ELECTRIC S	2 Wheeler	TVS	TVS IQUBE ELECTRIC SMARTXONNECT	4.63kw (Peak)	3.47kw RATED	INDIA	3,39,900	3,39,900
2	TVS IQUBE ELECTRIC SMARTXONNECT 11	2 Wheeler	TVS	TVS IQUBE ELECTRIC SMARTXONNECT 11	4.7kw (Peak)	3.41kw RATED	INDIA	3,14,900	3,14,900
3	TVS King EP4	3 Wheeler	TVS	TVS King EP4	11 kw (Peak)	7.2 kw RATED	INDIA	8,59,900	8,59,900
4	TVS KING GD 225LC BS VI FI	3 Wheeler	TVS	TVS KING GD 225LC FI	225.8 CC		INDIA	6,34,900	6,34,900
5	TVS KING GS+ 200CC FI BS VI	3 Wheeler	TVS	TVS KING GS+ FI	199.26 CC		INDIA	5,99,900	5,99,900
6	TVS NTORQ 125 RACE XP BS VI -Black	2 Wheeler	TVS	TVS NTORQ 125	124.8CC		INDIA	3,34,900	3,34,900
7	TVS NTORQ 125 RACE XP BS VI -RED	2 Wheeler	TVS	TVS NTORQ 125	124.8CC		INDIA	3,33,900	3,33,900
8	TVS NTORQ125 RE DISC BS VI	2 Wheeler	TVS	TVS NTORQ 125	124.8CC		INDIA	3,15,900	3,15,900
9	TVS NTORQ 125 DISC BS VI	2 Wheeler	TVS	TVS NTORQ 125	124.8CC		INDIA	2,93,900	2,93,900
10	TVS APACHE RTR 1602V BT BSVI OBD2B	2 Wheeler	TVS	TVS APACHE RTR 160 2V	159.7CC		INDIA	3,53,900	3,53,900
11	TVS APACHE RTR 160CC 4V BSVI SE	2 Wheeler	TVS	TVS APACHE RTR 160 4V	159.7CC		INDIA	3,94,900	3,94,900
12	TVS RAIDER DISC 125 CC SX IGO BS VI	2 Wheeler	TVS	TVS RAIDER	124.8CC		INDIA	3,15,900	3,15,900
13	TVS RAIDER – BS VI DISC 125	2 Wheeler	TVS	TVS RAIDER	124.8CC		INDIA	3,05,900	3,05,900
14	TVS RONIN 225CC TOP BS VI	2 Wheeler	TVS	TVS RONIN	225.9CC		INDIA	4,69,900	4,69,900
15	TVS RONIN 225CC BASE BS VI	2 Wheeler	TVS	TVS RONIN	225.9CC		INDIA	4,29,900	4,29,900

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com